
असार - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २८, अङ्क ५ | **२०७६, असार १-१५** | पूर्णाङ्क ६४७


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोखरेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ७ | इजलास नं. १० | ४ |
| इजलास नं. १ | २ | इजलास नं. ११ | २ |
| इजलास नं. २ | ५ | इजलास नं. १२ | ५ |
| इजलास नं. ३ | १४ | इजलास नं. १३ | २ |
| इजलास नं. ४ | ३ | इजलास नं. १४ | २ |
| इजलास नं. ५ | २१ | इजलास नं. १५ | ४ |
| इजलास नं. ६ | ४ | इजलास नं. १६ | १ |
| इजलास नं. ७ | ३ | एकल इजलास | २ |
| इजलास नं. ८ | १ | | |
| इजलास नं. ९ | ४ | | |
| जम्मा | ६४ | जम्मा | २२ |

कूल जम्मा ६४ + २२ = ८६

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, असार – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना cjs@supremecourt.gov.np** मा सम्पर्क गर्न सकिने छ।

## वार्षिक ग्राहकसम्बन्धी सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ४** |
| १. | उत्प्रेषण / परमादेश | रणबहादुर तामाङ वि. मालपोत कार्यालय, काभ्रेपलाञ्चोक धुलिखेलसमेत | १ |
| २. | परमादेश | बद्रीकुमार श्रेष्ठ वि. शहनसिला श्रेष्ठसमेत | १ |
| ३. | निषेधाज्ञा | विजयकुमार यादवसमेत वि. अंकिताकुमार यादव | २ |
| ४. | निषेधाज्ञा | सुखल महरा चमार वि. सत्यनारायण महरा चमार | २ |
| ५. | परमादेश | सरोज देवी त्रिपाठी वि. जिल्ला शिक्षा कार्यालय, मुकाम वीरगन्ज पर्सा | ३ |
| **इजलास नं. १** | | | **४ - ६** |
| ६. | जबरजस्ती करणी, जबरजस्ती चोरी | नेपाल सरकार वि. पर्शुराम चौधरी | ४ |
| ७. | प्रतिषेध | बोधीरत्न शाक्य वि. गृह मन्त्री बिमलेन्द्र नीधि, गृह मन्त्रालय, सिंहदरबारसमेत | ५ |
| **इजलास नं. २** | | | **६ - ११** |
| ८. | सवारी ज्यान | नेपाल सरकार वि. विक्रम बढही | ६ |
| ९. | उत्प्रेषण | विमल ज्ञवालीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ७ |
| १०. | उत्प्रेषण / परमादेश | बदरूद्विन राई वि. समसुन निसासमेत | ८ |
| ११. | उत्प्रेषण / परमादेश | ऋषिराज कोइराला वि. उच्च अदालत विराटनगरसमेत | ९ |
| १२. | उत्प्रेषण / परमादेश | बिमला सत्याल वि. केशव आचार्यसमेत | १० |
| **इजलास नं. ३** | | | **११ - १९** |
| १३. | बहुविवाह | नेपाल सरकार वि. जनदीश उपाध्यायसमेत | ११ |
| १४. | बकसपत्र बदर | विष्णुकुमारी कुँवर वि. पूर्णभक्ती श्रेष्ठ | १२ |
| १५. | फैसला बदर | रौउफ महमद गद्दी वि. रियासत गद्दीसमेत | १३ |
| १६. | निषेधाज्ञा / परमादेश | केदारबहादुर अधिकारीसमेत वि. होटल एभरेष्ट इन्टरनेसनल प्रा.लि. | १३ |

| | | | |
|---|---|---|---|
| १७. | अंश दर्ता | महेन्द्र यादव वि. सूर्य नारायण यादवसमेत | १४ |
| १८. | निषेधाज्ञा / परमादेश | बन्तीलाल महरा वि. नमूना गाउँ विकास समितिको कार्यालय, किसनपुर सर्लाही | १५ |
| १९. | आयकर (०६१/६२) | आनन्दराज ढकाल वि. सुभ्राकेतन मित्रा | १६ |
| २०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कमल रायमाझी | १७ |
| २१. | बैंक रकम हिनामिना मस्यौट | नेपाल सरकार वि. धनबहादुर गुरूङसमेत | १७ |
| २२. | उत्प्रेषण / परमादेश | कमलप्रसाद इटनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १८ |
| २३. | उत्प्रेषण | अशोककुमार गुप्ता वि. सचिदानन्द प्रसादसमेत | १८ |
| **इजलास नं. ४** | | | **१९ - २२** |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विनयकुमार भुजसमेत | १९ |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्रीमती विनु राईसमेत | २० |
| २६. | जबरजस्ती करणी | सिताराम चौधरी वि. नेपाल सरकार | २२ |
| **इजलास नं. ५** | | | **२२ - ३१** |
| २७. | नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको | तिलकप्रसाद साह वि. नेपाल सरकार | २२ |
| २८. | उत्प्रेषण / परमादेश | सोवरनी भण्डारी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत | २३ |
| २९. | लिखत दर्ता बदर दर्ता | दानकाजी शाक्य वि. प्रेमज्योति शाक्य | २४ |
| ३०. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. मैतबहादुर गुरूङसमेत | २५ |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बिनु बस्नेत | २५ |
| ३२. | लिखत दर्ता बदर दर्ता | श्रीमती भारती जोशी वि. किरण जोशीसमेत | २६ |
| ३३. | बन्डा मुचुल्का बदर दा.खा. दर्ता गरिपाऊँ | टोपबहादुर घर्ती क्षेत्री वि. सुमित्रा घर्ती क्षेत्री | २७ |
| ३४. | लिखत दर्ता बदर दर्ता कायम | वथीदेवी थारू वि. अभिनारायण चौधरी | २८ |
| ३५. | लिखत बदर दर्ता बदर दर्ता कायम | रामविलास गनगाई वि. युवराज राजवंशीसमेत | २९ |

| | | | |
|---|---|---|---|
| ३६. | निषेधाज्ञा | श्रीमती ज्योति टण्डन वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत | ३० |
| **इजलास नं. ६** | | | **३१ - ३४** |
| ३७. | उत्प्रेषण / परमादेश | कृष्णबहादुर शाहसमेत वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत | ३१ |
| ३८. | उत्प्रेषण / परमादेश | बासुदेव पनेरू वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत | ३१ |
| ३९. | उत्प्रेषण / परमादेश | इन्द्रराज शर्मासमेत वि. स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौंसमेत | ३२ |
| ४०. | झुट्ठा विवरण पेस गरी नागरिकता लिएको | नेपाल सरकार वि. प्रदीपकुमार जैनसमेत | ३४ |
| **इजलास नं. ७** | | | **३४ - ३७** |
| ४१. | जग्गा खिचोला मेटाई घरको जग र घर भत्काई चलन चलाई पाऊँ | धर्मेन्द्र सिंह वि. गणेश प्राथमिक विद्यालय वैदौलीसमेत | ३४ |
| ४२. | कर्तव्य ज्यान | पारस चौधरीसमेत वि. नेपाल सरकार | ३५ |
| ४३. | कर्तव्य ज्यान | वसन्त गुप्ता वि. नेपाल सरकार | ३६ |
| **इजलास नं. ८** | | | **३७ - ३८** |
| ४४. | वैदेशिक रोजगार कसुर | दीपेन्द्रकुमार यादव वि. नेपाल सरकार | ३७ |
| **इजलास नं. ९** | | | **३८ - ४२** |
| ४५. | लागु औषध (नर्फिन डाइजेपाम समेत) | नेपाल सरकार वि. सुरेशकुमार देवकोटासमेत | ३८ |
| ४६. | लागु औषध | नेपाल सरकार वि. दिलबहादुर घर्ती | ३९ |
| ४७. | जबरजस्ती र हाडनाता करणी | तेजबहादुर दमै वि. नेपाल सरकार | ४० |
| ४८. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. अमृत चौधरी | ४१ |
| **इजलास नं. १०** | | | **४२ - ४५** |
| ४९. | जग्गा खिचोला | अजितकुमार मिश्र वि. अशोककुमार झासमेत | ४२ |
| ५०. | जबरजस्ती चोरी | नेपाल सरकार वि. सुरेन्द्र बुढाथोकीसमेत | ४३ |
| ५१. | बन्दी प्रत्यक्षीकरण | विक्रम गहतराज वि. सुनसरी जिल्ला अदालत, इनरूवासमेत | ४५ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ११** | | | **४५ - ४७** |
| **५२.** | जबरजस्ती बनाएको पिलर र दिवाल हटाई खिचोला मेटाइ चलन चलाइ पाऊँ | किरणकुमार भट्टचन वि. सिताराम रसाइली | **४५** |
| **५३.** | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. टासी तुण्डुप शेर्पा | **४६** |
| **इजलास नं. १२** | | | **४७ - ५०** |
| **५४.** | चोरी | नेपाल सरकार वि. विवेक बस्नेतसमेत | **४७** |
| **५५.** | सिमाना हस्तक्षेप हटाई पाऊँ | कृष्णबहादुर शाहीसमेत वि. हिरामनी जैसीसमेत | **४८** |
| **५६.** | अंश | रत्न तामाङ वि. चन्द्रबहादुर तामाङ | **४८** |
| **५७.** | उत्प्रेषण | मु.स. गर्ने आस महम्मद मिया वि. अलि महम्मद मियासमेत | **४९** |
| **इजलास नं. १३** | | | **५० - ५२** |
| **५८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. काजीबहादुर दर्जीसमेत | **५०** |
| **५९.** | यातना क्षतिपूर्ति | राननारायण चौधरी वि. प्रमोद रायसमेत | **५१** |
| **इजलास नं. १४** | | | **५२ - ५४** |
| **६०.** | वैदेशिक रोजगार कसुर | ईश्वर के.सी. वि. नेपाल सरकार | **५२** |
| **६१.** | हातहतियार खरखजाना | नेपाल सरकार वि. पाँचु सहनीसमेत | **५३** |
| **इजलास नं. १५** | | | **५४ - ५७** |
| **६२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. खड्कबहादुर सार्की | **५४** |
| **६३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिपेस राई | **५५** |
| **६४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. हेमकुमार राई | **५६** |
| **६५.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. गगन गुरूङ | **५७** |
| **इजलास नं. १६** | | | **५७ - ५८** |
| **६६.** | परमादेश | संजीव विक्रम राणा वि. मानरत्न तुलाधर | **५७** |
| **एकल इजलास** | | | **५८ - ६०** |
| **६७.** | उत्प्रेषण | मिठुदेवी घिमिरेसमेत वि. बरूण घिमिरेसमेत | **५८** |
| **६८.** | उत्प्रेषण | शोभा शाक्य वि. भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारसमेत | **५९** |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CI-१५९८, उत्प्रेषण / परमादेश, *रणबहादुर तामाङ वि. मालपोत कार्यालय, काभ्रेपलाञ्चोक धुलिखेलसमेत*

मिति २०१३।५।२८ को फैसलासमेतले दाबीको कि.नं.१६२ को जग्गा सन्धिसर्पनको चारकिल्लाभित्रको देखिएको र काभ्रेपलाञ्चोक जिल्ला अदालतलको मिति २०४२।८।१० मा फैसलाले समेत सोहीबमोजिम सन्धिसर्पनको चार किल्लाभित्रको ठहर भइसकेपछि सो २०१३ सालको फैसला बदर गर्न नसकेपछि २०१३ सालदेखि सन्धिसर्पन ठहरिएको सार्वजनिक जग्गालाई कुनै तवरले दर्ता गर्नु वा यथावत् दर्ता कायम गर्नु खोज्नु दूषित हुने हुँदा निवेदक सफा हात लिई अदालत प्रवेश गरेको नदेखिने।

निवेदक रणबहादुर तामाङका छोरा डालबहादुर र बुहारी रमा तामाङले दिएको फैसला बदर मुद्दामा पनि काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०५९।६।१ र २०६५।३।३० मा निजहरूको दाबी नपुग्ने ठहर भई पुनरावेदन अदालत पाटनबाट मिति २०६६।६।२८ मा सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहरी फैसला भएको पाइन्छ । निवेदकको छोरा बुहारीसमेतले मिति २०४२।८।१० को काभ्रेपलाञ्चोक जिल्ला अदालतलको फैसलासमेत बदर गर्न मुद्दा गरेकोमा उक्त फैसला बदर हुन सकेको पाइँदैन । अदालतबाट भएको फैसला त्रुटिपूर्ण भए वा चित्त नबुझे कानूनद्वारा निर्दिष्ट मार्ग अवलम्बन गरी मुद्दाका पक्षहरूद्वारा बदर गर्न सक्नुपर्छ । आफू विरूद्धको फैसला बदर गराउन नसकेमा अन्तिम फैसलाबमोजिमको परिणाम जे जस्तो भए पनि पक्षहरूलाई कानूनसरह लागू हुने हुँदा इन्कार गर्न नमिल्ने।

निवेदक रणबहादुर तामाङले यसै कि.नं.१६२ को जग्गाको विषयलाई नै लिएर असाधारण क्षेत्राधिकारअन्तर्गत दिएको संवत् २०६४ सालको ०६४-WO-०८०९ नं. को उत्प्रेषण मिश्रित परमादेशको रिट निवेदन सम्मानित सर्वोच्च अदालतबाट मिति २०६८।९।२५ मा खारेज हुने ठहरी फैसला भएको देखिने।

सार्वजनिक सम्पत्ति र निजी सम्पत्ति के हो भनी प्रश्न उठी हक बेहकको प्रश्न उठेकोमा प्रमाणको मूल्याङ्कन गर्न तथा कुनै कार्यको वैधताको परीक्षण साधिकार र सक्षम अदालतबाट भई फैसला गर्न सक्ने नै देखिएकोले कुनै अदालत वा साधिकार निकायबाट कुनै निर्णय भएको छ छैन भन्ने कुरालाई हेरी मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम दर्ता सम्बन्धमा निर्णय गर्न सक्ने नै देखिने।

उल्लिखित आधार प्रमाणहरूबाट यसै विषयमा पहिले हक बेहकमा विवाद उठी तहतह अदालतबाट दाबीको जग्गामा निवेदकको हकाधिकार कायम नभएको तथा निवेदकको दाबी अस्वीकार भइसकेको अवस्थामा सक्षम र साधिकार अदालतलको फैसलाबमोजिम मालपोत कार्यालयले दर्ता गर्न सक्ने नै देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटर: विनोदकुमार बनिया
इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-२८५, परमादेश, *बद्रीकुमार श्रेष्ठ वि. शहनसिला श्रेष्ठसमेत*

विवादित घर अनुमति नलिई वा मापदण्डविपरीत निर्माण भएको भन्ने पुष्ट्याइँ भई नसकेको र मापदण्डविपरीत निर्माण भएको घर

भत्काई पाउन यिनै निवेदक बद्रीकुमार श्रेष्ठको मुद्दा परी बागलुङ नगरपालिकामा विचाराधीन अवस्थामा रहेको देखिँदा उक्त विषयमा कानूनअनुरूप बागलुङ नगरपालिकाबाट उचित निर्णय हुन बाँकी नै देखिएको र साधारण क्षेत्राधिकारबाटै उक्त विवाद निरूपण हुने नै हुँदा उक्त विचाराधीन मुद्दालाई असर पर्ने गरी निवेदन मागबमोजिमको परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत बागलुङको फैसला मिलेकै देखिने।

तसर्थ निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नभएको भनी रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत बागलुङको मिति २०७३।२।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-०५८४, निषेधाज्ञा, *विजयकुमार यादवसमेत वि. अंकिताकुमार यादव*

निवेदिकाहरूले निवेदनमा दाबी लिएको कि.नं.३३६८ को जग्गा निवेदिका नुतनकुमारीको नाउँमा र कि.नं.३३६९ को जग्गा निवेदिका अंकिताकुमारी यादवको नाउँमा दर्ता रही जग्गाधनी दर्ता प्रमाण पुर्जा प्राप्त गरेको तथ्यमा विवाद देखिएन । निवेदकको नाउँमा दर्ता रहेको जग्गामा घर बनाउन भनी विराटनगर उपमहानगरपालिकाको कार्यालयबाट मिति २०६८।२।९ मा प्रथम चरणको निर्माण इजाजत प्रमाणपत्र र मिति २०६८।१२।१६ मा दोस्रो चरणको निर्माण इजाजत प्रमाणपत्र निवेदिकाहरूले संयुक्त रूपमा प्राप्त गरेको देखिएकोले उक्त नक्सा पास एवम् घर निर्माण कार्यबाट विपक्षीहरूको जग्गा मिचेको भए सोतर्फ र निवेदकको बाटो नभई पुनरावेदक विपक्षीको जग्गा प्रयोग गरेको भए सोतर्फ कुनै मुद्दा गरी साधिकार निकायमा विवाद रहेको भन्नेसमेत नदेखिने।

नागरिक अधिकार ऐन, २०१२ को दफा ६ (५) र (६) नं. मा उल्लिखित हक अधिकारमा बाधा व्यवधान गर्न नहुनेमा निवेदकले बनाएको घर तथा जग्गामा भोगचलनमा बाधा पुऱ्याउने गरी कुनै कार्यले नागरिक अधिकारको अतिक्रमण हुन जाने देखिने।

तसर्थ निवेदिकाको हक भोगमा रहेको जग्गामा विराटनगर उपमहानगरपालिका कार्यालयबाट पारित नक्साबमोजिम घर बनेको भन्ने देखिएकोले उक्त बसोबासको घरमा कानूनबमोजिमको मार्ग नअपनाई भोगचलन गर्न बाधा अवरोध गर्ने तथा आवतजावत गर्न निवेदिकाहरूलाई कुनै किसिमले रोक लगाउन मिल्ने नदेखिँदा प्रत्यर्थीको नाउँमा नागरिक अधिकार ऐन, २०१२ को दफा १७ बमोजिम निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७२।१२।८ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-१२४८, निषेधाज्ञा, *सुखल महरा चमार वि. सत्यनारायण महरा चमार*

पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।८ को फैसला बदर मुद्दाको फैसलाउपर प्रत्यर्थी सत्यनारायण महरा चमारको यसै सर्वोच्च अदालतमा मिति २०७२।३।१ मा ०७१-CI-१५५६ को पुनरावेदन पत्र दर्ता भई कारबाहीयुक्त अवस्थामा रही सो मुद्दा अन्तिम किनारा नभएको अवस्थामा उक्त विवादित जग्गाहरूमा विपक्षी रिट निवेदकको निर्विवाद मोही हक कायम रहेको स्थिति देखिएन। निषेधाज्ञाको

आदेश जारी हुनका लागि निवेदकको कानूनी हक निर्विवाद रूपमा स्थापित भएको हुनुपर्दछ । कसैले निर्विवादरूपमा भोगचलन गरिआएको सम्पत्तिमा अरू कसैले दख्खल पुऱ्याएको कारण त्यस्तो सम्पत्ति उपयोग गर्न नपाएको भए यथावत्‌रूपमा सम्पत्ति उपयोग गर्न पाउने अधिकार सुनिश्चित गर्नका लागि निषेधाज्ञा जारी हुन सक्तछ । निर्विवाद हक सिर्जना नभएको अवस्थामा निषेधाज्ञा जारी हुन सक्दैन । प्रस्तुत विषयमा विवादित जग्गा पुनरावेदक सत्यनारायण महरा चमारको नाममा मोहियानी लगत कायम भई निजले नै भोगचलन गरी आएको अवस्था देखिएको र निज सत्यनारायण महरा चमारको नामको मोहीको प्रमाणपत्र पुनरावेदन अदालत हेटौंडाबाट ०७१।१२।८ का फैसलाले बदर भएको भए पनि सो फैसलाउपर पुनरावेदन परेको भन्ने देखिँदा सो फैसला अन्तिम नभएकोले मोही नामसारी तथा फैसला बदर मुद्दा अन्तिम भएपछि ती फैसला कार्यान्वयनको सिलसिलमा मात्र सो दाबीको विषय निरूपण हुने नदेखिने ।

मूलतः मोहियानी हकसम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको र अन्तिम भई नसकेकोले त्यस्तो अवस्थामा निवेदन दाबी आधार बनाएर निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने देखिएन । फैसला बदर मुद्दा अन्तिम नहुँदासम्म प्रत्यर्थी सत्यनारायण महरा चमारकै नाममा मोहियानी हक कायम भइरहेको र निजले नै जग्गा जोतकमोद गरिआएको भन्ने देखिएको अवस्थामा एकतहबाट भएको फैसलालाई आधार बनाएर पूर्वस्थिति परिवर्तन गर्न मिल्ने देखिँदैन । निषेधाज्ञाको आदेशले हक स्थापित वा सिर्जना गर्ने नभई भइरहेको हक अधिकारलाई कतैबाट चुनौती दिने आशङ्का भएको अवस्थामा त्यस्तो आदेश जारी गरी निवेदकको हक अधिकारलाई यथास्थितिमा राखिने हुँदा प्रस्तुत मुद्दामा निवेदकको निर्विवाद मोही हक कायम भएको नदेखिँदा माग दाबीबमोजिम निषेधाज्ञाको आदेश जारी हुने नदेखिएकोले निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिने ।

तसर्थ निषेधाज्ञाको निवेदन खारेज गर्नुपर्नेमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई बारा जिल्ला अदालतबाट मिति २०७२।३।१६ मा भएको आदेश मिलेको नदेखिँदा उल्टी हुने ठहराई निषेधाज्ञाको निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।४।२४ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-१२४९, परमादेश, *सरोज देवी त्रिपाठी वि. जिल्ला शिक्षा कार्यालय, मुकाम वीरगन्ज पर्सा*

निवेदकले अस्थायी वा स्थायी अध्यापन अनुमति लिएको भन्ने नै नदेखिएको र मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय हेटौंडाबाट मिति २०७०।९।५ मा जारी भएको उक्त परिपत्र विद्यमान कानूनविपरीत रहेको भन्ने पनि देखिँदैन । शिक्षा ऐन, २०२८ को दफा ११ड(६) बमोजिम म्यादभित्र स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेमा अस्थायी शिक्षक स्वत: अवकाश हुने देखिएकोले अस्थायी शिक्षक भएकै कारण शिक्षा नियमावली, २०५९ को नियम ९७क बमोजिम निवेदक अस्थायी शिक्षक सरोजदेवी त्रिपाठीलाई संवत् २०७५ साल चैत्र मसान्तसम्म म्याद थप गर्न सकिने अवस्था नदेखिने ।

निवेदक २०५१ देखि नियुक्त भई म्याद थप हुँदै आएकोमा निवेदकको अध्यापन अनुमतिपत्र नभएको विषय प्राथमिकतासाथ उठिरहेको र सो कुराको खण्डन गरी त्यसको भरपर्दो प्रमाण रिट निवेदकबाट पेस हुन नसकेको अवस्थामा प्रथमदृष्टि

(Primafacie) मै मागबमोजिम अस्थायी शिक्षकको म्याद थप हुनेसमेतको कानूनबमोजिमको हकाधिकार रहेको नदेखिँदा रिट जारी हुने अवस्था नै नदेखिने।

सार्वजनिक पदाधिकारी कानूनले तोकेको कर्तव्य पूरा नगरेको अवस्थामा मात्र रिट क्षेत्राधिकारमा प्रवेश गरी परमादेशको आदेश जारी हुने हो तर निवेदकको अस्थायी शिक्षक कायम रहन सक्ने संवैधानिक एवम् कानूनी हक निर्बाध रूपमा स्थापित हुन नसकेको अवस्थामा परमादेशको आदेश जारी गर्न मिल्दैन। चौमासिक तलब माग गर्ने प्रक्रिया पूरा नगरिएको अवस्था तथा रिट निवेदकको अस्थायी अध्यापन अनुमतिपत्रमा नै शङ्का उठाइरहेकोमा सोको प्रमाण पेस नगरी जिल्ला शिक्षा कार्यालयलाई कानूनबमोजिम निर्वाह गर्नुपर्ने दायित्व पूरा नगरेको मान्न सकिने स्थितिसमेत नदेखिएको हुँदा निवेदक मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने देखिँदैन। साथै अतिरिक्त २०७१ साल श्रावण महिनादेखि नै निकासा नभएको तलब भत्ताको विषयलाई लिएर २०७३ साल जेठ अर्थात् झन्डै २ वर्षको अवधि व्यतित गरी निवेदक अदालतसमक्ष प्रस्तुत भएको देखिँदा विलम्बको सिद्धान्तअनुसार पनि रिट जारी गर्नुपर्ने स्थिति नदेखिने।

तसर्थ, २०७१ साल श्रावण महिनादेखि नै निकासा नभएको तलब भत्ताको विषयलाई लिएर २०७३ जेठ अर्थात् झन्डै २ वर्षपछि अदालत, प्रवेश गरेको अवस्थामा विलम्बको सिद्धान्तसमेतको आधारमा निवेदकको निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।५।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटरः रामशरण तिमिल्सेना

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-CI-१२५९, परमादेश, *चुनुकुमारी उपाध्याय वि. जिल्ला शिक्षा कार्यालय, मुकाम वीरगन्ज पर्सा*
- ०७३-CI-१२६०, परमादेश, *उर्मिला देवी वि. जिल्ला शिक्षा कार्यालय, मुकाम वीरगन्ज पर्सा*

## इजलास नं. १

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६७-CR-०५८०, जबरजस्ती करणी, जबरजस्ती चोरी, *नेपाल सरकार वि. पर्शुराम चौधरी*

अनुसन्धानको क्रममा भएको कागज प्रमाण थुनछेक गर्ने प्रयोजनको लागि प्रमाणको रूपमा Admissible हुने तर अदालतले त्यस्ता कागज प्रमाणलाई प्रमाणको रूपमा ग्रहण गर्नको लागि त्यस्ता कागजहरू अदालतबाट Tested हुनुपर्ने भन्ने देखिन्छ। अनुसन्धानको क्रममा गरिएका कागजहरू अदालतबाट पुनः जाँच भई अदालतबाट समेत समर्थित भएको अवस्थामा मात्र त्यस्तो कागज प्रमाण प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने हुन्छ। प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा भएका कागजहरूले प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई समर्थित गरेको भन्ने आधारमा त्यस्ता कागज प्रमाणहरूका आधारमा निर्णय पुनरावेदन पुगेको देखियो। उक्त कुरा प्रमाण ऐन, २०३१ को दफा १८ मा गरिएको कानूनी व्यवस्थाको अभिप्राय र विधायिकी मनसायविपरीत समेत देखिन्छ। यदि अनुसन्धानको क्रममा गरिएका कागजहरूलाई प्रमाणको रूपमा ग्रहण गर्दै जाने हो भने उक्त नं. मा भएको कानूनी व्यवस्थाको मकसद र अभिप्राय नै शून्यको स्थितिमा रहन पुग्ने अवस्था हुन्छ। अनुसन्धानको क्रममा बुझिएका मानिस डोमी यादव, विन्दादेवी यादव र मुसहरू यादवले यिनै

प्रतिवादीहरूले मुन्नी यादवलाई जबरजस्ती करणी गरी जबरजस्ती चोरीसमेत गरेको हो भनी कागज गरिदिएको र ती कागजहरूबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानलाई समर्थित गरेको भन्ने आधारमा त्यस्ता कागज प्रमाणलाई प्रमाणको रूपमा ग्रहण गरिनुपर्छ भन्ने पुनरवेदन जिकिरलाई कानूनसम्मत मान्न सकिने अवस्था नहुने।

पीडित तथा वादी पक्षका साक्षी डोमी यादवले अदालतमा बकपत्र गर्दा पीडितउपर जबरजस्ती करणी यी प्रतिवादीले गरेको भन्ने शङ्कासम्म पनि लाग्दैन भनी उल्लेख गरेको पाइन्छ भने जाहेरवालीले बकपत्र गर्दा यी प्रतिवादीहरूको नाम उल्लेख गरेको थिइनँ भनी उल्लेख गरेको पाइन्छ । फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग शङ्कारहित सबुद प्रमाणबाट पुष्टि भएको हुनुपर्दछ । स्वयम् पीडितले आफूलाई प्रतिवादीहरूले करणी गरेको होइन भनी अदालतमा बकपत्र गरेको र पीडितको पति डोमी यादवले समेत यी प्रतिवादीहरूले पीडित पत्नी क कुमारीलाई करणी गरेको होइन भनी बकपत्र गरेको देखिएबाट प्रतिवादीउपरको अभियोग दाबी शङ्कारहित तवरबाट प्रमाणित भएको नदेखिने।

प्रतिवादीबाट चोरी भएको भनिएको कुनै सामान बरामद भएको अवस्था देखिँदैन। यी प्रतिवादी जबरजस्ती चोरी भएको भनिएको कुरामा इन्कार रहेको देखिन्छ भने प्रतिवादीको साक्षीबाट प्रतिवादीको इन्कारी बयान पुष्टि समर्थित हुने गरी बकपत्र गरी दिएको अवस्था देखिन्छ। वादी पक्षबाट पीडित तथा निवेदिकाको गरगहनालगायतका सामान यी प्रतिवादीले जबरजस्ती चोरी गरेको भनी ठोस तथा वस्तुनिष्ठ कागज प्रमाणबाट प्रमाणित गर्न सकेको अवस्था देखिँदैन। फौजदारी मुद्दामा आरोप लगाउनु मात्र पर्याप्त हुँदैन त्यस्तो आरोपलाई सिद्ध गर्न पनि सक्नुपर्दछ । वादी पक्षबाट यी प्रतिवादीबाट पीडित तथा निवेदिकाको गरगहनालगायतका सामानहरू चोरी भएको कुरा पुष्टि गर्न सकेको अवस्था नदेखिँदा यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ पाउने अवस्था देखिन आयो। यी प्रतिवादीउपर वादी नेपाल सरकारको जबरजस्ती करणी तथा जबरजस्ती चोरीतर्फको अभियोग दाबी पुग्न सक्ने अवस्था नदेखिँदा प्रतिवादी पर्शुराम चौधरीलाई अभियोग दाबीबमोजिमको कसुरदार ठहऱ्याई सजायसमेत गरेको सुरू सिराहा जिल्ला अदालतबाट मिति २०६३।४।२२ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी पर्शुराम चौधरीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको फैसला अन्यथा देखिन आएन। साथै चोरीतर्फ पुनरावेदन अदालतबाट केही नबोलेको हुँदा माथि विवेचित आधारमा चोरीमा समेत दाबी पुग्न सक्ने नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूबाट सुरू सिराहा जिल्ला अदालतबाट मिति २०६३।४।२२ मा प्रतिवादी पर्शुराम चौधरीलाई अभियोग दाबीबमोजिमको कसुरदार ठहऱ्याई भएको फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६६।१।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। चोरीतर्फको दाबी र पुनरावेदन जिकिरसमेत सम्म पुग्न नसक्ने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७४ साल कात्तिक २२ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३०-WO-०९७१, प्रतिषेध, *बोधीरत्न शाक्य वि. गृह मन्त्री बिमलेन्द्र नीधि, गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकले पेस गरेको वादी बोधीरत्न प्रतिवादी लक्ष्मी नारायणप्रसाद साह भएको संवत् २०७१ सालको दे.दा.नं ०७१-CP-०९७५ को लेनदेन मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।९।२३ मा भएको फैसलाको ठहर खण्डमा “वादी प्रतिवादीबिच

लेनदेन कारोबार रहे भएको नै देखिन आएबाट वादी दाबीबमोजिम मिति २०७०।१०।२० को तमसुक लिखतबमोजिमको सावाँ रू.२,३६,००,०००।- (दुई करोड छत्तीस लाख) र सोको सयकडा १० प्रतिशतले हुने ब्याजसमेत वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ" भन्ने उल्लेख भएको देखिन्छ । यसैगरी विपक्षी जिल्ला प्रहरी कार्यालय, सर्लाहीको लिखित जवाफमा "विपक्षी रिट निवेदक जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.१६ बस्ने वर्ष ६० को बोधीरत्न शाक्यले ठगी गरेको सम्बन्धमा आवश्यक कारबाही गरिपाउँ भनी माननीय श्री गृहमन्त्रीज्यूलाई सम्बोधन गरी गृह मन्त्रालय सिंहदरबार काठमाडौंमा दिएको पाना-२ को सक्कलै निवेदनलगायतको कागजातहरू क्रमश: लेखापढी हुँदै मजकुर प्रहरी प्रधान कार्यालय, अनुसन्धान विभाग प्रशासन शाखाको च.नं.५२०८ मिति २०७३।१०।२ गतेको पत्र साथ यस कार्यालयमा प्राप्त हुन आएको हुँदा रिट निवेदक बोधीरत्न शाक्यलाई केही आवश्यक कुरा बुझ्नुपर्ने भएको हुँदा उपस्थित गराइ दिनु हुन भनी यस कार्यालयको क्रम संख्या ९३२७ मिति २०७३।११।१५ गते मजकुर महानगरीय प्रहरी परिसर ललितपुरलाई सञ्चार पत्र लेख्ने कार्यसमेत गरिएको हो" भन्ने उल्लेख भएको देखिन्छ । यसप्रकार लक्ष्मीनारायण साहले जिल्ला अदालतमा मुद्दा चली त्यहाँबाट भएका फैसलाहरूको विषय नदेखाई माननीय गृह मन्त्रीज्यूकोमा निवेदन दिई सोमा तोक लगाई कारबाही अगाडि बढाएको पाइन्छ । ठगीको विषयमा निवेदन दिने र कारबाही चलाउन तोक आदेश लगाउने अधिकार कुनै कानूनले गृह मन्त्रालयलाई प्रदान गरेको नपाइने।

निवेदक र विपक्षी लक्ष्मीनारायण प्रसाद साहबिच लेनदेन मुद्दा चली फैसलासमेत भएको देखिएकोमा लेनदेनबमोजिमको बिगो असुल तहसिल गरी उपर गर्ने सम्बन्धमा कानूनले निर्धारण गरेको कार्यविधिको अनुसरण गरी भएको काम कारबाहीलाई असर गर्न र अवरोध गर्न कानूनबमोजिमको प्रक्रियाबाट नगई मन्त्रीसमक्ष निवेदन दिएर कारबाही अगाडि बढाउन खोजेकोबाट समेत निवेदकको हक र अधिकारमा गैरकानूनी रूपबाट हस्तक्षेप गराउने प्रयास गरेको देखिँदा रिट जारी गर्नुपर्ने देखिने।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट निवेदन माग दाबीबमोजिम निवेदकलाई पक्राउ नगर्नु, कुनै किसिमको कागज नगराउनु भनी विपक्षीहरूका नाममा प्रतिषेधको आदेश जारी हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-१००४, सवारी ज्यान, *नेपाल सरकार वि. विक्रम बढही*

प्रत्यक्षदर्शीहरू तथा सो घटनामा घाइते भएका व्यक्तिहरू कसैले पनि प्रतिवादी विक्रम बढहीले लापरवाहीपूर्वक गाडी चलाएको भनी उल्लेख गर्न नसकेको, निज मादक पदार्थ सेवन गरी सवारी साधन चलाएको मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको, गाडी चलाउँदा अँध्यारो भएकोले बत्ती बालेको र हर्न पनि बजाइरहेको अवस्था देखिन्छ । गाडी चलाउँदा यी प्रतिवादीले दुर्घटनाबाट बच्नको लागि आवश्यक सावधानी अपनाएकै देखिएबाट स्वयम् प्रत्यक्षदर्शी नभएका जाहेरवालाले अदालतमा बकपत्र गर्दा लापरवाहीपूर्वक गाडी चलाएको हो भनी बकपत्र गर्दैमा प्रतिवादीले लापरवाहीपूर्वक गाडी चलाएको तथ्य समर्थित हुन सकेको नपाइने।

घटनामा समिर खत्रीको मृत्यु हुनुका साथै निजसँगै हिँडिरहेका अन्य व्यक्तिहरू घाइते भएकोले

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) अनुसारको सजायको माग दाबी रहेकोले सोतर्फ हेर्दा, घटनामा घाइते भएका नविन भन्ने नरबहादुर वलीसमेतको अदालतमा भएको बकपत्रबाट सो दुर्घटनामा समिर खत्रीको मृत्यु हुनुबाहेक अन्य व्यक्तिहरू घाइते भएको देखिन्छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) को कानूनी व्यवस्थाले सवारी दुर्घटनाको कारण कसैको अङ्गभङ्ग भएमा र त्यसमा सवारी चालकको बदनियत देखिएमा मात्र सवारी चालकलाई सजाय हुने कुरा उल्लेख गरेको देखिँदा बदनियत प्रमाणित हुने तथ्ययुक्त सबुद वादी पक्षको तर्फबाट पेस नभएको स्थितिमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) को कसुर स्थापित भएको पाइएन। समिर खत्रीसमेतका मानिसहरू समूहमा हिँडिरहेकाले दुर्घटना हुँदा समिर खत्रीको मृत्यु हुन गएको र अन्य मानिसहरू घाइते हुन गएकोले सो कार्य लापरवाहीपूर्वक र हेलचेक्र्याइँ गरी वा बदनियत चिताई सवारी चलाएको कारणबाट दुर्घटना भएको वा मानिस मर्ला भन्ने जानीजानी सवारी चलाएको नभई ३०/३५ कि.मि. प्रतिघण्टाको गतिमा सवारी चलाई रहेको अवस्थामा दुर्घटना घट्न गएको देखिँदा अभियोग दाबीअनुसार सजाय नगरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसुरमा सोहीबमोजिम सजाय गरेको फैसलालाई अन्यथा मान्न नसकिने।

तसर्थ विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी विक्रम बढहीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई सोही दफा १६१(३) बमोजिम २९ दिन कैद र रू.२,०००।- जरिवाना हुने ठहऱ्याई बाँके जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।३।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: विनोद कुमार बनिया

इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०६५८, उत्प्रेषण, *विमल ज्ञवालीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

प्रस्तुत रिट निवेदनमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को आठौं संशोधनद्वारा नियम २२३(२) मा संशोधन गरी अधिकृत छैठौं तहमा रिक्त रहेको दरबन्दी पदपूर्ति गर्दा ७० प्रतिशत खुल्ला र ३० प्रतिशत आन्तरिक प्रतिस्पर्धाबाट गर्ने गरी भएको व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ७(१)(च) मा भएको व्यवस्थासँग बाझिएकोले बदर गर्न माग गरेको देखिन्छ । निवेदकले बदर गर्न माग गरेको नियमावली स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ ले नेपाल सरकारलाई प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी बनाइएकोले स्थानीय स्वायत्त शासन ऐन, २०५५ स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को कानून (Mother Law) हो । तर नेपालको संविधान जारी भएपश्चात् सो संविधानअनुसार स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मिति २०७४।६।२९ मा प्रमाणीकरण भई लागू भएको देखिन्छ। सो ऐनको दफा १२१ ले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई खारेज गरेको अवस्था छ। यसरी ऐनबाट अधिकारप्राप्त गरी नियमावली बनाइएको हुँदा सो ऐन नै खारेज भएपछि सो ऐनको प्रावधानअन्तर्गत बनेको नियमावलीको व्यवस्था ऐनसँग बाझिएको वा नबाझिएको भन्ने प्रश्नको औचित्यता पनि समाप्त हुन गई सो सम्बन्धमा परेको

रिट निवेदन प्रयोजनहीन हुने ।

तसर्थ, विवेचित आधार र कारणले निवेदकले जिकिर लिएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ र ऐजनको नियमावली, २०५६ खारेज भई हाल स्थानीय सरकार सञ्चालन ऐन, लागू भइसकेको र स्थानीय स्वायत्त शासन नियमावलीको विवादित प्रावधानहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कुन कुन दफासित बाझिएको हो त्यसतर्फ स्पष्ट जिकिर निवेदकले लिन सकेको नदेखिएकोले परिवर्तित सन्दर्भमा प्रस्तुत रिट निवेदनमा निवेदकहरूले उठाएको प्रश्नको सन्दर्भमा विचार गरिरहन नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-WO-०६३२, उत्प्रेषण / परमादेश, *बदरूद्विन राई वि. समसुन निसासमेत*

रिट निवेदक बदरूद्विन राईउपर निजकी श्रीमती समसुन निसाले मानाचामल मुद्दा दिएको र जीवन निर्वाहका लागि चाहिने मानाचामल रकम तत्काल दिलाउन दाङ देउखुरी जिल्ला अदालतमा निवेदन दिएको देखिन्छ । रिट निवेदक बदरूद्विन राई र समसुन निसा श्रीमान् श्रीमती भएको तथ्य निवेदकले दाङ देउखुरी जिल्ला अदालतमा दिएको फिराद पत्रमा समेत स्वीकार गरेकोले सो सम्बन्धमा कुनै विवाद भएन। दाङ देउखुरी जिल्ला अदालतले उक्त मानाचामल मुद्दामा भई आएको सर्जमिन मुचुल्कासमेतको आधारमा वादी समसुन निसाले प्रतिवादी बदरूद्विन राईबाट मानाचामल खर्चबापत दाङ देउखुरी जिल्ला अदालतमार्फत मासिक रू.१५,०००।- अन्तरिम रूपमा पाउने ठहऱ्याई आदेश भएको देखिने । सो आदेशउपर यी निवेदकले पुनरावेदन अदालत तुलसीपुरमा अ.बं. १७ नं. बमोजिम निवेदन दिँदा जिल्ला अदालतलको आदेश नै सदर भएको देखिन्छ । निवेदकले सो आदेश बदरको माग दाबी लिई प्रस्तुत रिट निवेदन दायर गरेकोमा प्रस्तुत रिट निवेदन यस अदालतमा विचाराधीन रहेकै अवस्थामा सो मानाचामल मुद्दा दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७३।२।११ मा फैसला भएको कुरा निवेदकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले बहसको क्रममा जानकारी गराउँदै सो फैसलाको प्रमाणित प्रतिलिपिसमेत पेस गर्नुभएको छ । उक्त फैसलाको प्रतिलिपि हेर्दासमेत वादी समसुन निसाले प्रतिवादी बदरूद्विन राईबाट वादीहरूले कानूनबमोजिम अंश नपाउन्जेल फिराद मितिबाट मासिक रू.१५,०००।- मानाचामलबापतको रकम भराइपाउने ठहऱ्याई फैसला भएको देखिने ।

वास्तवमा मानाचामल भराउने आदेशको प्रयोजन पीडितलाई खान लाउनबापत उचित र पर्याप्त खर्च भराइदिने नै हो । त्यसको उद्देश्य खर्च भर्नु पर्ने व्यक्तिलाई कंगाल बनाउने होइन । सम्बन्धित व्यक्तिको आम्दानी र निजले बेहोर्न पर्ने अन्य पारिवारिक खर्चसमेतलाई समष्टिगत रूपमा विचार गरी खान लाउन खर्चबापत उचित र पर्याप्त रकम उपलब्ध गराउने भनी न्यायकर्ताले आदेश गर्नुपर्ने हुन्छ । रिट निवेदक बदरूद्विन राई प्रतिवादी र ८ वर्षको नाबालक साहिल राईको संरक्षक भई आफ्नो हकमा समेत वादी समसुन निसा भई चलेको अंश मुद्दा हाल फैसला भइसकेको तथ्य निवेदकतर्फका विद्वान् कानून व्यवसायीले प्रस्तुत गर्नु भएको देखिँदा अंश मुद्दाको सिलसिलामा भएको खान लाउने खर्चसम्बन्धी आदेश पर्याप्त वा अपर्याप्त के छ ? त्यस विषयमा प्रमाण बुझी रिटको माध्यमले निर्णय दिन मिल्ने अवस्था रहँदैन । यसरी निवेदकले बदर गर्न माग गरेको अन्तरकालीन प्रकृतिको मिति २०७२।८।१६ को आदेश फैसलापश्चात् प्रभावकारी नहुने भई फैसलाअनुसार नै हुने हुँदा सो फैसला निजको हकमा नमिलेको भए त्यसउपर निवेदकले पुनरावेदन

गर्न पाउने निजको हक कानूनबमोजिम सुरक्षित नै रहेको देखिन्छ । निजले पुनरावेदन गरेको अवस्थामा पुनरावेदन सुन्ने अदालतबाट सो फैसलाउपर विचार हुने नै हुँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिने ।

तसर्थ विवेचित आधार र कारणबाट प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा निवेदकको माग दाबीबमोजिमको आदेश जारी गरिरहनु परेन । यस अदालतबाट मिति २०७२।११।२३ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय भई रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७४ साल मंसिर १८ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७३-WO-०६४९, उत्प्रेषण / परमादेश, *ऋषिराज कोइराला वि. उच्च अदालत विराटनगरसमेत*

निवेदक जनकपुर चुरोट कारखाना लिमिटेडले विपक्षी शिवबहादुर थापालाई कारखानाबाट घर सापटी दिएबापत निजकी श्रीमती सरस्वती थापाको नाम दर्तामा रहेको मोरङ जिल्ला तत्कालीन बखरी पञ्चायत वडा नं. ७(घ) कि.नं. ७२९ दृष्टिबन्धक लिखत मिति २०४६।७।१८ मा मालपोत कार्यालय, धनुषा जनकपुरबाट पास गरिदिएको सो दृष्टिबन्धक लिखतको कागजको प्रतिलिपिबाट देखिन्छ । उक्त दृष्टिबन्धकको कागज मोरङ जिल्लामा भएको जग्गाको सम्बन्धमा जनकपुरको मालपोत कार्यालयबाट पास भएकोले बेजिल्लाबाट पास भएको दृष्टिबन्धकको जानकारी सम्बन्धित जिल्लाको मालपोत कार्यालयमा दिनुपर्नेमा त्यस्तो जानकारी दिएको मिसिल संलग्न कागजबाट देखिँदैन । कि.नं. ७२९ को जग्गा रोक्का नरहेकोले सोही जग्गालाई धितो राखी नेपाल बैंक लिमिटेडबाट कर्जा लिएकोमा मिति २०५२।५।२८ मा रोक्का भएको र सो कर्जा चुक्ता भएपश्चात् मिति २०६३।९।५ मा फुकुवा भएको मिसिल संलग्न नेपाल बैंक लिमिटेडले मालपोत कार्यालय, मोरङलाई जग्गा फुकुवा गर्ने सम्बन्धमा लेखेको पत्रको प्रतिलिपिबाट देखिन्छ । तत्पश्चात् सो जग्गा दिने सरस्वती थापा लिने सरस्वती खड्का थापा भई मिति २०६३।९।५ मा राजीनामाको लिखत पास भई स्वामित्व हस्तान्तरण भएको देखिने ।

वादी जनकपुर चुरोट कारखाना प्रतिवादी शिवबहादुर थापा भई चलेको ०६३ सालको दु.फौ.नं. ३२५ नं. को रकम दिलाई पाउँ भनी धनुषा जिल्ला अदालतमा मुद्दा चली मिति २०६६।१०।२१ मा वादीले प्रतिवादीबाट रू.१६,०७,१०८।४९ भराई लिन पाउने ठहरी फैसला भएको रहेछ । सो फैसलाअनुसारको रकम भराउनको लागि जनकपुर चुरोट कारखानाले मिति २०६९।९।२९ मा कि.नं. ७२९ को जग्गा देखाई धनुषा जिल्ला अदालतमा निवेदन दिएको र मोरङ जिल्लाको जग्गा देखाएकोले उक्त फैसला कार्यान्वयनको निवेदन मोरङ जिल्ला अदालतमा सरेर गएको देखिन्छ । यसरी मिति २०६३।९।५ मा नै सरस्वती थापाको नामबाट दाबी गरिएको कि.नं.७२९ को जग्गा सरस्वती खड्का थापाको नाममा हस्तान्तरण भइसकेको देखिन्छ । उक्त मुद्दा विचाराधीन रहेको अवस्थामा उल्लिखित जग्गा अदालतबाट रोक्का रहेको नदेखिएको अवस्थामा फैसला हुनुभन्दा अगाडि नै हकहस्तान्तरण भई अर्काको नाममा गइसकेको जग्गाबाट मागबमोजिम बिगो भराउन सकिने अवस्था रहेको नदेखिने ।

सो जग्गा हस्तान्तरणउपर जनकपुर चुरोट कारखानाले मोरङ जिल्ला अदालतमा लिखित दर्ता बदर र जालसाजी मुद्दा दिएको र उक्त मुद्दाहरू अहिलेसम्म विचाराधीन अवस्थामा रहेको कुरा सरस्वती थापाको र सरस्वती खड्का थापाको लिखित जवाफबाट देखिन्छ । नेपालको संविधानको धारा १३३(२) ले व्यवस्था गरेको यस अदालतको

असाधारण क्षेत्राधिकार संविधानद्वारा प्रत्याभूत गरिएको मौलिक हक हनन् भएको अवस्थामा सोको प्रचलनको लागि अन्य उपचारको व्यवस्था नभएको वा भएपनि प्रभावकारी नभएको अवस्थामा मात्र आकर्षित हुने देखिन्छ । निवेदकले लिखत दर्ता बदर र जालसाजी मुद्दामार्फत उपचारको निमित्त मोरङ जिल्ला अदालतमा मुद्दा दायर गरेको र यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत पनि प्रवेश गरेको देखिन आएकोले निज सफाहात लिएर यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत प्रवेश गरेको देखिन आएन। निजले रिट क्षेत्राधिकारमार्फत खोजेको उपचार साधारण क्षेत्राधिकारमार्फत नै प्राप्त हुनसक्ने अवस्था विद्यमान रहेको देखिने।

तसर्थ, विवेचित आधार कारणबाट निवेदक साधारण क्षेत्राधिकारबाट निरूपण हुने विषयमा रिट क्षेत्राधिकारमार्फत यस अदालतमा प्रवेश गरेको देखिएकोले निज सफाहात लिएर अदालत प्रवेश गरेको नदेखिँदा प्रस्तुत रिट निवेदनमा मागबमोजिमको आदेश जारी गरिरहन परेन । यस अदालतबाट मिति २०७३।९।२५ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय भई रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: विनोद कुमार बनिया

इति संवत् २०७४ साल मंसिर १८ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-१३६६, उत्प्रेषण / परमादेश, *बिमला सत्याल वि. केशव आचार्यसमेत*

केशव आचार्य ललितपुरको इकुडोलस्थित जन जागृति उच्च माध्यमिक विद्यालयमा कार्यरत रहेका छन् भने निजले मासिक रू.३४,२२०।- तलबबापत प्राप्त गर्ने गरेको देखिन्छ । मिति २०७३।८।२९ मा ललितपुर जिल्ला अदालतबाट आदेश हुँदा केशव आचार्यको तलबको आधा रकम रोक्कासम्म रहेको देखिन्छ । रिट निवेदक विमला सत्याल वादी र विपक्षी केशव आचार्य प्रतिवादी भई ललितपुर जिल्ला अदालतमा चलिरहेको माना चामल मुद्दा फैसला हुँदा वादीले प्रतिवादीबाट मानाचामल पाउने अवस्था देखिएको खण्डमा निज केशव आचार्यको आयस्ताबाट नै मानाचामल भराउनु पर्ने हुन्छ। त्यस्तो अवस्थामा हाल निजको तलब फुकुवा गर्दा निज सो रकम खाई मासेको अवस्थामा निवेदकले मानाचामल पाउन सक्ने अवस्था नरहने हुन्छ। सो रोक्का राखिएको तलबको आधा भाग निवेदक विमला सत्याललाई दिइएको होइन । सो रकम केशव आचार्य कार्यरत रहेकै विद्यालयमा रोक्का राखिएको अवस्था मात्र हो। उक्त रकम मानाचामल मुद्दामा फैसला हुँदा ठहरेबमोजिम हुने हुँदा सो रकम तत्कालै विमला सत्यालले लिने वा फैसलापश्चात् वादी दाबी नपुगेको खण्डमा प्रतिवादीले प्राप्त गर्न सक्ने नै देखिन्छ। यसबाट सो तलब रोक्का गर्दा केशव आचार्यलाई कुनै अपूरणीय क्षति पुग्न जाने अवस्था देखिँदैन। जबकि निजको तलब रोक्का नगर्दा पछि फैसलाबमोजिम मानाचामल पाउने अवस्था आएमा सो फैसलाबाट सृजित हुने निवेदकको हक प्रचलन गराउन सकिने अवस्था नरहने।

मुलुकी ऐन, अंशबन्डाको १० नं. ले श्रीमती, छोराछोरीलाई इज्जत आमदअनुसार खान, लाउन र आवश्यकताअनुसार उचित शिक्षा दीक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने दायित्व लोग्ने वा बाबु आमाको हुने भनी व्यवस्था गरेको देखिन्छ। निवेदक विमला सत्यालले केशव आचार्यउपर ललितपुर जिल्ला अदालतमा नाता कायम, मानाचामलसमेतको मुद्दा दायर गरेको देखिन्छ। सो मुद्दामा निजहरूबिच श्रीमान् श्रीमतीको नाता कायम भएको अवस्थामा उपर्युक्त मुलुकी ऐन, अंशबन्डाको १० नं. ले सिर्जना गरेको श्रीमतीको अधिकार प्रचलन गराउनसमेत केशव आचार्यको अन्य सम्पत्ति नदेखिएको अवस्थामा निजको तलबको आधा भाग रोक्का राख्नुपर्ने देखिने।

पुनरावेदन अदालत पाटनले मिति २०७४।३।१ मा ललितपुर जिल्ला अदालतको आदेश बदर गरी रोक्का रहेको मासिक तलब फुकुवा गर्दा उक्त मानाचामल मुद्दासमेतको औचित्य समाप्त हुन जाने देखिन्छ । मुलुकी ऐन, अ.बं. १७ नं. ले मातहतको अड्डामा परेको मुद्दाको काम कारबाहीमा बेरीत भएको रहेछ भने कानूनबमोजिम गर्न लगाउने अधिकार पुनरावेदन सुन्ने अड्डालाई दिएको छ । तर सो अधिकार प्रयोग गर्दा मातहत अदालतमा विचाराधीन रहेको मुद्दाको औचित्य नै समाप्त हुने गरी पुनरावेदन सुन्ने अदालतले आदेश गर्नु उपयुक्त देखिँदैन । यसर्थ पुनरावेदन अदालत पाटनको मिति २०७४।३।१ को आदेश कार्यान्वयन भएमा ललितपुर जिल्ला अदालतमा विचाराधीन रहेको मानाचामल मुद्दाको औचित्य समाप्त हुन जाने देखिएकोले सो आदेश कार्यान्वयन भएमा यी निवेदक मुलुकी ऐन, अंशबन्डाको महलको १० नं. ले प्रदान गरेको कानूनी अधिकारका साथै नेपालको संविधानले प्रदान गरेको समानताको हक महिलाको हकसमेतबाट वञ्चित हुन जाने हुँदा सो आदेश कायम रहन सक्ने नदेखिने ।

तसर्थ विवेचित आधार र कारणबाट केशव आचार्यको तलबको आधा रकम मुलुकी ऐन, अ.बं.१७१क नं. बमोजिम रोक्का गरेको ललितपुर जिल्ला अदालतलको मिति २०७३।८।२९ को आदेशलाई परिवर्तन नगरेको सो अदालतको मिति २०७३।११।२० को आदेशलाई बदर गरी रोक्का रहेको मासिक फुकुवा गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७४।३।१ मा भएको आदेशबाट नेपालको संविधानको धारा १८ द्वारा प्रदत्त निवेदक विमला सत्यालको समानताको हक तथा धारा ३८ द्वारा प्रदत्त महिलाको हक हनन् हुने देखिँदा उत्प्रेषणको आदेशले बदर गरी ललितपुर जिल्ला अदालतबाट मानाचामल मुद्दामा केशव आचार्यको तलबको आधा रकम रोक्का गर्ने गरेको मिति २०७३।८।२९ को आदेशलाई यथावत् राख्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः रामु शर्मा
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल मंसिर १८ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०७०-CR-०३०३, बहुविवाह, *नेपाल सरकार वि. जगदीश उपाध्यायसमेत*

जाहेरवालाले मिति २०६६।७।२२ मा जाहेरी दरखास्त दिएको र जाहेरी दरखास्त परिसकेपछि मात्र मिति २०६८।११।१७ मा प्रतिवादी जगदीश उपाध्याय र जाहेरवाला रीता शर्माको बिचमा सम्बन्ध विच्छेद भएको देखिन्छ । यसरी प्रतिवादीहरू जगदीश उपाध्याय र मेनु खड्काले विवाह गर्दाको समयमा निजको पहिलो श्रीमती जाहेरवाला रीता शर्मासँग सम्बन्ध विच्छेद भइसकेको नदेखिँदा अभियोग दाबीबमोजिम कसुर कायम गर्नुपर्नेमा दोस्रो विवाह गर्दा पहिलो सम्बन्ध नै कायम नरहेकोले बहुविवाहको अभियोगमा कसुरदार ठहर गर्नु मनासिब नहुने भनी सुरू ललितपुर जिल्ला अदालत र पुनरावेदन अदालत पाटनले गरेको फैसलासँग यो इजलास सहमत हुन सकेन । उल्लिखित आधार प्रमाणसमेतबाट प्रतिवादीहरूले बहुविवाहको कसुर गरेको देखिने ।

अतः माथि विवेचित कारण र आधारमा यी प्रतिवादीहरूउपर मिति २०६६।७।२२ मा नै जाहेरी दरखास्त परेको, जाहेरी दरखास्त परिसकेपछि मात्र मिति २०६८।११।१७ मा प्रतिवादी जगदीश उपाध्याय र जाहेरवाला सम्बन्ध विच्छेद भएको र सोभन्दा अगाडि नै प्रतिवादीहरू जगदीश उपाध्याय र मेनु खड्काको बिचमा विवाह भएकोमा प्रतिवादीहरूलाई

मुलुकी ऐन, विहावारीको महलको १० नं बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।१०।२८ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीहरू जगदीश उपाध्याय र मेनु खड्कालाई मुलुकी ऐन, विहावारीको महलको १० नं. बमोजिमको कसुरमा सोही दफाबमोजिम जनही १ वर्ष कैद र रू.५,०००।- (पाँच हजार) जरिवाना हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल फागुन १३ गते रोज १शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०६६-CI-१०१७, बकसपत्र बदर, *विष्णुकुमारी कुँवर वि. पूर्णभक्ती श्रेष्ठ*

वादी पूर्णभक्ति श्रेष्ठले भुवनेश्वर श्रेष्ठबाट पारित गराई लिएको हालैदेखिको बकसपत्रको जग्गा र प्रतिवादी त्रिरत्नले प्रतिवादी विष्णुकुमारी कुँवरलाई हालैको बकसपत्र गरिदिएको बालाजु २(ग) कि.नं.३८० को साबिक कि.नं.१ को जग्गामध्येकै रहेको तथ्य यिनै वादीले निजका दाता भुवनेश्वर श्रेष्ठसमेतको उपर दायर गरेको २०४३ सालको दे.नं.२४६ को कित्ता नं. संशोधन गरिपाउँ भन्ने मुद्दामा मिति २०४३।६।१३ मा भएको फैसलासमेतबाट पुष्टि भएको देखिने।

प्रतिवादीमध्येको विष्णुकुमारी कुँवरको उक्त कित्ता संशोधन गरिपाउँ भन्ने मुद्दाको फैसला बदर गरिपाउँ भनी दायर गरेको २०४५ सालको दे.नं. १३६६ को मुद्दा मिति २०४५।८।२० मा डिसमिस फैसला भएको देखिन्छ। प्रस्तुत मुद्दासँगै चलेको यिनै वादीले यिनै प्रतिवादीसमेतका उपर दायर भएको दु.फौ.नं.१५८/१५५९ को जालसाजी मुद्दाको मिसिल संलग्न नक्सा हेर्दा यी प्रतिवादी विष्णुकुमारी कुँवरको नाममा दाबीको हालैको बकसपत्र लिखतबाट पारित भएको कि.नं.४५६ को जग्गामा भएको घरसमेत वादीको भोगचलनमा रहेको देखिने।

प्रतिवादी त्रिरत्नको हकमा दाबीको लिखतको जग्गा प्राप्त हुनुपूर्व नै मोहीका हैसियतले तुलसी मालीले भोगचलन गरेको घर तुलसी मालीबाट भुवनेश्वर श्रेष्ठले राजीनामा गरी लिएको र सो घरजग्गा भुवनेश्वरबाट यी वादीले २०३१ सालमा नै हालैको बकसपत्र गरी लिएको देखिने।

२०३१ सालमा नै तत्काल मोहीबाट हक टुटाई लिने भुवनेश्वरबाट पारित गराई लिएको लिखतको घरजग्गालाई प्रतिवादी त्रिरत्नले मिति २०३९।१२।७ मा भएको भनिएको सट्टापट्टाको लिखतको आधारमा बालाजु २(ग) कि.नं.१ को सम्पूर्ण जग्गामा हक देखाई यी प्रतिवादी विष्णुकुमारी कुँवरलाई हालैको बकसपत्र गरिदिएको उल्लिखित लिखत प्रमाणबाट देखिएकोले सोही आधारमा वादीले भोगचलन गरी आएको लगाउको जालसाजी मुद्दामा भएको नक्साबाट देखिएको न.नं.४ को घर जग्गाको हकमा दाबीको बकसपत्र लिखतबाट वादीको हक मेट्ने देखिएकोले सो हालैको बकसपत्रको लिखत कायम रहन सक्ने अवस्थाको नदेखिँदा यस अदालतबाट मिति २०६७।१।३१ मा भएको मुद्दा दोहोऱ्याई हेर्ने निस्साको बेहोरा र प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ विवेचित आधार कारणबाट जालसाजी मुद्दामा भएको नक्सा मुचुल्काको न.नं.४ मा जनिएको घर जग्गाको हकमा मिति २०४३।३।१२ को हालैको बकसपत्रको लिखत बदर हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०६७-CI-०६६९, फैसला बदर, *रौउफ महमद गद्दी वि. रियासत गद्दीसमेत*

दे.नं.२००५ को खिचोला मुद्दामा उल्लिखित न.नं.१५, १६, १७, १८, १९, २० को जग्गाको आकृति हेर्दा प्रस्तुत मुद्दामा कपिलवस्तु जिल्ला अदालतको आदेशानुसार मिति २०६३।८।१५ मा भई आएको नक्सा मुचुल्काको न.नं.१५, १६ मा जनिएको घरजग्गाको आकृति प्रकृतिसँग भिडेको देखिएको छ । यसर्थ प्रस्तुत मुद्दामा भई आएको नक्सा मुचुल्काको न.नं.१५, १६ मा जनिएको जग्गाको २ भागमा वादीहरू इसु गद्दी र रियासत गद्दीको हक स्थापित रहेको देखिन आउने ।

दे.नं.२००५ को खिचोला मुद्दामा भएको फैसलाबाट रियासत गद्दी, इसु गद्दी र रौउफ गद्दीको हक कायम भएको विवादको उक्त जग्गाको तीन खण्डको एक खण्डमा मात्र प्रतिवादी रौउफ गद्दीको हक स्थापित भएकोमा दे.नं.१०८१ को अंश मुद्दामा निजले तायदाती देखाउँदा आफ्नो हक लाग्नेजतिको अर्थात् तीन भागको एक भाग जग्गा मात्र देखाउनु पर्नेमा इसु गद्दी र रियासत गद्दीको हक लाग्ने जग्गा पनि देखाएको र सोसमेत बन्डा लाग्ने गरी फैसला भएको पाइयो । प्रस्तुत मुद्दाका वादीहरू इसु गद्दी र रियासत गद्दी सो अंश मुद्दाको पक्ष नै नभएकोले निजहरूको समेत हक लाग्ने विवादित जग्गामा हक मेटिने गरी फैसला भएको पाइने ।

कि.नं.१६६१ र १६४५ को जग्गाको सम्बन्धमा हेर्दा, यिनै वादी प्रतिवादीहरूबिच चलेको अंश मुद्दामा मिति २०३६।१।७ मा मिलापत्र हुँदा कि.नं.३११ मध्ये ०-०-१३ जग्गा रियासत गद्दीले अंशबापत पाएकोले सो जग्गा कित्ताकाट हुँदा कि.नं.१६६१ कायम भएको देखियो । सोही मिलापत्रबाट कि.नं.८०४ को ०-०-७.५ जग्गा इसु गद्दीले अंशबापत पाएको र कित्ताकाट हुँदा कि.नं. १६४५ कायम भएको देखिन्छ । सो कुरालाई प्रतिवादी रौउफ गद्दीले अन्यथा हो भनी ठोस रूपमा देखाउन सकेको अवस्थासमेत नदेखिने ।

मिलापत्रबाट रियासत गद्दी र इसु गद्दीले प्राप्त गरेको घर जग्गा लामो समयपछि वादी फिदा गद्दी भई आफ्ना दाजुभाइ तथा आमासमेतलाई विपक्षी बनाई आफ्नो बाबुतर्फको हाँगाका अंशियारहरूलाई प्रतिवादी बनाई दिएको दे.नं.१०८१ को अंश मुद्दाको तायदातीमा रौउफ महमद गद्दीले आफ्नो हकको जग्गासरह फाँटवारीमा देखाई पेस गरेको र उक्त जग्गाहरूमा समेत अंश लाग्ने गरी मिति २०६०।१०।८ मा कपिलवस्तु जिल्ला अदालतबाट फैसला भएको पाइने ।

अतः विवेचित आधार र कारणबाट न.नं.१५, १६ मा जनिएको पूरै जग्गा प्रतिवादी रौउफ महमद गद्दीले तायदातीमा देखाई प्रतिवादीहरूले आपसमा बन्डा गरेको देखिएकोले वादीको हकमा असर परेको हदसम्म कपिलवस्तु जिल्ला अदालतबाट दे.नं.१०८१ को अंश मुद्दामा मिति २०६०।१०।८ मा भएको फैसला बदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६६।१२।१६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामु शर्मा

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०६९-CI-०९९६, निषेधाज्ञा / परमादेश, *केदारबहादुर अधिकारीसमेत वि. होटल एभरेष्ट इन्टरनेसनल प्रा.लि.*

नेपालको संविधानले सम्पत्तिको हकलाई मौलिक हकको रूपमा स्वीकार गरेको छ । यसका अतिरिक्त संविधानमा नै बृहत्तर हितका लागि व्यक्तिको सम्पत्ति कानूनको उचित प्रक्रिया पूरा गरी मुआब्जा

(क्षतिपूर्ति) दिई सार्वजनिक हितका लागि प्रयोग गर्न सक्ने प्रावधानसमेत रहेको देखिन्छ । बृहत्तर सार्वजनिक हितको लागि राज्यले व्यक्तिको सम्पत्ति प्राप्त गर्न सक्ने सन्दर्भमा जग्गा प्राप्ति ऐन, २०३४, सार्वजनिक सडक ऐन, २०३१, नगर विकास ऐन, २०४५ तथा उपत्यका विकास प्राधिकरण ऐन, २०४५ समेतका प्रचलित कानूनहरूको प्रयोग र पालना गर्ने कुरा महत्त्वपूर्ण र सान्दर्भिक देखिन्छन् । व्यक्तिको सम्पत्ति राज्यले प्राप्त गर्दा कानूनबमोजिमको निश्चित कार्यविधि अनुशरण गर्नुपर्ने ।

कानूनको उचित प्रक्रिया (Due process of Law) पूरा गरेर राज्यले व्यक्तिको निजी सम्पत्ति सार्वजनिक हितका लागि प्रयोग वा उपभोगमा ल्याउन सक्तछ । तर कानूनबमोजिमको प्रक्रिया पूरा नगरी G.L.D. वा अन्य कुनै नाममा स्वेच्छाचारी तवरबाट व्यक्तिको सम्पत्ति कब्जा गर्नु वा अन्य प्रयोजनमा उपभोग गर्नु न्यायोचित हुँदैन । विवादित बाटो विस्तार गर्न लागिएको स्थानको जग्गा G.L.D. अन्तर्गतको हो भनी देखिने कुनै भरपर्दो वा विश्वसनीय तथ्यगत आधार प्रस्तुत हुन आएको देखिँदैन । यस अवस्थामा कानूनद्वारा निर्धारित प्रक्रिया अनुशरण नगरी निजी घर पर्खाल जस्ता संरचना भत्काउने र बाटो विस्तार गर्ने कार्य गर्नु उचित नदेखिने ।

सडक विस्तार जस्ता विकास निर्माणका सन्दर्भमा सरकारले व्यक्तिको निजी जग्गालगायतका सम्पत्ति उपभोगमा ल्याउन सक्तछ । तर त्यसो गर्दा सोबापतको क्षतिपूर्ति दिनु पर्दछ । सार्वजनिक हित र सरोकारको विषय अथवा विकास निर्माणको काम भन्दैमा व्यक्तिको सम्पत्ति जथाभावी कब्जा गर्ने छुट हुन सक्तैन । सामान्यतयाः व्यक्तिको सम्पत्ति सार्वजनिक उपभोगमा ल्याउनुपूर्व कानूनी रीत विधि पुऱ्याएर उचित क्षतिपूर्ति प्रदान गर्नु पर्दछ । तथापि कतिपय अवस्थामा विकास निर्माणको कार्य रोक्न नहुने; तत्काल अगाडि बढाउनु पर्ने अवस्था आइपर्ने भएकाले विकास निर्माणको कार्य र निजी सम्पत्ति प्राप्त गरेबापत क्षतिपूर्ति दिने प्रक्रिया साथसाथै पूरा गर्ने स्थिति पनि हुन्छ । तर कुनै सोधभर्ना, मुआब्जा वा क्षतिपूर्ति नदिई सार्वजनिक हित वा प्रयोजनका लागि भनी व्यक्तिको निजी सम्पत्ति स्वेच्छाचारी तवरबाट प्रयोग गर्नु संविधानद्वारा प्रदत्त हकको भावना र मर्म प्रतिकूल हुन जाने ।

अतः उपर्युक्तानुसारको विवेचित आधार र कारणबाट सरकारले कानूनी प्रक्रिया पूरा गरी व्यक्तिको निजी सम्पत्तिसमेत पर्ने गरी सडक विस्तारको कार्य गर्न पाउने भए पनि यसका लागि प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गर्नु वाञ्छनीय हुने भएकाले सो कुराको प्रतिकूल हुने गरी भएका काम कारबाही गर्नबाट निषेध गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०५।१३ मा भएको आदेश मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: अशोककुमार क्षेत्री
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ साल असोज १४ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई**, ०६७-CI-०८६१, अंश दर्ता, *महेन्द्र यादव वि. सूर्य नारायण यादवसमेत*

प्रतिवादीमध्येका सूर्यनारायणकी पत्नी सुदामादेवी यादवका नाउँमा रहेका कि.नं.३५०, ६९३, ८२, ८१, १२६, ८३ र २५८ का ७ कित्ता जग्गाहरू विभिन्न मितिमा (२०४४ सालदेखि २०५६ सालसम्म) पारित रजिस्ट्रेसनका लिखतबाट प्राप्त भएका देखिन्छन् । उक्त लिखतहरूको कैफियतमा "धनीको माइतीबाट दिएको दाइजोको रूपैयाँ बुझिलिएको" भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । लिखतमा माइतीको सम्पत्तिबाट खरिद भएको भन्ने उल्लेख भएको हुँदा उक्त सम्पत्ति आफ्नो निजी भई बन्डा लाग्नु नपर्ने भन्ने प्रतिवादी सुदामादेवीको प्रतिउत्तर जिकिर रहेको

पाइन्छ । लिखतको कैफियतमा उल्लेख भए पनि प्रतिवादी सुदामादेवीले जग्गा खरिद गर्दा तिरेको रकम निजको निजी आर्जनको हो भन्ने कुराको पुष्ट्याईं गर्ने कुनै अन्य प्रमाण पेस गर्न सकेको नपाइने।

आफ्नो निजी बन्डा नलाग्ने सम्पत्ति हो भनी प्रमाणित गर्नुपर्ने प्रमाणको भार सोको जिकिर लिने प्रतिवादीमा नै रहन्छ। सुदामादेवीको नाउँमा आएका जग्गाहरू राजीनामाबाट आएका र माइतीबाट निजलाई रकम दिएको भन्ने कुनै प्रमाण पेस गर्न नसकेको अवस्थामा केवल लिखतमा माइतीबाट दिएको रकमबाट खरिद भएको भन्ने उल्लेख भएकै आधारमा दाइजो पेवाको सम्पत्ति भन्न मिल्ने देखिन आएन।

अतः प्रतिवादी सुदामादेवीले दाइजोको रकमबाट जग्गाहरू खरिद गरेको भन्ने तथ्ययुक्त सबुद प्रमाण पेस गर्न नसकेबाट त्यस्तो जग्गा सगोलको सम्पत्ति सम्झनु पर्ने भई बन्डा लाग्ने सम्पत्ति देखिन आयो । सुदामादेवीका नाउँको जग्गा बन्डा नलाग्ने गरी भएको पुनरावेदन अदालत राजविराजको मिति २०६७।३।२१ को फैसला सो हदसम्म मिलेको देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी सुदामादेवीका नाउँका जग्गा बन्डा नलाग्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६७।३।२१ मा भएको फैसला सो हदसम्म नमिलेको देखिँदा केही उल्टी भई सुरु सप्तरी जिल्ला अदालतको मिति २०६६।२।६ को फैसला सदर हुने।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७५ साल जेष्ठ ९ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७१-CI-१६५४, निषेधाज्ञा / परमादेश, *बन्तीलाल महरा वि. नमूना गाउँ विकास समितिको कार्यालय, किसनपुर सर्लाही*

अदालतमा न्याय माग गर्न आउने व्यक्तिले सफाहात लिई आउनु पर्दछ । के कस्तो कामको जिम्मेवारी लिने गरी कुन मितिमा के कस्तो निवेदन दिएको र कुन अधिकारप्राप्त अधिकारीबाट के कुन काम सम्पन्न गर्न कुन, कहाँ र के जिम्मेवारी दिई कसरी नियुक्त गरिएको थियो भन्नेबारे यी पुनरावेदकले स्पष्ट गर्न सकेको नपाइने।

गाउँ विकास समिति जस्तो जनतासँग प्रत्यक्ष सम्पर्क र सरोकार रहने जनप्रतिनिधिमूलक निकायमा सुशासन अत्यन्त आवश्यक हुन्छ । कुनै पनि राजनीतिक दलको प्रभाव वा संरक्षणकै आधारमा मनलागी तवरबाट काम गर्न वा गराउन मिल्ने होइन । १५ वर्षभन्दा बढी अवधिको लागि करारमा नियुक्ति गरेको भन्ने दाबी देखादेखी अविश्वसनीय छ । गाउँ विकास समितिको कुनै अधिकारीले यस प्रकृतिबाट कसैलाई नियुक्त गर्दैमा राज्यकोषको दोहन हुने गरी कुनै काम भए गरेको भए पनि त्यस्तो बदनियतपूर्ण कार्यलाई अदालतले समर्थन गर्न सक्दैन । स्थानीय निकाय ऐन, नियमबाट मात्र सञ्चालित हुन सक्छ, कानूनको परिधि नाघेर कसको लहड वा स्वार्थमा गरिएको निर्णय वा नियुक्तिले वैधानिकता पाउन सक्दैन। नियुक्ति लिएको भनी दाबी लिने व्यक्तिले पनि आफैँले आफूले पाएको नियुक्ति वा गरेको करार कानूनसङ्गत छ छैन, त्यस्तो कार्यले भविष्यमा वैधानिकता पाउँछ वा पाउँदैन भन्नेतर्फ होस पुऱ्याउनु आवश्यक हुने।

एउटै व्यक्तिलाई लामो समयसम्म करारमा नियुक्ति गरेको भनिएको कार्य र कुनै कामको जिम्मेवारी नलिई एक आर्थिक वर्षमा एकैपटक तलब भुक्तानी लिने भन्ने कुरालाई प्रचलित कानूनसम्मत भन्न सकिँदैन । सेवा करारमा नियुक्ति भएका कर्मचारीले आफूले जिम्मेवारी वहन गर्नुपर्ने, काम गरेको प्रमाणित गर्नुपर्ने र मनासिब माफिक आवधिक रूपमा तलब भत्ता भुक्तानी लिनु दिनु पर्नेमा एकै वर्षको एकैमुष्ठ एउटै

आर्थिक वर्षमा लिएको भन्ने पुनरावेदक दाबी जिकिर स्वीकारयोग्य देखिन नआउने।

अतः यी पुनरावेदकले प्राविधिक सहायक पदमा नियुक्ति पाएको भनिएको गाउँ विकास समितिको परिषद्को निर्णय देखाउन नसकेको र सो मितिमा कुनै निर्णय नै भएको छैन भन्ने गाउँ विकास समितिको लिखित जवाफ हुँदा नियुक्ति भएको भनिएको कार्य नै प्रमाणित हुनसक्ने नहुँदा निवेदनको मागबमोजिमको आदेश जारी गरी रहन परेन भनी रिट निवेदन खारेज हुनाका साथै मिति २०७१।५।१५ मा जारी भएको अन्तरिम आदेशसमेत खारेज हुने ठहऱ्याई भएको मिति २०७१।१०।२० को पुनरावेदन अदालत जनकपुरको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेष्ठ २५ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७१-CR-१६०५, अवहेलना, *बन्तीलाल महरा वि. नमूना गाउँ विकास समितिको कार्यालय, किसनपुर सर्लाहीसमेत* रहेको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७२-RB-०४७०, आयकर (०६१/६२), *आनन्दराज ढकाल वि. सुभ्राकेतन मित्रा*

आर्थिक अध्यादेश २०६१ र २०६२ ले प्रशासकीय पुनरावलोकन गर्दा धरौटी राख्नु पर्ने भनी आयकर ऐनमा भएको व्यवस्थालाई खारेज गरेको भन्ने खुल्न आएको पाइयो। तर पुनः २०६१ र २०६२ पश्चात् आयकर ऐन, २०५८ को दफा ११५(६) मा भएको व्यवस्था यथावत् कायम रहेको देखियो। प्रत्यर्थी प्रा.लि.ले ठूला करदाता कार्यालयले २०६६।६।३० मा गरेको संशोधित कर निर्धारणको आदेशउपर आन्तरिक राजस्व कार्यालयमा पुनरावलोकनको निवेदन दिएकोमा सो समयमा उक्त दफा ११५(६) अनुसारको धरौटी रकम राख्नु नपर्ने गरी कानून संशोधन भएको भनी जिकिर लिन सकेकोसमेत देखिएन। आयकर ऐन, २०५८ को दफा ११५(६) मा प्रशासकीय पुनरावलोकन गर्दा तिर्नुपर्ने करको पचास प्रतिशत रकम बुझाउनु पर्ने गरी व्यवस्था गरेको देखिन्छ। प्रत्यर्थी प्रा.लि.ले आन्तरिक राजस्व कार्यालयमा प्रशासकीय पुनरावलोकन गर्दा उक्त कानूनी व्यवस्थाबमोजिम धरौटी राखेको भन्ने नदेखिने।

कार्यविधि कानूनले कसैको पनि हक अधिकारको सिर्जना गर्ने नभई कार्यविधिसम्म व्यवस्थित गर्ने भएकोले कारबाही हुँदाका बखत जुन कानून विद्यमान रहेको छ सो समय सोही कार्यविधि कानून आकर्षित हुन्छ। प्रशासकीय पुनरावलोकन गर्ने सम्बन्धमा आयकर ऐन, २०५८ मा भएको कानूनी व्यवस्था सारवान् कानून नभई कार्यविधिसम्बन्धी कानून भएकोमा विवाद देखिएन। २०६१।६२ मा आयकर ऐन, २०५८ मा संशोधन भई प्रशासकीय पुनरावलोकन गर्दा धरौटी राख्नु नपर्ने गरी कानूनी व्यवस्था भएकोले प्रत्यर्थी प्रा.लि.को आ.व. २०६१।६२ को लागि निर्धारण गरिएको आयकरको विषयमा प्रशासकीय पुनरावलोकन गर्दा सो व्यवस्था नै आकर्षित हुन्छ भनी प्रत्यर्थी प्रा.लि.ले जिकिर लिए पनि आ.व. २०६१।६२ को ठूला करदाता कार्यालयले संशोधित आयकरसम्बन्धी आदेश २०६६।६।३० मा गरेको र सोउपर प्रत्यर्थी प्रा.लि.ले २०६६ सालमा नै प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएको भन्ने देखिँदा सो समयमा विद्यमान रहेको आयकर ऐन, २०५८ को दफा ११५(६) बमोजिमको प्रक्रिया पूरा गर्नु नपर्ने भनी व्याख्या गर्नु कार्यविधि कानूनको सिद्धान्तविपरीत हुन्छ। कारबाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसलालाई न्यायोचित भन्न नमिल्ने।

अतः विवेचित तथ्य, सिद्धान्त एवम् प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५(६) को व्यवस्था आर्थिक अध्यादेश २०६१।६२ बाट खारेज गरी धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नुपर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन । राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।३।२५ को फैसला बदर भई उल्टी हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७१-CR-११३३, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. कमल रायमाझी*

अभियोग पत्रमा रू.८,३३,०००।- को दाबी लिइएको भए तापनि प्रतिवादीले जाहेरवालालाई गरिदिएको मिति २०७०।२।२६ को लिखतअनुसार जाहेरवालाले प्रतिवादी कमल रायमाझीलाई रू.४,४०,०००।- मात्र दिएको देखिँदा सोही रकमलाई बिगो मान्नुपर्ने हुन्छ। यसरी प्रतिवादीलाई जाहेरवालाले रू ४,४०,०००।- दिएकोमा सोको ५०% हुने हर्जाना रू. २,२०,०००।- समेत गरी जम्मा रू.६,६०,०००।- प्रतिवादीबाट जाहेरवालाले भराइ पाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिन्छ । बिगो रू.८,३३,०००।- रूपैयाँ र सोको ५०% ले हुन आउने हर्जाना रू.४,१६,५००।- समेत गरी जम्मा रू.१२,४९,५००।- प्रतिवादी कमल रायमाझीबाट जाहेरवाला लक्ष्मी शर्मालाई दिलाई भराइ पाउनु पर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको जिकिरसँग यो इजलास सहमत हुन नसकिने।

अतः विवेचित कारण र आधारमा प्रतिवादी कमल रायमाझी र जाहेरवाला लक्ष्मी शर्माबिच भएको मिति २०७०।२।२६ को लिखतअनुसार प्रतिवादीले जाहेरवालाबाट रू.४,४०,०००।- लिएको देखिँदा सोको ५०% हुने हर्जाना रू.२,२०,०००।- समेत गरी जम्मा रू.६,६०,०००।- प्रतिवादीबाट जाहेरवालाले भराइपाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।९।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, ०७२-CR-०३५८, बैंक रकम हिनामिना मस्यौट, *नेपाल सरकार वि. धनबहादुर गुरूङसमेत*

प्रतिवादीहरू देवनप्रसाद साह र शम्भुप्रसाद साहबाट नोक्सान भएको बिगो रू.१५,१६,०००।– र भरिभराउ हुँदासम्मको ब्याज राष्ट्रिय वाणिज्य बैंकलाई भराई दिई निजहरूलाई जनही रू.५,०००।– जरिवाना हुने ठहरी सप्तरी जिल्ला अदालतबाट भएको फैसलामा चित्त बुझाई पुनरावेदन नगरेकोले निजहरूको हकमा केही बोलिरहनु नपर्ने।

प्रतिवादीहरू खजाञ्ची वा निज मातहतको कर्मचारी रहेको भन्ने देखिँदैन । विना आधार सुन भनी धितोमा लिएको वस्तु कुधातु भएकोमा ठोस एवम् स्पष्ट प्रमाणबाट पुष्टि भएको अवस्थामा बाहेक खजाञ्ची र जाँचकीबाहेकका अन्य कर्मचारीलाई दोषी ठहर गर्न मिल्ने देखिँदैन। प्रमाणको भार वादीमा रहने हुँदा वस्तुनिष्ठ प्रमाणको आधारबाहेक बैंकमा कार्यरत अन्य कर्मचारीहरूलाई दोषी ठहर गर्नु न्यायिक सिद्धान्त र मान्यताविपरीत हुन जान्छ। प्रतिवादीहरूले बैंकको प्रक्रियाअनुसार उक्त धितो लिनेसम्बन्धी कुनै कागजातमा सहिछाप गरेकै आधारमा सजाय गर्न मिल्ने नदेखिने।

तसर्थ, सुरू सप्तरी जिल्ला अदालतबाट पुनरावेदक प्रतिवादीहरू धनबहादुर गुरूङ, उपेन्द्रनारायण यादव, गोनुप्रसाद सिंह दनुवार र कालिप्रसाद यादवलाई जनही रू.५००।– जरिवाना हुने ठहरी भएको फैसला केही उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१२।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल मङ्सिर ४ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०६८-WO-०८४०, उत्प्रेषण / परमादेश, *कमलप्रसाद इटनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रकाश दाहाललाई सगरमाथा चढ्नको लागि रू.२ करोड दिने भनी मिति २०६८।१२।३ मा निर्णय गरेको भनी नागरिक दैनिक, अन्नपूर्ण पोस्टलगायतका सञ्चार माध्यमहरूबाट जानकारी पाएको भनी जिकिर लिएको देखिन्छ । अर्को शब्दमा भन्दा उक्त सञ्चार माध्यमहरूमा आएको समाचारको हवाला दिई प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । निवेदकले मिति २०६८।१२।३ मा विपक्षी मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको भनी जिकिर लिएको भए तापनि विपक्षीहरूले दायर गरेको लिखित जवाफमा यस प्रकारको कुनै पनि निर्णय र निकासा नभएको भनी जिकिर लिएको देखिन्छ। यस अदालतको मिति २०६८।१२।६ को आदेशबमोजिम प्राप्त हुन आएको मिति २०६८।१२।३ गतेको नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयको प्रतिलिपि हेर्दा त्यस प्रकारको कुनै पनि निर्णय भएको देखिँदैन । यसरी रिट निवेदनमा नेपाल सरकार, मन्त्रिपरिषद्को जुन मितिको निर्णयमा प्रकाश दाहाललाई रकम दिने भनी निर्णय भएको भनी जिकिर लिइएको छ । उक्त मितिमा त्यसप्रकारको कुनै पनि निर्णय भई रकमको निकासा भएको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज भई मिति २०६८।१२।२२ गतेको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६८-WO-०८३६, उत्प्रेषण, *भरतमणि जङ्गम वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*
- ०६८-WO-०८३७, उत्प्रेषण, *रामचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

११

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-WO-०२९६, उत्प्रेषण, *अशोककुमार गुप्ता वि. सचिदानन्द प्रसादसमेत*

स्वर्गीय खोभारी साहुका छोराहरू सचिदानन्दप्रसाद, जनार्दनप्रसाद र गिरधरप्रसाद तथा खोभारी साहुका बिच निजको जीवनकालमै अंशबन्डा गरी छुट्टीभिन्न भएको देखिन्छ। अंशबन्डापश्चात् निज खोभारी साहुको स्याहार सुसार औषधी उपचार र मृत्युपश्चात् क्रियाकर्म, श्राद्धसमेत आफूले गरेकोमा बाजे खोभारी साहुको मृत्युपश्चात् निजको नाउँको सम्पत्ति छोरा सचिदानन्दप्रसाद, जनार्दनप्रसादका छोरा शम्भुप्रसाद रौनियार र गिरधरप्रसादका छोरा माधवप्रसाद गुप्ताले नामसारी गरिपाउँ भनी मालपोत कार्यालयमा निवेदन दिएकोमा निवेदक अशोककुमार गुप्ताले समेत निवेदन दिएको देखिन्छ । उक्त

निवेदनउपर कारबाही हुँदा मालपोत कार्यालयबाट हक र अंशियार खुल्ने गरी गाउँ विकास समितिका प्रतिनिधिको रोहबरमा स्थलगत बुझी पेस गर्नु भन्ने आदेश भएको देखिने।

नामसारी गरिपाउँ भनी मालपोत कार्यालयमा निवेदन दिई उक्त निवेदन विचाराधीन रहेकोले सोही निवेदनबाट निवेदकले उठाएको प्रश्नको निरूपण हुने अवस्थासमेत रहेको पाइयो । यसरी प्रमाण बुझ्ने क्रममा भएको आदेशको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाका अनुकूल हुने देखिँदैन। हाल मालपोत कार्यालयमा विचाराधीन नामसारी गरिपाउँ भन्ने निवेदनबाट यथोचित निरूपण हुने नै देखिन्छ। निवेदन मागबमोजिम आदेश जारी नगर्दा निवेदकलाई अन्यथा गम्भीर अन्याय पर्ने अवस्थासमेत देखिएन। तसर्थ रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल मङ्सिर ३ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CR-१०१४ र ०७१-RC-००५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनयकुमार भुज र नेपाल सरकार वि. श्रवणकुमार मुराउ (मौर्य)*

लासको छाती, चिउँडो, बायाँ गाला, हातको पाखुरा पिठ्युमा एक / एक राउण्ड गोली लागेको भन्ने लासजाँच प्रकृति मुचुल्कामा उल्लेख भएको बेहोरा र यी प्रतिवादी गुरूङ भन्ने श्रवणकुमार मुराउ (मौर्य) को अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट मृतकको मृत्यु गोली प्रहारबाट भएको कुरा एकआपसमा मिल्नभिड्न आएको देखिन्छ । आफूलाई कसुरदार ठहर्‍याई सुरू अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय हुँदासमेत पुनरावेदन अदालत र यस अदालतमा पुनरावेदन नगरी फैसलामा चित्त बुझाई बसेको देखिएबाट पनि मृतकलाई गोली प्रहार गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता नरहेको भन्ने कुरा विश्वासलायक देखिँदैन। यस स्थितिमा मिसिल संलग्न कागज प्रमाणबाट उक्त गोली प्रहार गर्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहेको भन्ने कुरा पुष्टि भइरहेको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसला साधकको रोहमा मिलेकै देखिने।

प्रतिवादी रोहित (अभय) भन्ने विनयकुमार भुजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफू बोर्डरमा बसी रेक्की गरेको, मृतकसँग आफ्नो कुनै रिसइवी नरहेको र नसिमको योजनाअनुसार श्रवणले गोली हानेको भनी आफू वारदातस्थलभन्दा टाढै भारतको सिमानामा रहेको कुरा स्वीकार गरे पनि अदालतसमक्षको बयानमा भने कसुरमा पूर्ण इन्कार रहेको देखिन्छ । सहप्रतिवादी गुड्डु (शिवा) भन्ने श्रवणकुमार मौर्यले घटनास्थलमा पुगेपछि विनोद, प्रमोद र मैले सचिवलाई पटकपटक गोली हानी हत्या गरी विनोद र प्रमोद अर्को बाटोबाट तथा म अर्को बाटोबाट भारत प्रवेश गर्‍यौं। विनोदहरू भागी हाले मैले मेरो मोटरसाइकलमा बोर्डरनिरबाट रोहित र विनयलाई राखी नसिमको घर गयौ भनी विनयउपर पोल गरेको देखिन्छ। उक्त पोलको आधारमा हेर्दा पनि यी प्रतिवादी घटनास्थलमा उपस्थित रहेको नभई घटनास्थलबाट भन्दा टाढा भारतको बोर्डरमा रहेको भन्ने देखिँदा निजले मृतकलाई मार्ने कार्यमा सहयोग पुर्‍याएको भन्ने कुरा पुष्टि हुनसक्ने नदेखिने।

टाढै रहेको चारैतर्फ खुल्ला, आँपको

बगैंचा भएको स्थानमा वारदात घटित भएको कुरा घटनास्थल प्रकृतिबाट देखिन्छ। यस्तो खुला ठाउँको नजिकै रही प्रतिवादीले उक्त १७(२) नं.मा उल्लिखित किसिमबाट घेरा दिने, बाटो गौंडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेतका कार्य गरेको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट खम्बिर हुन सकेको देखिँदैन। निजउपरको अभियोग दाबी शङ्कारहित तवरबाट वादी पक्षले प्रमाणित गर्न नसकेको अवस्थामा निजउपरको जाहेरी र सहप्रतिवादीको पोलकै आधारमा मात्र कर्तव्य ज्यान जस्तो फौजदारी अपराधमा कसुरदार कायम गरी सजाय गर्न मनासिब नदेखिँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिने।

तसर्थ उल्लिखित आधार प्रमाणबाट प्रतिवादी गुड्डु (शिवा) भन्ने श्रवणकुमार मुराउ (मौर्य) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने र प्रतिवादी रोहित (अभय) भन्ने विनयकुमार भुजलाई आरोपित कसुरबाट सफाइ दिने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।७।२८ मा भएको फैसला प्रतिवादी गुड्डु (शिवा) भन्ने श्रवणकुमार मुराउ (मौर्य) को हकमा साधकको रोहमा तथा प्रतिवादी रोहित (अभय) भन्ने विनयकुमार भुजको हकमा पुनरावेदनको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल जेष्ठ १४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CR-१०३८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. श्रीमती विनु राईसमेत*

बैनी र श्रीमतीउपर घटित घृणित अपराधका कारण अत्यन्त आक्रोशित प्रतिवादीहरूले मृतकलाई सामान्य कुटपिट नगरी गम्भीर प्रकृतिकै कुटपिट गरेको कुरा विश्वासलायक नै देखिन्छ। मृतकउपर पटकपटक लामो समयसम्म कुटपिट भएको अवस्था छ । उक्त पटकपटकको कुटाईको परिणामस्वरूप मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीद्वय रविन्द्र र गोपालकै कुटपिटबाट मृतकको मृत्यु भएको कुरा मिसिल संलग्न कागज प्रमाणबाट निर्विवाद पुष्टि हुनआयो । यी दुई प्रतिवादीको उक्त कार्य ज्यानसम्बन्धीको महलको १३ (३) नं. मा वर्णित कानूनी व्यवस्थाको परिधिभित्रकै देखिँदा प्रतिवादीहरू रविन्द्र र गोपाललाई सोही नं. बमोजिम सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेकै देखिने।

मृतकले प्रतिवादीहरू गोपालकी बहिनी र रविन्द्रकी पत्नीउपर जबरजस्ती करणीजस्तो जघन्य कसुर गरेको देखिन्छ। यी प्रतिवादीहरूले आफैँ मात्र नभई गाउँ समाज गुहारेकोले योजनाबद्ध किसिमले मृतकको हत्याको नियत लिएको देखिँदैन । बिनु राईबाहेक अरू महिलाहरूसँग पनि यौन दुर्व्यवहार तथा लुटपिट आदि गरेको भन्ने कुरा मृतकले स्वीकार गरेको र पीडित प्रतिवादी बिनु राईलाई मृतक देखाउँदा बिनु राईले हो भनेको समयमा तत्कालै कुटपिट भएबाहेक अरू समयमा कुटपिट भएको भन्ने देखिँदैन । मावली हजुरबुबाको घरबाट कागज गरी बुझी ल्याएको देखिएको हुँदा मृतकलाई अधिकार प्राप्त निकायसमक्ष बुझाउने नियत रहेको भन्ने नै देखिने।

घटना घट्दाको तत्कालीन परिस्थिति हेर्दा कुटपिट भएपनि मृतक मरी नै हालोस् भन्ने प्रतिवादीहरूको स्पष्ट चाहना नभई नसिहतसम्म दिन खोजेको र उपचारमा समेत सहयोग गरी मृतकलाई बचाउने कोसिस भएको देखिन्छ । यसको अतिरिक्त वारदात छल्नका लागि फरार भएको नभई कसुर प्रकासित हुनुअगावै स्वेच्छाले यावत् कुरा स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको समेत देखिँदा प्रतिवादीद्वय रविन्द्र राई र गोपाल राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम

जन्मकैद गर्दा चर्को पर्न जाने भई यी प्रतिवादीहरूलाई अ.बं.१८८ नं. बमोजिम कैद वर्ष ६(छ) गर्दा ऐनको मकसद पूरा हुने देखिएकोले पुनरावेदन अदालतबाट अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ६(छ) हुने भनी व्यक्त रायसमेत मनासिब नै देखिन आउने।

प्रतिवादीद्वय रविन्द्र र गोपालले हामीहरूले मृतकलाई बल प्रयोग गर्दैनौं भनी अन्य प्रतिवादीहरूसँग सहमति भई यी प्रतिवादीहरू विनु राईसमेत गाउँलेको नाताले मृतकलाई पक्रन गएकोमा प्रतिवादी रविन्द्रकी पत्नी र प्रतिवादी गोपालकी बैनी विरूद्धको जघन्य कसुरबाट अचानक उत्तेजित भई प्रतिवादीद्वय रविन्द्र र गोपालले सहमति विरूद्ध मृतकलाई अन्य प्रतिवादीहरूको उपस्थितिमा कुटपिट गरेको बाहेक अरू कुरालाई वादीले प्रमाणित गर्न नसकेकोले मृतकको ज्यान लिने वा निजलाई सांघातिक घा चोट पुर्‍याउने सबै प्रतिवादीको साझा नियत र कार्य अर्थात् (means Rea and Acts Rea) को अभाव देखिँदा कसुर स्थापित हुने अवस्था नदेखिने।

फौजदारी न्यायमा प्रतिवादीको गल्ती (fault) र सोको परिणाम (Result) बिच सम्बन्ध (Connection) देखिनु पर्छ । फौजदारी कसुरमा कसुरदार कायम गर्न प्रतिवादीहरूको नियत निर्विवाद तवरबाट प्रमाणित हुनुपर्ने भन्ने फौजदारी कानूनको मूलभूत सिद्धान्त नै हो। मृतकलाई एउटा प्रयोजनको लागि भनी ल्याउन गएका प्रतिवादीहरूसमेतले हातमा डोरीले बाँधेर मृतकलाई ल्याउन सहयोग गरेकै भएपनि सो कारणबाट मृतकको मृत्यु भएको कुरा प्रमाणित हुँदैन। यी प्रतिवादीहरूको नियत मृतकलाई मार्ने नभई अधिकारप्राप्त अधिकारीसमक्ष बुझाउने रहेको कुरा निजलाई बुझिलिएको कागजबाट पुष्टि हुने।

मृतकलाई हातमा डोरीले बाँधी ल्याएको भनेपनि डोरीले बाँधेकै कारणबाट मृतक मरेको वा त्यसबाट वारदातमा सहयोग पुगेको भन्ने अभियोग दाबी नभई सबै प्रतिवादीहरूको सामूहिक कुटाईबाट मृतकको मृत्यु भएको भन्ने अभियोग दाबी रहेकोमा यी प्रतिवादीहरूले मृतकलाई कुटेको कारणबाट मृतकको मृत्यु भएको हो भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको छैन। प्रतिवादीद्वय गोपाल राई र रविन्द्र राईले समेत आफूहरूले प्रहार गरेको चोटका कारणबाट मृतकको मृत्यु भएको भनी बयान गरेको आधारबाट पनि यी प्रतिवादीहरूको कुटाइको कारणबाट मृतकको मृत्यु भएको नभई प्रतिवादीहरू रविन्द्र र गोपालकै कुटाइको कारणबाट मात्र मृतकको मृत्यु भएको कुरा पुष्टि भई निजहरूलाई कसुरदार कायम गरी सजाय भएको अवस्था छ। कर्तव्य ज्यानजस्तो फौजदारी अपराधमा प्रतिवादीहरूउपरको कसुर शङ्कारहित तवरबाट वादी पक्षले निर्विवाद पुष्टि गराउन सक्नुपर्ने हुन्छ तर प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूकै चोट प्रहारबाट मृतकको मृत्यु भएको भन्ने माथि विवेचित आधार प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा केवल घटना वारदातमा उपस्थितिसम्म रहेको देखिएकै आधारमा कसुरदार कायम गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर प्रचलित फौजदारी न्याय सिद्धान्तसमेतका आधारमा मनासिब देखिन नआउने।

तसर्थ प्रतिवादीहरू रविन्द्र राई र गोपाल राईलाई सफाइ दिएको सुरू भोजपुर जिल्ला अदालतको मिति २०६७।१।२९ फैसला केही उल्टी भई प्रतिवादीहरू रविन्द्र राई र गोपाल राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद गरी ऐ. ऐनको अ.बं.१८८ नं. बमोजिम कैद वर्ष ६ (छ) हुने भनी व्यक्त राय एवम् तीबाहेकका अरू प्रतिवादीहरू विनु राई, निरकुमार शाक्य, बाबुराम शाक्य, प्रविण तामाङ, मिलान भन्ने मिलन राई, खड्गबहादुर गुरूङ, नन्दराज राई, योगराज लुइँटेल, चण्डिका भनेकी कुमारी लुइँटेल, जुरणसिंह राई, सुखराज राई, दिवीराज राई, समराज राई र सुवास राईले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई भएको

पुनरावेदन अदालत धनकुटाको मिति २०६८।८।१२ को फैसला प्रतिवादीहरू रविन्द्र राई र गोपाल राईको हकमा साधकको रोहमा तथा अन्य प्रतिवादीहरूको हकमा पुनरावेदनको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ १४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१६१९, जबरजस्ती करणी, *सिताराम चौधरी वि. नेपाल सरकार*

जबरजस्ती करणीको अपराध हुनका लागि स्त्रीको योनिभित्र पुरूष जानेन्द्रिय पूर्ण रूपमा प्रवेश भएकै हुनुपर्ने, स्त्रीको कन्याजाली च्यातिएकै हुनुपर्ने, पुरूष वीर्य योनिमा स्खलन भई योनिको वरपर वीर्य वा सोको दाग देखिनै पर्ने भन्ने अनिवार्यता नहुने।

स्वास्थ्य परीक्षणको रिर्पोटले Hymen torn भएको भनी प्रतिवेदन पेस गरेको र सो कुरालाई समर्थन हुने गरी पीडितकी दिदी रविना चौधरीले पीडित ए कुमारी (परिवर्तित नाम) शारीरिक रूपमा हिँड्डुल गर्न असहज मानेको देखी के भएको भनी सोधपुछ गर्दा केही नभनेकोले मिति २०६८।२।२३ मा जबरजस्ती निजको कपडा खोली हेर्दा योनि सुन्निएको देखेर फकाई फुल्याई सोधपुछ गर्दा निजले मिति २०६८।१।३० मा सीताराम चौधरीले घरमा खेल्नको लागि भनी जबरजस्ती पक्रेर लगी जबरजस्ती करणी गरेको भनी बताएको भनी मौकामा कागज गरी दिएको बयानबाट समेत पुष्टि हुन आउँछ। स्वास्थ्य जाँच गर्ने विशेषज्ञ डाक्टरले अदालतमा आई बकपत्र गर्दा करणीको वारदात नभएको भने तापनि सो कुरा प्रमाणबाट पुष्टि हुन सकेको छैन। यदि पीडितले प्रतिवादीउपर झुट्टा आरोप लगाएको भए आरोप लगाउनु पर्ने कुनै प्रकारको कारण यी प्रतिवादीले देखाउन सकेकोसमेत पाइएन। तसर्थ यी पुनरावेदक प्रतिवादीले आरोपित कसुर अपराध गरेको पुष्टि हुन आएको देखिँदा अभियोग मागदाबीअनुसारको कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: यसमा पुनरावेदक प्रतिवादीले वर्ष १३ की लाटी तथा सुस्त मनस्थिति भएकी नाबालिकालाई जबरजस्ती करणी गरेको देखिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही ऐनको दफा ३(२) र ३क नं. बमोजिम क्रमश: ८ (आठ) वर्ष र थप ५ (पाँच) वर्षसमेत गरी १३ (तेह्र) वर्ष कैद हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।२।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा माया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खडका,** ०७१-CR-०७१६, नक्कली प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको, *तिलकप्रसाद साह वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफ्नो व्यक्तिगत विवरण फायलमा पेस गरेको बिहार इन्टरमिडियट एजुकेसन काउन्सिल पटनाबाट सन् १९९३ मा इन्टरमिडियट उत्तीर्ण गरेको भनिएको रोल कोड ५५२ क्रमाङ्क १०११२ को शैक्षिक योग्यताको प्रमाणपत्र अनुसन्धानको क्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उच्च माध्यमिक परिषद्

सानोठिमीमार्फत जाँच्न पठाउँदा "समितिले अभिलेख के अनुसार Code ५५२ मे क्रमाङ्क १०१११ तक है। प्रस्तुत अङ्कपत्र गलत है" भनी बिहार इन्टरमिडियट एजुकेसन काउन्सिल पटनाबाट लेखी आएको देखिन्छ । उक्त लेखी आएको बेहोरालाई पुनरावेदक प्रतिवादीले अनुसन्धानको क्रममा सनाखत बयानसमेत गरिदिएको देखियो । पुनरावेदक प्रतिवादीले विवादित प्रमाणपत्र प्राप्त गरेको भनिएको बिहार इन्टरमिडियट एजुकेसन काउन्सिल पटनाबाट नै निजले पेस गरेको प्रमाणपत्र गलत हो भनी लेखी आएको र उक्त लेखिएको बेहोरालाई निजले अन्यथा भनी प्रमाणित गर्न सकेकोसमेत नदेखिने।

साधिकार निकायबाट पुनरावेदक प्रतिवादीले पेस गरेको विवादित शैक्षिक योग्यताको प्रमाणपत्र पुनः प्रमाणीकरण भई निजले पेस गरेको प्रमाणपत्रमा उल्लेख भएको रोल नं.१०११२ अभिलेख नभएको भनी लेखी आएको बेहोरालाई विश्वसनीय प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । यस अवस्थामा पुनरावेदक प्रतिवादीले पेस गरेको विवादित शैक्षिक योग्यताको प्रमाणपत्र सक्कली हो भन्दैमा त्यस्तो शङ्कास्पद प्रमाणपत्रलाई सही सद्दे हो भन्न मिलेन। साथै साधिकार निकायबाट विवादित प्रमाणपत्र पुनः परीक्षण भई आएको देखिँदा अदालतको आदेशबमोजिम उक्त प्रमाणपत्र पुनः परीक्षण गरिएन भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर तथा बहस बुँदासँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट पुनरावेदक प्रतिवादीले झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहऱ्याई निज प्रतिवादीलाई ऐ.ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।– (पाँच सय) जरिवाना हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७०।१२।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७३ साल चैत २८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-१५२५, उत्प्रेषण / परमादेश, *सोवरनी भण्डारी वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत*

पुनरावेदक निवेदकले यसै विवादको निरूपणका निमित्त कानूनबमोजिम साधारण अधिकारक्षेत्रको प्रयोग गर्न पाउने अधिकारबाट वञ्चित हुनु परेको नदेखिएको र सोही साधारण अधिकारक्षेत्रबाट विवादको निरूपणको लागि सुरू मालपोत कार्यालय दाङमा दिएको निवेदनमा उक्त कार्यालयबाट भएको निर्णयउपर चित्त नबुझेकोमा पुनरावेदन अदालत तुलसीपुरमा पुनरावेदन गरी उक्त अदालतबाट भएको फैसलामा चित्त नबुझी यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी दिने गरी अनुमति प्राप्त गरेको देखिएकोले यी पुनरावेदक निवेदिकाले यसै विषयमा साधारण अधिकारक्षेत्रको प्रयोग गरी तहतहबाट निर्णय भइरहेको परिप्रेक्ष्यमा रिट निवेदिकाले असाधारण अधिकारक्षेत्रको प्रयोगको माग गरी सुरू पुनरावेदन अदालत तुलसीपुरमा दायर गरेको प्रस्तुत रिट निवेदनबाट उक्त विवादको निरूपण गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिएकोले प्रस्तुत रिट निवेदनउपर विचार गरिरहनु परेन भनी रिट निवेदन खारेज हुने भनी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।११।१३ मा भएको आदेश मिलेकै देखिन आएकोले पुनरावेदक निवेदिकाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः निवेदिकाले माग गरेको उपचार पुनरावेदनको रोहमा दर्ता हुने निर्णय बदर मुद्दाबाट

निकास हुने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर गरेको सुरू पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-१२०७, लिखत दर्ता बदर दर्ता, *दानकाजी शाक्य वि. प्रेमज्योति शाक्य*

घर र जग्गाको सम्पत्ति रहेकोमा घर नदेखाई जग्गा मात्र लिखत गरिदिएको छ भने घर लिखतमा देखाइएको र खुलाएको छैन । जग्गा हा.ब. गरिदिएकै दिन अर्को लिखत बनाई सो घरमा बसिरहेकी चिनिदेवी शाक्य बाचुन्जेल घरमा बसिराख्न पाउने, बस्न नदिए कानूनबमोजिम गर्नु भनी दानकाजी शाक्यबाट कागज गरेको पाइन्छ। चिनिदेवी शाक्यले आफ्नो राजीखुसीले जग्गा हा.ब. गरिदिएको भए किन घरको कुरा सो हा.ब. को लिखतमा उठाइएन र अर्को छुट्टै लिखत गर्नु पर्‍यो भन्ने सम्बन्धमा निज पुनरावेदक प्रतिवादीले स्पष्ट र आधारयुक्त प्रमाण खुलाउन सकेको नपाइने।

मिति २०५८।४।२५ मा शिक्षण अस्पतालको च.नं.१६४ को पत्रमा चिनिदेवी शाक्यले यस अस्पतालको मानसिक ओ.पि.डि. नं.११४४८/०५४ Psy No.६८५१०५२ बाट निजले नियमित रूपमा मानसिक रोग विशेषज्ञहरूबाट उपचार पाइराखेकी छिन् । हाल निजले डिप्रेसन (Depressive episode) को लागि इमिप्रामिन (Imipramine) चक्की खाइराखेको भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ भने सोही अस्पतालको चिकित्सक विशेषज्ञ श्री महेन्द्रकुमार नेपालले अदालतमा आई बकपत्र गर्दा, निज चिनीदेवी शाक्यलाई Acute reaction to stress with Depressive Acute reaction to stress with Depressive mood मा रहेको हुँदा उपचारमा उनलाई amitriptyline-50 mg per day दिइएको थियो, त्यसपछि उहाँको उपचार भिन्नाभिन्नै रूपमा भएको थियो। दोस्रो पटक मिति २०५२।४।१५ मा त्यसैगरी मिति २०५२।११।८, २०५२।९।३, २०५२।१०।४ त्यसपश्चात् लामो समयपछि मिति २०५७।१२।२६ मा आउनु हुँदा Impramine र Lorazepam भन्ने दिएको थियो । रेकर्डअनुसार चिनिदेवी moderate खालको Depressive illness रहेको व्यक्ति भन्ने बेहोरा लेखाई दिएबाट निज चिनिदेवी शाक्य Depresive illness बाट ग्रस्त बिरामी भएकीमा कुनै शङ्का नरहने।

मुलुकी ऐन, अ.बं.२४ नं. मा कुनै किसिमको रोगले होस ठेगानामा नभएका वा बौलाएका मानिससमेतको कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला नराखी कुनै कागज लिनु गराउनु हुँदैन, गरे बदर हुन्छ भन्ने प्रावधान रहेकोमा, प्रतिवादी दानकाजी शाक्यले चिनिदेवी शाक्यबाट हा.ब. गरी लिँदा चिनिदेवी शाक्यकी संरक्षक निजका सौतेनी छोरालाई साक्षी नराखी हा.ब. गरेको कानूनसम्मत नदेखिने।

तसर्थ सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०५६।११।११ मा भएको हा.ब. को लिखत बदर हुने ठहर्‍याई भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।७।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-१२०५, लिखत दर्ता बदर, *दानकाजी शाक्य वि. विजय शाक्य*
- ०६७-CI-१२०६, लिखत दर्ता बदर दर्ता, *दानकाजी शाक्य वि. प्रेम ज्योति शाक्य*

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-१३८५, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. मैतबहादुर गुरूङसमेत*

जाहेरवाला दिलबहादुर रानाले वैदेशिक रोजगार विभाग काठमाडौंमा मिति २०६९।१।६ मा दिएको जाहेरी दरखास्तमा समेत प्रतिवादी तुलप्रसाद आचार्यको नाम कहीँकतै उल्लेख भएको पाइँदैन भने निज जाहेरवालाले अदालतमा आई गरेको बकपत्रमा समेत निज प्रतिवादी तुलप्रसादबाट यो यस्ता कार्य भए गरेको भनी लेखाउन सकेको पाइँदैन । साथै वादीले निज प्रतिवादीको आरोपित कसुरका सम्बन्धमा यो यस्तो संलग्नता थियो भनी जिकिर लिन सकेकोसमेत देखिएन । यस अवस्थामा निज प्रत्यर्थी प्रतिवादी तुलप्रसाद आचार्यको आरोपित कसुरमा संलग्नता रहे भएको मान्न नमिल्ने ।

जाहेरवाला दिलबहादुरले अदालतमा आई बकपत्र गर्दा मैले जितबहादुरलाई रू.१,००,०००।- (एक लाख) बुझाएको हुँ, रकम बुझी गरिदिएको सक्कल लिखत मैले पेस गरेको छु । मिति २०६८।८।२५ को कागजमा सहिछाप कसकसको गराए थाहा भएन भनी प्रतिवादी जितबहादुर गुरूङले न्यायाधिकरणमा मैतबहादुरले रकम बुझेको भनी गरेको बयान बेहोरा झुट्ठो हो भनी बकपत्र गरिदिएको पाइन्छ । मिति २०६८।८।२५ को जाहेरवालाबाट रू.१,००,०००।- (एक लाख) बुझिलिएको भरपाई कागजमा मैत गुरूङ नामसम्म उल्लेख भई सो भरपाइमा प्रतिवादी जितबहादुरको सहिछाप गरेको देखिन्छ । यस अवस्थामा आरोपित कसुरमा प्रत्यर्थी प्रतिवादी मैतबहादुर गुरूङको संलग्नता रहेभएको नदेखिने ।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट प्रत्यर्थी प्रतिवादीहरू तुलप्रसाद आचार्य र मैतबहादुर गुरूङले अभियोग माग दाबीबमोजिम आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७१।२।४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : गीता श्रेष्ठ

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-RC-००८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बिनु बस्नेत*

आफूसँगै सुतेको ६ महिनाको नाबालक छोरा विकास बस्नेतलाई मकैबारीमा खाल्डो खनी पुरिएको अवस्थामा भेट्टिएको देखिएको र मृतक विकास बस्नेतको दुवै कानबाट रगत बगेको, दुवै कानमाथि निलो डामहरू र टाउकोको बिच तथा कानमाथि चोट रहेको भन्नेसमेत बेहोराको मौकामा भएको लास जाँच मुचुल्काबाट देखिएको छ भने मृतकको शव परीक्षण प्रतिवेदनमा Cause of death is undetermined due to advanced state of decomposition, however viscera are kept to rule out poisoning भन्नेसमेत बेहोरा उल्लेख भएको देखिएको र विकास बस्नेत हराई खोजतलास गर्ने क्रममा मिति २०७२।०२।१६ गते अन्दाजी ९:०० बजेको समयमा निजकै घरअगाडिको मकैबारीमा खाल्टो खनी गाडेको अवस्थामा मृतक लास फेला परेको

हुँदा विकास बस्नेतलाई बिनु बस्नेतले नै मारेको भनी किटानी जाहेरी दिने जाहेरवाला एवम् मौकामा भएको वस्तुस्थिति मुचुल्कामा रहेका तुलबहादुर बस्नेत र घटनास्थल मुचुल्कामा रहेका होमबहादुर थापासमेतका व्यक्तिहरूले सुरू अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्रसमेतबाट मृतक नाबालक विकास बस्नेतलाई यिनै प्रतिवादी विनु बस्नेतले ढुङ्गाले हानी, कर्तव्य गरी मारी, खाल्डो खनी पुरेको देखिएको हुँदा निज प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको देखिन आएकोले निज प्रतिवादी विनु बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू उदयपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगर अस्थायी इजलास, ओखलढुङ्गाबाट मिति २०७३।४।१४ मा भएको फैसला मिलेकै देखिन आएकोले सदर हुने।

आफैँले जन्माएको छोरालाई ६ महिनासम्म पालनपोषण गरी हुर्काएकी यी प्रतिवादी निज मृतकको आमा रहेको देखिएको र निजको उमेर १८ वर्ष मात्र देखिएको छ। यी प्रतिवादी स्वयम्ले कुनै पूर्वयोजना वा तयारी नै नगरी आफैँसँग सुतिरहेको निर्दोष छोरालाई कुनै पनि आमाले मार्न सक्लिन् भनी अनुमान गर्नसमेत कठिन हुन जाने हुन्छ। यी प्रतिवादीले उक्त अपराध गरेको वास्तविक तथ्यलाई स्वीकार गरी न्यायिक कार्यमा सहयोग पुऱ्याएको र मृतकलाई पूर्वयोजना वा तयारीसमेत नगरी कर्तव्य गरेको देखिँदा यी प्रतिवादी विनु बस्नेतलाई १०(दश) वर्ष मात्र कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने नै देखिँदा निज प्रतिवादीलाई १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०८०१, लिखत दर्ता बदर दर्ता, *श्रीमती भारती जोशी वि. किरण जोशीसमेत*

विवादित दाबीको सम्पत्तिमा मैयानानी जोशीले दायर गरेको मुद्दामा निजको एकलौटी हक कायम हुने भनी यस अदालतको फुल बेञ्चबाट मिति २०४३।१०।१५ मा फैसला भएकोमा निज मैयानानी जोशी निःसन्तान मृत्यु भएपश्चात् निजको हक स्थापित हुने उक्त सम्पत्तिहरूमा निजको मुद्दा सकार गर्ने यी पुनरावेदक वादी भारती जोशी र प्रतिवादी पुरूषोत्तम लालकी आमा सानुबाबा जोशीको संयुक्त नामसारी हुने भनी यसै अदालतबाट मिति २०६३।८।८ मा भएको उक्त फैसला अन्तिम भई बसेको देखिएकोले यस अदालतबाट सोही मिति २०६३।८।८ मा भएको फैसलाका आधारमा प्रस्तुत मुद्दाको दाबीको लिखतअन्तर्गतको सम्पत्तिमा निज मैयानानीको मृत्युपश्चात् निजको हकको सम्पत्तिमा मुद्दा सकार गर्ने यी पुनरावेदक वादी भारती जोशीको आधा हक मात्र स्थापित हुने अवस्था रहेको देखिने।

निज मैयानानी जोशी जीवित छँदाको अवस्थामा निजको एकलौटी हक स्थापित भएको सो सम्पतिमा निजको मृत्युपश्चात् प्रस्तुत मुद्दामा निजको मु.स.गर्ने यी पुनरावेदक वादी भारती जोशीको आधा मात्र हक हुन आउने अवस्था विद्यमान रहेको देखिएकोले दाबीको लिखतअन्तर्गतको जग्गामा आधा मात्र लिखत बदर गर्नुपर्नेमा सम्पूर्ण लिखत नै बदर गरी सो लिखतअन्तर्गतको सम्पूर्ण जग्गा यी पुनरावेदक वादीको मु.स.गर्ने भारती जोशीका नाउँमा दर्ता हुने भनी सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६७।३।१६ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिएको हुँदा सुरू सर्लाही जिल्ला अदालतबाट भएको सो फैसला

केही उल्टी गरी फिराद दाबीको लिखतमध्येको आधा लिखतसम्म बदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।१२।२६ मा भएको फैसला मिलेकै देखिन आएकोले सुरू फिराद दाबीबमोजिम नै सम्पूर्ण लिखत बदर हुनुपर्ने भन्ने यी पुनरावेदक वादीको प्रस्तुत पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रस्तुत मुद्दामा सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६७।०३।१६ मा भएको फैसला केही उल्टी गरी फिराद दाबीको लिखतमध्येको आधा लिखतसम्म बदर हुने भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६९।१२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस ११ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-०७७२, रोक्का बाली बिगो, *श्रीमती भारती जोशी वि. लक्ष्मीलाल हाडा*
- ०७०-CI-०७७३, लिखत दर्ता बदर दर्ता, *श्रीमती भारती जोशी वि. किरण जोशी*
- ०७०-CI-०७७४, लिखत दर्ता बदर दर्ता, *श्रीमती भारती जोशी वि. किरण जोशीसमेत*
- ०७०-CI-०८०२, दर्ता बदर दर्ता, *श्रीमती भारती जोशी वि. किरण जोशी*
- ०७०-CI-०८०३, लिखत दर्ता बदर दर्ता, *श्रीमती भारती जोशी वि. किरण जोशीसमेत*
- ०७०-CI-०८०४, लिखत दर्ता बदर दर्ता, *श्रीमती भारती जोशी वि. किरण जोशीसमेत।*
- ०७०-CI-०८०५, लिखत दर्ता बदर दर्ता, *श्रीमती भारती जोशी वि. किरण जोशीसमेत*
- ०७०-CI-०८०६, रोक्का बाली बिगो, *श्रीमती भारती जोशी वि. सानुबाबा जोशीसमेत*
- ०७०-CI-०८०७, रोक्का बाली बिगो, *श्रीमती भारती जोशी वि. सानुबाबा जोशीसमेत*

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-१००६, बन्डा मुचुल्का बदर दा.खा. दर्ता गरिपाऊँ, *टोपबहादुर घर्ती क्षेत्री वि. सुमित्रा घर्ती क्षेत्री*

मिति २०६३।११।२२ मा भएको बन्डा मुचुल्काबाट यी प्रत्यर्थी वादीको भोगचलन रहने भनिएको उक्त कि.नं.३७० को जग्गासमेत यी पुनरावेदक प्रतिवादीहरूले कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६४।५।८ मा आपसमा बन्डा छुट्याई लिएको उक्त बन्डा मुचुल्कामा यी प्रत्यर्थी वादीको उपस्थितिसहितको निजको मन्जुरी स्वीकृति रहेको भन्नेसमेत कहीँकतैबाट देखिन आएको नपाइने।

मिति २०६३।११।२२ मा भएको बन्डा मुचुल्का उल्लेख गरिएबमोजिम गुल्मी जिल्लाअन्तर्गत रहेका सम्पूर्ण जग्गा जमिन श्रीसम्पत्तिमा नरम करम मिलाई गोलासमेत हाली बन्डा छुट्याउने कार्य भई उक्त बन्डा मुचुल्कामा यिनै प्रत्यर्थी वादीका पति दलबहादुर घर्ती क्षेत्रीको नाममा रहेको कपिलवस्तु जिल्ला, गजहेडा गा.वि.स. वडा नं. ९ख.को कि.नं.३७० र ३७४ का २ कित्ता जग्गामध्ये कि.नं.३७० को जग्गामा यी प्रत्यर्थी वादी सुमित्रा घर्ती क्षेत्रीको नाममा एकलौटी कायम हुने र कि.नं. ३७४ को जग्गामा यी पुनरावेदक प्रतिवादी कृष्णबहादुर, प्रतिवादी टोपबहादुर र ज्ञानबहादुरको भाग कायम हुने गरी निजहरूले बराबरका दरले बन्डा छुट्याउने गरी मिति २०६३।११।२२ मा गरिएको बन्डा मुचुल्कालाई कहीँकतैबाट चुनौती दिइएको

नदेखिएकोले उक्त बन्डा मुचुल्का हालसम्म अस्तित्वमा रहिरहेको देखिने ।

सुरू गुल्मी जिल्ला अदालतबाट उक्त अंश मुद्दामा मिति २०६१।३।२८मा फैसला भई सोही अदालतबाट यिनै वादी प्रतिवादीहरूको उपस्थितिमा मिति २०६३।११।२२ बन्डा छुट्याउने कार्य गुल्मी जिल्ला अदालतबाट सम्पन्न हुँदाका अवस्थामा सोही मितिमा तयार गरिएको उक्त बन्डा मुचुल्कामा उल्लेख गरिएबमोजिम कपिलवस्तु जिल्लाअन्तर्गत रहेको जग्गाहरूमध्येको कि.न.३७४ को जग्गामा मात्र अंश भाग कायम रहेका व्यक्तिहरूका बिचमा मात्र बन्डा छुट्याउने कार्य बाँकी रहेको देखिएकोमा सोही बन्डा छुट्याउने कामको लागि मात्र कपिलवस्तु जिल्ला अदालत पठाएकोमा यी प्रत्यर्थी वादी सुमित्रा घर्ती क्षेत्रीको एकलौटी भागको उक्त कि.नं.३७० को जग्गाबाट यी प्रत्यर्थी वादीको अनुपस्थितिमा नै आपसमा बन्डा छुट्याएको देखिन आएकोले त्यस्तो बन्डा मुचुल्का कायम रहिरहन सक्ने अवस्था नरहेको हुँदा कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६४।५।८ मा भएको सो बन्डा मुचुल्का र मिति २०६४।५।१० मा भएको तामेली आदेश र सोबाट प्रतिवादीहरू कृष्णबहादुर घर्ती क्षेत्री र टोपबहादुर घर्ती क्षेत्रीका नाउँमा कित्ता काट भई कायम भएको कि.नं. ८४७ र ८४६ को स्रेस्तासमेत बदर गर्नुपर्नेमा वादी दाबी पुग्न नसक्ने भनी सुरू गुल्मी जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिएकोले सो फैसला उल्टी गरी उक्त दाबीको जग्गा प्रत्यर्थी वादीका नाममा दर्तासमेत हुने भनी पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।११।२२ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट सुरू गुल्मी जिल्ला अदालतको मिति २०६८।८।८ को फैसला उल्टी भई सो अदालतको मिति २०६३।११।२२ मा भएको बन्डा मुचुल्कामा प्रत्यर्थी वादीको एकलौटी कायम भएको कि.नं.३७० को जग्गाबाट यी पुनरावेदक प्रतिवादीहरूले बन्डा छुट्याउने गरी कपिलवस्तु जिल्ला अदालतबाट भएको मिति २०६४।५।८ को बन्डा मुचुल्का र मिति २०६४।५।१० को तामेली आदेशपर्चा र सोबाट प्रतिवादीहरू कृष्णबहादुर घर्ती क्षेत्री र टोपबहादुर घर्ती क्षेत्रीका नाउँमा कि.का. भई कायम भएको कि.नं. ८४७ र ८४६ को स्रेस्तासमेत बदर हुने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।११।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल पुस ११ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-०६२२, लिखत दर्ता बदर दर्ता कायम, *वथीदेवी थारू वि. अभिनारायण चौधरी*

हजुरबुबा अकलुको काजक्रिया आफूले गरेको भन्ने वादी दाबीलाई प्रतिवादीले अन्यथा भन्न नसकेको र प्रतिवादी तितरादेवीले घर व्यवहार गर्नका लागि दाबीको जग्गा बिक्री गरेको भन्ने जिकिर वस्तुनिष्ठ प्रमाण पेस गरी पुष्टि गर्न सकेको मिसिल संलग्न कागजातबाट पाइँदैन । दाबीको जग्गा के, कस्तो स्रोतबाट प्राप्त भएको हो सो कुरा प्रतिवादीले देखाउन सकेको देखिँदैन । यस्तो अवस्थामा केवल प्रतिवादीको मौखिक भनाइलाई मात्र आधार मानी दाबीको जग्गा प्रतिवादी तितरादेवीको निजी आर्जनको भई अन्य सगोलका अंशियारको हक नलाग्ने भनी भन्न

न्यायोचित हुने नदेखिने।

वादी र प्रतिवादी तितरादेवी एकासगोलका अंशियार भई दाबीको जग्गा वादीसमेतलाई अंश भाग लाग्ने प्रकृतिको देखिएको, त्यस्तो सम्पत्ति राजीनामाबाट हक हस्तान्तरण गर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. बमोजिम वादीको सहमति वा मन्जुरी लिएको नदेखिँदासमेत दाबीको राजीनामा लिखत यथावत् कायम रहन नसक्ने भएकोले दाबीबमोजिम लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा नदेखिँदा लिखत बदर हुनुपर्ने होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।५।२० मा भएको फैसला उल्टी गरी दाबीको कि.नं.९०१ को जग्गाबाट ४ भागको १ भाग लिखत दर्ता बदर गरी वादीको नाममा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७०।१०।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विमला पौडेल

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल मङसिर १८ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-०७६१, लिखत बदर दर्ता बदर दर्ता कायम, *रामविलास गनगाई वि. युवराज राजवंशीसमेत*

पुनरावेदक प्रतिवादीले दाबीको जग्गा बकसपत्रको माध्यमले प्राप्त गरेको देखिएको र वादीका पति / पिताका नाममा दाबीका जग्गाभन्दा बढी अरू अचल सम्पत्ति रहे भएको भनी देखाउन सकेको पाइँदैन। प्रतिवादी श्यामनारायणले प्रतिउत्तर नफिराई सुरू म्यादै गुजारी बसेको देखिन्छ भने पुनरावेदक प्रतिवादी रामविलास गनगाईले पिताका पालाको पुरानो व्यवहार मिलाउनका लागि श्यामनारायणबाट हक हस्तान्तरण गरिलिएको भनी जिकिर लिएकोमा निजले प्राप्त गरेको उक्त बकसपत्र लिखतमा "मेरो गाउँले दाजुले मलाई रिझाएबापत हा.ब. गरिदिएँ" भन्ने बेहोराको कैफियत उल्लेख भएपनि निज प्रतिवादीले जिकिर लिएको सो व्यवहारका सम्बन्धमा केही उल्लेख भएको नपाइँदा निजको उक्त जिकिर विश्वासलायक नदेखिने।

पुनरावेदक प्रतिवादीले आफूले दाबीको जग्गा बकसपत्र गरिलिएको कारण वादीहरू तथा निजहरूका पति / पितालाई घर व्यवहार चलाउनको लागि मद्दत पुगेको भनी भन्न देखाउन सकेको नपाइँदासमेत पुरानो व्यवहार मिलाएको भनी प्रतिवादीले उल्लेख गरेको मौखिक कथनले मान्यता प्राप्त गर्न सक्ने नदेखिने।

प्रतिवादी श्यामनारायण राजवंशीले जग्गा बकसपत्र गरिदिँदा वादीहरूको सहमति मन्जुरीमा लिएको नदेखिएको, निज श्यामनारायणका नाममा दाबीको जग्गाभन्दा बढी अरू जग्गा रहेको भन्ने कुरा पनि पुष्टि हुन नसकेको तथा उल्लिखित प्रतिपादित सिद्धान्तसमेतबाट वादीहरूको समेत अंश हक लाग्ने पैतृक सम्पत्ति निजहरूको मन्जुरीबेगर हालैको बकसपत्रको लिखत गरी हक हस्तान्तरण गर्न मिल्ने अवस्था नदेखिँदा प्रतिवादी रामविलास गनगाईले गरिलिएको बकसपत्र लिखत र सोपश्चात् निजले प्रतिवादीहरू गंगाप्रसाद राजवंशी र अधनीया महतोलाई गरिदिएको राजीनामा लिखतसमेत यथावत् कायम रहन नसक्ने भएकोले पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणबाट सुरू मोरङ जिल्ला अदालतले ५ भागको १ भागसम्म

दाबीको लिखत बदर हुने ठहऱ्याएको मिति २०६९।१।४ को फैसला केही उल्टी गरी दाबीबमोजिम ५ भागको ४ भाग लिखत बदर भई वादीहरूका नाममा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।१।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विमला पौडेल

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CI-००४६, निषेधाज्ञा, *श्रीमती ज्योति टण्डन वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ बमोजिम आफ्नो क्षेत्रभित्र सार्वजनिक जग्गाको संरक्षण र संवर्द्धन गर्ने दायित्व सम्बन्धित नगरपालिकाको रहेको देखिन्छ। निज पुनरावेदकले निर्माण गरेको पुल सार्वजनिक जग्गामा निर्माण भएको र निजले नगरपालिकालाई आवश्यक परेको बेला हटाउनेछु भनी सर्तयुक्त लिखत कागजसमेत गरे भएको देखिएको स्थितिमा नगरपालिकाको निज पुनरावेदकहरूसँग भएको उक्त पत्र व्यवहार अन्यथा भन्न मान्न मिल्ने आधार नदेखिने।

कार्यालय सञ्चालनको क्रममा नगर प्रमुखको अनुपस्थितिमा कुनै पनि प्रकारको प्रशासनिक काम कारबाहीमा बाधा, अड्चन आउनसक्ने सम्भावित अवस्थालाई ध्यानमा राखेर नै नगरप्रमुखले आफू मातहतका कर्मचारीहरूलाई अधिकार प्रत्यायोजन गर्नसक्ने नै देखिन्छ र अख्तियारप्राप्त व्यक्तिले सो अधिकारको प्रयोग गरेको अवस्थालाई कानूनविपरीत भन्नु तर्कसङ्गत हुने नदेखिने।

नगर क्षेत्रको हरेक विकास गतिविधिका लागि कानूनबमोजिमको साधिकार निकाय मानिने नगरपालिकाको कार्यालयले आफूहरूबिचमा भएको पूर्वसहमतिबमोजिम भए गरेको सर्त लागू गरेको अवस्था र उक्त सहमतिपत्रमा पुनरावेदकको समेत सहमति रहे भएको देखिएको स्थितिमा सो लिखत कागजबमोजिम भएको काम कारबाहीलाई अन्यथा भन्न सकिने अवस्था नरहने।

आफ्नो नितान्त व्यक्तिगत स्वार्थपूर्तिको लागि निवेदक रिट क्षेत्रको माध्यमबाट अदालत प्रवेश गरेको देखिन्छ। पुनरावेदक अदालत प्रवेश गर्दा सफाहात प्रवेश नगरेको भन्ने कुरामा द्विविधा हुनुपर्ने स्थिति नै देखिँदैन। पुनरावेदन अदालत नेपालगन्जबाट फिराएको लिखित जवाफलाई पुनरावेदकहरूले अन्यथा भन्न सकेको पनि छैन। यी सबै आधार कारणसमेतको विश्लेषण गरी रिट निवेदन खारेज हुने गरी भएको पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला अन्यथा नदेखिँदा उक्त फैसला बदर गरी पुनरावेदकहरूको सुरू निवेदन माग दाबीबमोजिमको आदेश जारी गरिपाउँ भन्ने निज पुनरावेदक / निवेदकहरूको पुनरावेदन जिकिर साथै सोही बेहोराको निजका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताको बहस एवम् यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसँग समेत सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट पुनरावेदन अदालत नेपालगन्जबाट रिट निवेदन खारेज हुने गरी भएका आदेशहरूबाट पुनरावेदकहरूको कुन कानूनी हक, अधिकारमा के कुन प्रकारको आघात पर्न गएको हो भनी भन्न नसकेको स्थितिमा सुरू पुनरावेदन अदालत नेपालगन्जको आदेशमा कुनै प्रकारको संवैधानिक तथा कानूनी त्रुटि विद्यमान रहेको नदेखिएको स्थितिसमेतबाट पुनरावेदन

अदालत नेपालगन्जबाट मिति २०६९।६।२४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७५ साल साउन २९ गते रोज ३ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-WO-०६४२, उत्प्रेषण / परमादेश, *कृष्णबहादुर शाहसमेत वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

निवेदकहरू मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेतको मिति २०६४।१।१३ को निर्णयानुसार मिति २०६३।१०।१७ देखि लागू हुने गरी सहायक चौथो तहमा तह मिलान भई मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेतकै मिति २०६८।१२।१६ र मिति २०६८।१२।३० को निर्णयानुसार मिति २०६८।१०।१७ देखि लागू हुने गरी सहायक पाँचौं तहमा स्तरवृद्धि भएको देखिएको हुँदा निजहरूले चौथो तहमा स्थायी नियुक्ति पाएको मिति २०६३।१०।१७ बाट पाँच वर्ष पुगेको मिति २०६८।१०।१७ देखि नै ज्येष्ठता कायम हुनेगरी निजहरू सबैजनालाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को संशोधित कानूनी व्यवस्थाबमोजिम पाँचौं तहमा स्तरवृद्धि गर्ने गरी निर्णय गरेको देखिएको हुँदा सो निर्णयहरू कानूनबमोजिम नै भए गरेको देखिने ।

निवेदकहरूले प्रस्तुत उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन यस अदालतमा मिति २०७४।१२।२ मा दायर गर्दा निजहरूले यसअघि यसै विषयमा रिट नं.०७४-WO-०००१ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन उच्च अदालत सुर्खेतमा दायर गरी उच्च अदालत सुर्खेतबाट मिति २०७४।१०।२१ मा निवेदन खारेज हुने ठहरी आदेश भएको भन्ने खुलाएको नदेखिएको हुँदा निवेदकहरू सफाहात लिई अदालतमा प्रवेश गरेको भन्ने देखिन नआउने ।

तसर्थः विवेचित आधार कारणहरूसमेतबाट यी रिट निवेदकहरूले प्रस्तुत रिट निवेदनमा माग गरेको विषयमा उच्च अदालत सुर्खेतबाट रिट नं. ०७४-WO-०००१ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन मिति २०७४।१०।२१ मा खारेज हुने ठहरी आदेश भइसकेको अवस्थामा निवेदकहरूले सो रिट निवेदनको विषयमा केही उल्लेख नगरी सोही विषयमा पुनः मिति २०७४।१२।२ मा प्रस्तुत उत्प्रेषणयुक्त परमादेशको रिट निवेदन लिई यस अदालतमा प्रवेश गरेको देखिएकोले निज निवेदकहरू सफाहात लिई यस अदालतमा प्रवेश गरेको भन्ने नदेखिएको हुँदा सोही विषयमा यस अदालतबाट पुनः सुनुवाइ हुनसक्ने अवस्था विद्यमान भएको नदेखिएकोले निवेदकहरूको निवेदन दाबीको कुनै औचित्य नरही निवेदन निष्प्रभावी हुने देखिएको हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७५ साल फागुन २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-WO-०६९५, उत्प्रेषण / परमादेश, बासुदेव पनेरू वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत

निवेदकले आफ्नो निवेदनमा नै आफ्नो उमेर ५९ वर्ष भनी उल्लेख गरेको देखिएको र स्वास्थ्य सेवा विभागसमेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ता श्री खेमराज भट्टले निवेदकले ६० वर्ष

उमेर हदको कारणले अनिवार्य अवकाश पाइसकेको भनी आफ्नो बहसमा उल्लेख गर्नुभएको हुँदा मिसिल संलग्न रहेको जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट मिति २०३४।५।१४ मा जारी भएको ना.प्र.नं.२५-२०७१/३७५/१८३५/३४ को निजको नागरिकताको प्रमाण हेर्दा, निज निवेदक बासुदेव पनेरूको जन्ममिति २०१५।०८।१९ भनी उल्लेख भएको देखिन्छ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ४५(१) मा "साठी वर्ष उमेर पूरा भएको वा दफा १९ बमोजिमको पदावधि पूरा भएको कर्मचारीले सेवाबाट स्वतः अवकाश पाउनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिने।

उल्लिखित नागरिकता प्रमाणपत्रको आधारमा यी निवेदक बासुदेव पनेरूको उमेर मिति २०७५।०८।१९ मा नै ६० वर्ष पूरा भएको देखिएको हुँदा उपर्युक्त कानूनी व्यवस्थाको आधारमा निज निवेदक बासुदेव पनेरूले सोही मिति २०७५।८।१९ बाट नै अनिवार्य अवकाश पाइसकेको भन्ने देखिएको हुँदा निवेदकको निवेदन दाबीको कुनै औचित्य नै नरहेकोले प्रस्तुत निवेदनको विषयवस्तुभित्र प्रवेश गरी रहनु पर्ने नदेखिएको हुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७५ साल फागुन २२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-WO-०९३५, उत्प्रेषण / परमादेश, *इन्द्रराज शर्मासमेत वि. स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौंसमेत*

निवेदकहरूमध्येका गोपालप्रसाद ओझा, दलबहादुर रोकाया, बक्तबहादुर ओखेडा, यामबहादुर सुवेदी, देवबहादुर मल्ल, शिवशंकर जोशी, रूप सिंह ठगुन्ना र शिवकुमार शाहसमेतलाई चौथो तहमा स्थायी नियुक्ति पाएको मिति २०६३।१०।१७ बाट पाँच वर्ष पुगेको मिति २०६८।१०।१७ देखि नै ज्येष्ठता कायम हुने गरी निजहरू सबै जनालाई पाँचौं तहमा स्तरवृद्धि गर्ने गरी निर्णय गरेको देखिएको हुँदा निजहरूको हकमा भएका निर्णयहरू कानूनबमोजिम नै भए गरेको देखिएकोले निवेदकहरूको निवेदन दाबीको कुनै औचित्य नै नदेखिएकोले निजहरूको हकमा सम्म प्रस्तुत निवेदन खारेज हुने।

निवेदकहरू इन्द्रराज शर्मा र हरिप्रसाद तिवारीको निवेदन दाबीबमोजिमको अधिकृत छैठौं तहमा स्तरवृद्धिको लागि पाँचौं तहमा नियुक्ति पाएको मितिले पाँच वर्ष पुगेको हुनुपर्ने सर्त पूरा भएपश्चात् सम्बन्धित कर्मचारी स्तरवृद्धिको लागि योग्य ठहरियो भने पाँच वर्ष पुगेको मितिदेखि नै ज्येष्ठता कायम हुने गरी स्तरवृद्धि गर्न कुनै कानूनले रोक लगाएको नदेखिने।

निवेदकहरूमध्येका इन्द्रराज शर्मा र हरिप्रसाद तिवारीलाई पाँचौं तहमा स्थायी नियुक्ति पाएको अवधिले पाँच वर्ष पुगेको मितिदेखि ज्येष्ठता कायम नगरी निवेदक इन्द्रराज शर्मालाई मिति २०६९।१०।१ देखि, हरिप्रसाद तिवारीलाई मिति २०७०।१०।१ देखि मात्र अधिकृत छैठौं तहमा स्तरवृद्धि गर्ने गरी निर्णय गरेको देखिएकोले उक्त ज्येष्ठता कायम गरिएको मिति के कुन आधारमा निर्धारण गरिएको हो सोको कुनै वस्तुनिष्ठ आधार कारण खुलाउन सकेको देखिन आएन। स्पष्ट कानूनी आधार बिना हचुवा र मनोगत आधारमा ज्येष्ठता मिति निर्धारण गर्ने स्वविवेकीय अधिकार प्रचलित कानूनले विपक्षीलाई प्रदान गरेको देखिँदैन। त्यस्तो निर्णयबाट निवेदकहरूको ज्येष्ठतामा समेत प्रत्यक्ष प्रभाव पर्ने देखिने।

अतः नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को संशोधित कानूनी व्यवस्थाले यी निवेदकहरूमध्येका

इन्द्रराज शर्मा र हरिप्रसाद तिवारीले पाँचौं तहमा नियुक्ति पाएको मितिले सेवा अवधिको गणना गरी स्तरवृद्धि गर्न रोक लगाएको नदेखिएको हुँदा निवेदक इन्द्रराज शर्माको हकमा सुरू नियुक्ति भएको मिति २०५९।७।३, हरिप्रसाद तिवारीको हकमा सुरू नियुक्ति भएको मिति २०५९।२।१४ देखि नै ५ वर्ष सेवा अवधि गणना गरी ५ वर्ष पुगेको मितिदेखि ज्येष्ठता कायम हुने गरी छैठौं तहमा स्तरवृद्धि गर्नुपर्नेमा सो नगरी बिना कुनै कानूनी आधार निवेदक इन्द्रराज शर्मालाई मिति २०६९।१०।१ देखि, हरिप्रसाद तिवारीलाई मिति २०७०।१०।१ देखि अधिकृत छैंठौं तहमा स्तरवृद्धि गरी ज्येष्ठतासमेत कायम हुने गरी विपक्षी स्वास्थ्य सेवा विभागबाट क्रमशः मिति २०६९।९।१९ र मिति २०७०।९।२४ मा भएका निर्णयहरू र सोसम्बन्धी पत्राचारहरूसमेत त्रुटिपूर्ण देखिन आएकोले उत्प्रेषणको आदेशले बदर हुने।

अब नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ ले व्यवस्था गरेबमोजिम यी निवेदकहरूमध्येका इन्द्रराज शर्मा र हरिप्रसाद तिवारीलाई स्वास्थ्य सेवाको पाँचौं तहमा नियुक्त भएको मितिले पाँच वर्ष सेवा अवधि पूरा गरेको मितिदेखि नै ज्येष्ठता कायम हुने गरी स्वास्थ्य सेवाको छैठौँ तहमा स्तरवृद्धि गर्नु गराउनु भनी विपक्षी स्वास्थ्य सेवा विभागको नाममा परमादेश जारी गरी दिने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७५ साल फागुन २२ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-०५७६, झुट्ठा विवरण पेस गरी नागरिकता लिएको, नेपाल सरकार वि. प्रदीपकुमार जैनसमेत

बुबा विराटनगर स्थित गोल्छा अर्गनाइजेसनमा काम गर्नु हुन्थ्यो। सोही क्रममा आमाबुबा नेपालमा बसोबास गर्दै आउनु भएकोमा मेरो जन्म नेपालको जिल्ला मोरङ भाथीगछ गा.वि.स. वडा नं.५ मिति २०३५।११।१० मा भएको हो। मेरो नेपाली नागरिकता प्रमाणपत्र नहुँदा भारतीय राजदुतावासमार्फत नेपाली सवारी चालक अनुमतिपत्र लिएको थिएँ। नेपाल नागरिकता ऐन, २०६३ लागू भएपछि जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र वितरण भएपछि सोही आधारमा मैले नेपाली नागरिकता प्रमाणपत्र लिएको हुँ भन्नेसमेत बेहोराको अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी प्रदीप जैनले बयान गरेको देखिने।

प्रतिवादी प्रदीपकुमार जैनले २०३५।११।१० मा जन्मेको भनी मिति २०६३।१२।१६ मा लिएको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ। वस्तुस्थिति मुचुल्काका सम्पूर्ण व्यक्तिहरूले गरेको कागजबाट प्रतिवादी प्रदीपकुमार जैन नेपालमा जन्मेको भन्ने कुरा देखिन आउँछ भने सनाखत गर्ने व्यक्तिहरूको बेहोराबाट पनि प्रतिवादी प्रदीपकुमार जैनको जन्म नेपालमा नै भएको भन्ने कुराको पुष्टि हुन आएको पाइन्छ। प्रतिवादीका साक्षीहरूले प्रतिवादीको बेहोरालाई खम्बिर हुने गरी बकपत्र गरिदिएका छन् भने वादी नेपाल सरकारले प्रतिवादी प्रदीपकुमार जैन भारतीय नागरिक नै हुन् भनी प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिने।

नेपाल नागरिकता ऐन, २०६३ को दफा ८(२) बमोजिम नै प्रतिवादी प्रदीपकुमार जैनले नागरिकता लिनका लागि सिफारिससहित दरखास्त दिएको देखिन्छ। यसैगरी सोही ऐनको दफा ८(४) मा "कुनै व्यक्तिले उपदफा (१) वा (२) बमोजिमका प्रमाणहरू निवेदनसाथ पेस गर्न नसकेको अवस्थामा तोकिएको अधिकारीले स्थलगत सरजमिन र निवेदकलाई

चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकताको प्रमाणपत्र लिइसकेका व्यक्तिले सरजमिनस्थलमै गरेको सनाखतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्ने छ" भन्ने कानूनी व्यवस्थाअनुसार नागरिकता प्रमाणपत्र नं.२८३९ मिति २०३६।४।२ का सूर्यनारायण साह तेली, नागरिकता नं. २१०।५।२१० मिति २०३६।३।३० का पंचु साह तेली, नागरिकता नं. ३०८९१ मिति २०३२।१।२० का रामपृत साह तेलीले प्रतिवादी प्रदीपकुमार जैन जिल्ला मोरङ भाथीगछ गा.वि.स. वडा नं. ५ स्थायी बसोबास भएको भनी सिफारिस गरिदिएकोसमेत नागरिकताका लागि दिएका आवेदन पत्रबाट देखिन आउँछ। नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा ८(४) समेतमा भएको कानूनी व्यवस्था तथा पुनरावेदक प्रतिवादी प्रदीपकुमार जैनको जन्म नेपालमा भएको भन्ने सर्जमिन एवम् जन्मदर्ता प्रमाणबाट देखिन आएको र निजको नेपालमा बसोबास र व्यवसाय रहेकोसमेत आधारबाट नेपाल नागरिकता ऐन, २०६३ को दफा ४(१) बमोजिम निजले जन्मका आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन आएको हुँदा प्रतिवादी प्रदीपकुमार जैनलाई कसुरदार ठहर गरी नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिम सजाय गर्ने गरेको सुरू मोरङ जिल्ला अदालतको फैसला मिलेको देखिन नआउने।

नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल नागरिकता ऐन, २०६३ मा भएको संवैधानिक एवम् कानूनी व्यवस्थाका आधारमा प्रतिवादी प्रदीपकुमार जैनको जन्म नेपालमा भएको भन्ने सर्जमिन एवम् जन्मदर्ता प्रमाणबाट देखिएको तथा निजको नेपालमा व्यवसाय बसोबास रहेको भन्नेसमेत देखिन आएकोले नेपाल नागरिकता ऐन, २०६३ को दफा ४(१) का आधारमा निजले जन्मका आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन आएको हुँदा प्रतिवादी प्रदीपकुमार जैनलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) बमोजिम ०।३।० (तीन महिना) कैद र रू.२५,०००।- (पच्चीस हजार) जरिवानासमेत गर्ने गरेको मिति २०७०।१२।२० को सुरू मोरङ जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी गर्ने गरी निज प्रतिवादी प्रदीपकुमार जैनले अभियोग दाबीको कसुरबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला र प्रतिवादी प्रदीपकुमार जैनले सफाइ पाउने ठहरेका आधारमा अन्य प्रतिवादीहरूका हकमा भएको सुरूको फैसलासमेत उल्टी भई प्रतिवादीहरू धर्मेन राजवंशी, श्रवणकुमार साह, पंचु साह तेली, सूर्यनारायण साह तेली, डोमी पासवान, रविलाल मण्डल, रामलाल राजभरले समेत सफाइ पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत विराटनगरको फैसला अन्यथा भन्न नमिल्ने।

पुनरावेदन अदालत विराटनगरको मिति २०७१।१२।१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल पुस २ गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-०५५४, जग्गा खिचोला मेटाई घरको जग र घर भत्काई चलन चलाई पाऊँ, *धर्मेन्द्र सिंह वि. गणेश प्राथमिक विद्यालय वैदौलीसमेत*

जग्गाको वास्तविक रूपमा नाप जाँच भई

कायम भएको क्षेत्रफलमा कोही कसैले गरेको कृत्रिम कार्यबाट अन्यथा हुनजाने कुरा स्वाभाविक भएपनि जग्गाको क्षेत्रफलमा तल माथि परेको छ छैन भन्ने कुरा ट्रायल चेक र सर्भे नक्साबमोजिम गरिएको नाप नक्सा मुचुल्काकै आधारबाट हेरिने र परीक्षण हुने भएकोले सो आधारलाई वस्तुगत रूपमा स्वीकार गर्नु नै पर्ने।

प्रतिवादी विद्यालयले आफ्नो कि.नं.१२७ को दक्षिणतर्फबाट ०-१-० जग्गा खिचोला गरी भवन निर्माण गरेको भन्ने वादीको फिराद तथा पुनरावेदन जिकिर भए तापनि नक्सा मुचुल्काबाट कि.नं.१२८ को न.नं.५, ५।१ र ५।२ जग्गा प्रतिवादी विद्यालयको भोगमा रहेको भनी लेखी आएको कुरालाई यी वादीले स्वीकार गरी भई आएको नक्सा मुचुल्कामा सहिछाप गरी नक्सा सम्बन्धमा कुनै जिरहसमेत लेखाएको देखिँदैन। नक्सा मुचुल्काबाट विवादित न.नं. ५/१ र ५/२ समेत प्रतिवादीको कि.नं.१२८ को जग्गाको दर्ता स्रेस्ता र टायल चेकअनुसारको जग्गा नै नपुग भएको र उक्त जग्गा प्रतिवादी विद्यालयको भोगचलनमा रही सोही जग्गामा नियमसङ्गत ढङ्गबाट भवन निर्माणको कार्य गरेको देखिन आएको अवस्थामा वादीको जग्गा दर्ता स्रेस्ताअनुसारको क्षेत्रफल नपुगेको कारणले मात्र प्रतिवादी विद्यालयले वादीको कि.नं.१२७ को जग्गामध्ये ०-१-० जग्गा खिचोला गरेको भनी मान्न मिल्ने देखिन नआउने।

अदालतको आदेशानुसार नक्सा मुचुल्का हुँदा यी वादी रोहबरमा बसी सहिछाप गर्नुका साथै सो नक्सा सम्बन्धमा कुनै जिरह नभएको भनी लेखाई दिएबाट नक्सा हुँदाको समयमा नक्सा मुचुल्कामा चित्त बुझाई बसेको देखिन्छ। त्यसैगरी उक्त नक्सा मुचल्का नक्सा प्रिन्ट नभिडाई भएको भए वादीले नक्सा मुचल्का भई आएपछि पनि सो नक्सा बदरको लागि अदालतमा निवेदन दिन पाउने अधिकार सुरक्षित नै रहेकोमा सो नक्सा मुचुल्का बदर बातिल गराउनेतर्फ यी पुनरावेदक वादीले समयमै निवेदन दिएको भन्ने मिसिलबाट देखिँदैन। यसरी प्रक्रियासङ्गत तवरबाट एक पटक नक्सा मुचुल्का भएको कुरालाई चित्त बुझाइसकेपछि मुद्दा फैसला भएपश्चात् मात्र नक्सा प्रिन्ट नभिडाई नक्सा मुचुल्का भएको भनी फरक ढङ्गको तर्क गरी सो नक्साको आधारमा भएको फैसला त्रुटिपूर्ण छ भनी भन्न नमिल्ने। वादीले लिएको पुनरावेदन जिकिर मनासिब नदेखिँदा निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

विवेचित आधार प्रमाणबाट जग्गा खिचोला मेटाई घरको जग्गा र घर भत्काई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६८।१।२० मा भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१६६८, कर्तव्य ज्यान, *पारस चौधरी वि. नेपाल सरकार, आशाराम थारू वि. नेपाल सरकार र नेपाल सरकार वि. कालीप्रसाद चौधरी*

प्रत्यक्षदर्शी नभए पनि अन्य प्रमाणको आधारबाट कसुरदार देखिएमा प्रत्यक्षदर्शी नरहेको आधारमा निर्दोष रहेको अर्थ गर्न मिल्दैन। प्रस्तुत मुद्दामा प्रतिवादीहरूको मौकाको बयान एवम् ती बयानले औंल्याएका स्थानबाट दशी नै बरामद भएको छ। सङ्कलित प्रमाणले कसुर स्थापित गर्छ भने प्रत्यक्षदर्शी छैन भनेकै भरमा प्रतिवादीहरूलाई

उन्मुक्ति दिन मिल्दैन । प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबित भई बयान गरेको पाइन्छ । वारदातस्थलबाट बरामद भएको गजपट्टी, प्रतिवादीले खुलाएकै ठाउँबाटै बरामद भएको दाउरा, जाहेरवालाको बकपत्र, लासजाँच प्रकृति मुचुल्कामा उल्लेख भएको बेहोरा, शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न आधार प्रमाणबाट प्रतिवादीहरूउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुर नठहऱ्याई प्रतिवादीहरू पारस चौधरी, कालीप्रसाद थारू र अमेरिका भन्ने आशाराम थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्छ भनी भएको सुरू बाँके जिल्ला अदालतलको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट सदर भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः सुरू बाँके जिल्ला अदालतको मिति २०६९।१२।१९ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी कालीप्रसाद चौधरीको हकमा साधकतर्फ विचार गर्दा, प्रतिवादी कालीप्रसाद चौधरीसमेतको मिलोमतोमा मृतक लालताप्रसाद थारूलाई कर्तव्य गरी मारेकोले कानूनबमोजिम कारबाही गरिपाउँ भनी निजउपर समेत किटानी जाहेरी परेकोमा प्रतिवादी कालीप्रसाद चौधरीको घर आँगनमा प्रतिवादी अमेरिका भन्ने आशाराम थारू र पारस चौधरीसमेत भेला जम्मा भई प्रतिवादी तीनैजनाले मृतक लालताप्रसाद थारूलाई कर्तव्य गरी मार्ने योजना बनाई रातिको समयमा मृतक सुतिरहेको स्थानमा गई रोहीणीको दाउराले टाउकोमा प्रहार गरेकाले सोही चोटका कारण निजको मृत्यु भएको कुरामा साबित रही अनुसन्धानको क्रममा प्रतिवादीहरूले बयान गरेको देखिन्छ । प्रहार गरेको रोहीणीको काठ दशीको रूपमा प्रतिवादीले खुलाएकै ठाउँबाटै बरामद भएको छ । घटनास्थल लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरीवालाको बकपत्रसमेतका आधारमा निज प्रतिवादी कालीप्रसाद चौधरीको हकमा समेत मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्छ भनी भएको सुरू बाँके जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मिलेको देखिएकोले निज प्रतिवादी कालीप्रसाद चौधरीको हकमा साधक सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

फैसला लेखनमा सहयोग गर्नेः धनसिंह गिरी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७४-CR-००८४, कर्तव्य ज्यान, *वसन्त गुप्ता वि. नेपाल सरकार*

पोस्टमार्टम रिपोर्टबाट मृतक सारस महर्जनको मृत्यु Blunt Force Injury To The Head को कारण भएको हो भन्नेसमेतका मिसिल संलग्न प्रमाण कागजहरूबाट तथा प्रतिवादीहरू वसन्त गुप्ता र मनोज माझीको बयान कथन र निजहरूउपरको किटानी जाहेरी बेहोरा समर्थित हुन आई मृतक सारस महर्जनको मृत्यु यी प्रतिवादीहरू वसन्त गुप्ता र मनोज माझीको कर्तव्यबाट भएको र निजहरूको वारदातमा प्रत्यक्ष संलग्नता रहेको भन्ने तथ्य स्थापित हुन आयो । त्यसैगरी प्रतिवादीहरू वसन्त गुप्ता र मनोज माझीले कुटपिट गरेको भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष स्वीकार गरेको बयान अन्य प्रतिवादीहरूको मौकाको बयानबाट समर्थित भएको

देखिने।

मौकामा प्रतिवादीहरूले गरेको बयान घटनास्थलको अवस्थामा घटना हुँदाको परिस्थितिसमेतबाट वारदातको अवस्थासँग घटनाक्रम मिलेको घटनाहरूलाई क्रमबद्ध सिलसिलेवार तरिकाबाट मेल खान आएको देखिन्छ । मौकामा कागज गर्ने व्यक्तिहरू प्रदीप महर्जन, सगुन शाही, अर्जुन महर्जन, सन्तोष राजवाहक र रामप्रसाद महर्जनले समेत अदालतसमक्ष उपस्थित भई प्रतिवादीहरूको कुटपिटको कारणले मृतकको मृत्यु भएको हो भनी किटान गरी बकपत्र गरेका र मृतकको शव परीक्षण गर्ने डा. रिजेन श्रेष्ठले पोस्टमार्टम रिपोर्टलाई समर्थन गरेको बकपत्रबाट समेत प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन आउने।

लास जाँच मुचुल्का, मृतकको पोस्टमार्टम रिपोर्ट एवम् पोस्टमार्टम गर्ने डाक्टरको बकपत्रसमेतबाट मृतकको शरीरमा विभिन्न चोट भई टाउकोमा गम्भीर चोटको कारण मृत्यु भएको भन्ने देखिएको र प्रतिवादीहरू मनोज माझी र वसन्त गुप्ता मौकाको बयानमा कसुरमा साबित भएकोमा अन्य प्रतिवादीको पोल तथा मौकामा कागज गर्ने व्यक्तिहरूले गरेको बकपत्रलगायतका प्रमाणबाट निज प्रतिवादीहरूको चोट प्रहारबाट मृतकको मृत्यु भएको कुरा स्थापित हुन आएको देखिने।

प्रतिवादीहरूले वस्तुनिष्ठ प्रमाणबाट आफ्नो जिकिर पुष्टि गर्न सकेको नदेखिएको र घटनाको समग्र अवस्था, प्रकृति र परिणामबाट प्रतिवादीहरूको पुनरावेदन जिकिर पुष्टि हुने कुनै पनि आधारहरूको विद्यमानता नरहेको स्थितिमा प्रतिवादीहरूको जिकिर कानूनसङ्गत एवम् विश्वासयोग्य नदेखिँदा उच्च अदालत पाटनबाट भएको फैसला अन्यथा नभई मनासिब रहेको देखिने।

अतः माथि उल्लिखित तथ्य, प्रमाण र कानूनी व्यवस्थासमेतबाट प्रतिवादीहरू वसन्त गुप्ता र मनोज माझीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरदार ठहऱ्याई निजहरूलाई जन्मकैद हुने तथा प्रतिवादी मनोज माझी नाबालक रहेकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम निजलाई आधा १० (दश) वर्ष कैद सजाय हुने साथै निज प्रतिवादीहरू वसन्त गुप्ता र मनोज माझीलाई निजहरूको कलिलो उमेर, अपराध हुँदाको अवस्था परिस्थिति जोखिमी हतियारको प्रयोग नभएमा क्षणिक आवेग उत्तेजनामा आई सामान्य पूर्वाग्रहबाट अभिप्रेरित भई कुटपिटको बदलाको स्वरूप सामान्य लाठा, ढुङ्गाबाट कुटपिट भएको र बाल उत्तेजनाबाट अपराध हुन गएको अवस्थामा अधिकतम सजाय गर्दा कसुरको मात्राअनुसार भन्दा चर्को सजाय पर्न जाने देखिएबाट सोसमेतलाई दृष्टिगत गरी कानूनबमोजिम हुने सजायको आधा सजाय ५ (पाँच) वर्ष हुनेसमेत गरी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम राय व्यक्त गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।५।२३ मा भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१०।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल भदौ १२ गते रोज ३ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-१७०६, वैदेशिक रोजगार कसुर, *दीपेन्द्रकुमार यादव वि. नेपाल सरकार*

जाहेरवालाहरूले जाहेरीसाथ पेस गरिएको

लिखतको पहिलो, तेह्रौं र चौधौं हरफमा लेखिएको हस्ताक्षरसँग मिल्दैन भन्ने राय विशेषज्ञबाट प्राप्त भएको भएपनि सो लिखतमा भएका अन्य बेहोराहरू आफूले लेखेको हो भनी प्रतिवादी स्वयम्ले स्वीकार गरी बयान गरेको पाइन्छ । साथै जाहेरीसाथ पेस भएको उक्त लिखतमा भिसाबापत, Air Ticket बापत भनी उल्लेख भएको देखिँदा उक्त लिखत वैदेशिक रोजगारको प्रयोजनको लागि नै लेखी हिसाबकिताब राखिएको भन्ने देखिन आउँछ । जाहेरीसाथ पेस भएको बसको टिकटबाट कोलकत्ताका लागि यी प्रतिवादी दीपेन्द्रकुमार यादवको नाउँमा ९ वटा सिटहरूको लागि टिकट काटेको देखिन्छ र सो सन्दर्भमा हेर्दा यी पुनरावेदक प्रतिवादी स्वयम्ले आफू, आफ्नो मामा र जाहेरवालाहरूसमेत ९ जना कोलकत्ता गएको हो भनी स्वीकार गरी बयान गरेबाट निजले यी जाहेरवालाहरूसमेतलाई कोलकत्ता लगेको देखिन्छ । त्यस्तैगरी जाहेरीसाथ पेस गरिएको Worldwide Express Courier (P) Ltd. को रसिदबाट जाहेरवालाहरूले यी प्रतिवादीको नाउँमा पासपोर्ट पठाएको देखिने ।

माथि उल्लिखित आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले बिनाइजाजत जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाई दिन्छु भनी रकम लिई भनेबमोजिम रोजगारीमा नपठाई रकमसमेत फिर्ता गरेको नदेखिएको स्थितिमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको भनी यी पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर गरी कसुरदार कायम गरी सजाय गरेको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । अतः सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७२।२।१७ मा प्रतिवादी दिपेन्द्रकुमार यादवलाई कसुरदार ठहऱ्याई १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- जरिवाना सजाय हुने र बिगोको हकमा अभियोग मागदाबीबमोजिम हर्जानासहितको बिगो प्रतिवादीबाट जाहेरवालाहरूले भरी पाउने गरी भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CR-११४७, लागु औषध (नर्फिन डाइजेपामसमेत), *नेपाल सरकार वि. सुरेशकुमार देवकोटासमेत*

प्रतिवादीहरू आफू बस्ने गरेको होटेलको कोठाबाट लागु औषध बरामद भएको तथ्यमा अनुसन्धानमा र अदालतमा समेत साबित रहेको देखिन्छन् । तर सो लागु औषध आफूले नराखेको, कसले राखेको हो भन्ने पनि थाहा नभएको र सो लागु औषध हो भन्ने पनि आफूलाई थाहा नभएको भनी कसुरमा इन्कार रही यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गरेको पाइन्छ । उक्त लागु औषध प्रतिवादीको सँगसाथबाट बरामद भएको नभई होटलको कोठाबाट बरामद भएको देखिन आउने ।

प्रत्यर्थी प्रतिवादीहरू लागु औषधको कारोबारी रहेको भन्ने पनि अन्य कुनै प्रमाणबाट देखिन आएको छैन । उक्त कोठामा प्रतिवादीहरू सुत्ने गरेको र कोठाको साँचो प्रतिवादीहरूसँग भएको भन्ने देखिएबाट मात्र सो लागु औषधको सम्बन्ध प्रतिवादीहरूसँग

जोडिएको देखिन्छ। सोबाहेक उक्त लागु औषधको कुनै पनि सम्बन्ध यी प्रत्यर्थी प्रतिवादीहरूसँग रहेभएको प्रमाण पेस हुन सकेको नदेखिने।

प्रतिवादीहरूले लागु औषध खरिद बिक्री गर्ने गरेको भन्ने कुनै तथ्य र प्रमाणसमेत वादी पक्षले देखाउन सकेको छैन। केवल कोठाको साँचो यी प्रत्यर्थी प्रतिवादीहरूसँग हुनु र कहिलेकाहीँ त्यस कोठामा निजहरू सुत्ने गरेको कारणले मात्र बरामद भएको लागु औषध खरिद बिक्री वितरण गर्ने र सो प्रयोजनार्थ सञ्चय गर्ने कसुरको मुख्य कसुरदार निजहरू रहेको मान्न नसकिने।

विभिन्नखाले मानिसहरू आउने जाने गर्ने, आफ्नो सामानहरू राखी हिँड्ने होटेलको कोठामा यी प्रतिवादीहरूले आफैँ लागु औषध राख्नुको कुनै प्रयोजन हुन सकेको छैन। लागु औषध राख्नुको कुनै प्रयोजन नै सिद्ध हुन नसकेको अवस्थामा निजहरूले उक्त लागु औषध सञ्चय गरेको भनी भन्न मिल्ने देखिँदैन। निजहरू होटलमा सामान्य काम गर्ने केटाहरू भएकोले आफैँले लागु औषध कारोबार गर्न होटेलमा लागु औषध सञ्चय गर्नेसम्मको तारतम्य परिपञ्च गर्न सक्ने परिस्थिति रहेभएको पनि देखिन आउँदैन। त्यसैले निजहरूले सुत्ने गरेको कोठामा लागु औषध भेटिएको भन्ने मात्र आधारमा निजहरूलाई लागु औषधको सञ्चय गरेको कसुरमा सजाय गर्न उपयुक्त नदेखिने।

लागु औषधको अरूले सञ्चय गर्ने कार्यमा यी प्रत्यर्थी प्रतिवादीहरूले सघाउ पुऱ्याएकोसम्म भने देखिन आएकोले सुरू जिल्ला अदालतबाट निजहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुरूप मतियारसम्म ठहऱ्याई सजाय गर्ने गरेको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आयो। प्रत्यर्थी प्रतिवादीहरूबाट अभियोग दाबीअनुसारको कसुर भए गरेको देखिन नआउने।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रत्यर्थी प्रतिवादीहरू सुरेशकुमार देवकोटा र दिपक अर्याललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अनुसार मतियारसम्म ठहऱ्याई निजहरूलाई सोही दफा १७ बमोजिम ऐ.को दफा १४(१)(झ) ले हुने सजायको आधा जनही १ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।१२।४ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CR-०१८३, लागु औषध, *नेपाल सरकार वि. दिलबहादुर घर्ती*

प्रतिवादीमध्येका दिलबहादुर घर्ती फरार रहेको पाइन्छ। निज फरार रहेकोले नै निजको हकमा मुलुकी ऐन, अ.बं.१९० नं. बमोजिम मुद्दा मुल्तबी रहने गरी फैसला भएको हो। कुनै पनि व्यक्तिका विरूद्ध निर्णय गर्दा वा कुनै पनि व्यक्तिलाई सजाय गर्दा सुनुवाइको पर्याप्त मौका दिनुपर्छ तथा एक पक्षको कुरा सुनेर मात्र निर्णयमा पुग्नु हुँदैन भन्ने प्राकृतिक न्यायको सिद्धान्त हो। वारेन्ट जारी हुने मुद्दामा एक पटक पनि मुद्दा हेर्ने अड्डामा हाजिर नभई सुरूदेखि नै फरार रहेको प्रतिवादीको हकमा उसको कुरा अदालतमा राख्ने पर्याप्त मौका दिनको लागि नै त्यस्ता फरार रहेका प्रतिवादीको हकमा मुद्दा मुल्तबी राख्ने कानूनी व्यवस्था भएको हो। यसरी कुनै प्रतिवादीको हकमा मुद्दा नै मुल्तबी राखिएको अवस्थामा निजलाई प्रतिकूल असर पर्ने वा निजको विरूद्धमा कुनै निर्णय

गर्दा मुल्तबीको कुनै अर्थ नै नरहने।

प्रतिवादी दिलबहादुर घर्तीउपर दायर भएको लागु औषध ओसारपसार मुद्दा मुलुकी ऐन, अ.बं. ९४ नं. अनुसार वारेन्ट जारी हुने मुद्दाभित्र पर्न आउँछ। निजलाई अनुसन्धानको क्रममा प्रहरीले पक्राउ गरी अभियोगपत्रसाथ अदालतमा पेस गर्न सकेको देखिँदैन। अभियोगपत्र अदालतमा दायर भएपश्चात् वारेन्ट जारी हुने मुद्दामा फरार अभियुक्तका हकमा अदालतबाट अ.बं. ९४ नं. अनुसारको वारेन्ट जारी भई सो जारी भएको सात दिनसम्म खोज तलास गर्दा पनि निज गिरफ्तार हुन नसके सोपछि तामेल गर्न सत्तरी दिन म्यादी पुर्जी जारी गर्दा पनि निज प्रतिवादी पक्राउ पर्न सकेको वा अदालतमा हाजिर हुन आएको नपाइने।

सुरू अदालतले यी प्रत्यर्थी प्रतिवादी दिलबहादुर घर्तीको हकमा मुद्दा मुल्तबीमा राखेको भनेपनि निजको स्वामित्वमा रहेको घरलाई जफत गर्ने गरी फैसला गरेकोबाट निज दिलबहादुरलाई प्रतिकूल असर पर्ने नै हुन्छ। एकातिर निजको हकमा मुद्दा मुल्तबीमा राख्नु र अर्कोतिर निजको हक स्वामित्व रहेको घरमा लागु औषध सञ्चय गरेको भनी सो घर जफत गर्ने निर्णय गर्नु परस्पर विरोधाभाषपूर्ण रहेको देखिन आउँछ। यसो गर्दा निजको हकमा मुद्दा मुल्तबी राख्नुको औचित्यतामा समेत असर पुग्न सक्ने।

कुनै कसुरमा कसैको विरूद्धमा निर्णय गर्नु भनेको निजलाई कैद र जरिवानाको सजाय मात्र गर्नु भन्ने होइन। निजको हकको सम्पत्ति जफत गर्नु तथा निजको अन्य कुनै हकहित र अधिकारमा असर पर्ने गरी निर्णय गर्नु पनि निजको विरूद्धमा निर्णय गर्नु नै हो। त्यसैले कसैको हकमा मुद्दा मुल्तबी राख्नु पर्ने अवस्थामा निजलाई सजाय हुनेलगायत निजलाई कुनै प्रकारले थोरै मात्र भएपनि हकहितमा असर पर्ने गरी निर्णय गर्न मिल्ने देखिन आउँदैन। यदि गरेमा मुद्दा मुल्तबी राख्नुको कुनै अर्थ रहँदैन र त्यो प्राकृतिक न्यायको सिद्धान्तलगायतका न्यायिक मूल्य मान्यताको प्रतिकूल हुन जान्छ। यसमा पुनरावेदक नेपाल सरकारले जफत हुनुपर्छ भनी जिकिर लिएको घर यी प्रत्यर्थी प्रतिवादी दिलबहादुर घर्तीको भएकोमा कुनै विवाद रहेको छैन। निजको हकमा मुद्दा नै मुल्तबी रहेको अवस्थामा निजको घर जफत गर्ने गरी निर्णय गर्न नमिल्ने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी दिलबहादुर घर्तीको हकमा मुद्दा मुल्तबी राखी निजको घर भने जफत हुने ठहर्‍याई सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६७।५।२३ मा भएको फैसला केही उल्टी गरी सो घर जफत नहुने ठहर्‍याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।९।१९ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-१६६६, जबरजस्ती र हाडनाता करणी, *तेजबहादुर दमै वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अनुसन्धानका क्रमको बयानमा निज पीडित मसँगै सुत्दै आइरहेकी थिइन् र मेरी श्रीमती वैदेशिक रोजगारको सिलसिलामा कुवेतमा गएकी हुँदा निज पीडित मसँग सुत्ने समयमा मलाई करणी गर्न मन लागी निजलाई पैसा दिन्छु भनी मैले ललाई फकाई गरी मिति २०७२।४।१० गते रातिसमेत जबरजस्ती करणी गरेको हुँ र सोभन्दा पहिला पनि पटकपटक जबरजस्ती करणी गरेको थिएँ भनी करणी गरेको तथ्यलाई स्वीकारी बयान गरिदिएको पाइन्छ। अन्य प्रमाणबाट समेत समर्थित हुन आएको

निजको अनुसन्धानको बयानलाई असत्य मान्नु पर्ने कानूनबमोजिमको अवस्थाको समेत मिसिलमा विद्यमानता रहे भएको नदेखिने ।

जाहेरवालाले रिसइवीका कारण झुट्टा जाहेरी दिएको भनी यी पुनरावेदकले जिकिर लिएपनि जाहेरवालाले आफ्नै बाबुउपर आफ्नो परिवार र आफ्नो छोरीको समेत इज्जतसँग जोडिएको जबरजस्ती करणी र हाडनाता करणीजस्तो कसुरजन्य कार्य आफ्नो नाबालिग छोरीउपर भएको भनी झुट्टा जाहेरी दिनुपर्नेसम्मको निजहरूबिच कुनै रिसइवी रहेको भन्ने पनि मिसिलबाट देखिन नआउने ।

मिसिल संलग्न आधार प्रमाणहरूबाट निज प्रतिवादी तेजबहादुर दमैले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको हुँदा सुरू अदालतले प्रतिवादीलाई सजाय गर्ने गरी गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः सुरू मकवानपुर जिल्ला अदालतबाट यी पुनरावेदक प्रतिवादी तेजबहादुर दमैलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अनुसारको कसुरमा ११ (एघार) वर्ष कैद हुने, पीडितले प्रतिवादीबाट रू.२५,०००|- (पच्चीस हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराई लिन पाउने, मुलुकी ऐन, हाडनाता करणीको महलको २ नं. को देहाय १ को कसुरमा सोही महलको २ नं. अनुसार समेत थप ४(चार) वर्ष कैद हुने ठहऱ्याई मिति २०७२।६।१२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१०।१९ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल चैत २० गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-०८७२, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. अमृत चौधरी*

प्रतिवादी अमृत चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुरमा साबित रही बयान गरेको देखिए पनि अदालतसमक्ष बयान गर्दा कसुरमा पूर्ण इन्कार रही बयान गरेको पाइन्छ । मौकामा घटनास्थल पुगेका भनिएका रमेश ठटाल र तिर्थकुमारीले मौकामा कागज गर्दा घटनास्थलमा आइमाई कराएको आवाज आएको हुँदा घटनास्थलतर्फ जाँदा घटना देखेको भनेको पाइन्छ भने अदालतमा बकपत्र गर्दा रमेश ठटालले आफ्नै मोटरसाइकलको उज्यालोबाट देखेको भनी बकपत्र गरेको र घटना भएको समय भनी पीडितले जाहेरीमा ५:०० बजे देखाएकोमा यी प्रत्यक्षदर्शी रमेश ठटालले अदालतमा बकपत्र गर्दा ६/७ बजे घटनास्थलमा आई पुगेको भनी बकपत्र गरेको पाइने ।

घटनास्थलको राजमार्गबाट दूरी, वारदातको समय, वारदातस्थलमा प्रतिवादीको र पीडित भनिएकी जाहेरकर्ताको अवस्था आदिका सम्बन्धमा मिसिलमा रहेभएका भनाइहरू एकआपसमा बाझिने प्रकृतिका भई शङ्कास्पद अवस्थाका नै देखिन आएका छन् । जाहेरकर्ता र बुझिएका व्यक्तिहरूको कुन भनाइ सत्य हुन भनेर नै छुट्याउन सकिने अवस्था देखिएन । वारदातका सम्बन्धमा यसरी परस्पर मिल्न भिड्न नआएको विरोधाभाषपूर्ण भनाइका आधारबाट वारदात भएको नि:सन्देह पुष्टि हुन नसक्ने ।

जबरजस्ती करणी तथा सोको उद्योग हुनको लागि १६ वर्ष उमेर पुगेको महिलासँगको हकमा प्रथम अनिवार्य सर्तको रूपमा करणीको लागि महिलासँग सहमति नजुटेको अवस्था हुनुपर्ने । करणीको लागि

सहमति नजुटेको अवस्थामा जबरजस्ती करणी गर्न खोज्ने पक्षबाट स्वभावैले कुनै न कुनै रूपमा बल प्रयोग भएको हुनुपर्ने र आफ्नो इच्छा विरूद्ध कसैले कुनै किसिमले बल तथा दबाब प्रयोग गरी आफूलाई करणी गर्न खोजेको अवस्थामा महिलाबाट स्वाभाविक रूपमा कुनै न कुनै प्रकारले प्रतिकार भएको हुनुपर्ने हुन्छ । बल प्रयोग र प्रतिकार गरेको भन्ने तथ्य पीडित र पीडकको शरीर र वारदातस्थलमा देखिएका सङ्केतहरूबाट पुष्टि हुने तथ्य हो । यसमा यी प्रतिवादीले पीडित भनिएकी (क) लाई जबरजस्ती रूपमा करणी गर्न खोजेको देखिने कुनै सङ्केत रहेभएको निज (क) को शारीरिक जाँचबाट देखिएको नपाइने ।

अनुसन्धानका क्रमको भनाइका आधारमा मात्र कसैलाई कसुरदार ठहऱ्याउनु न्यायोचित हुँदैन । हाम्रो कानून प्रणालीमा कसुर प्रमाणित गर्ने भार वादीमा निहित रहने हुन्छ । सोअनुसार प्रमाण ऐन, २०३१ को दफा २५ मा अभियोग प्रमाणित गर्ने भार वादी पक्षमा निहित रहने गरी कानूनी व्यवस्था गरिएको पाइन्छ । प्रस्तुत मुद्दामा वादी पक्षले प्रतिवादीउपर लगाएको अभियोग शङ्कारहित तवरले पुष्टि हुने प्रमाण पेस गर्न सकेको नपाइने ।

पुनरावेदक वादी पक्षबाट अनुसन्धानका क्रममा सङ्कलित प्रमाणहरू अदालतमा न्यायिक परीक्षणको क्रममा वस्तुगत प्रमाणहरूबाट समेत पुष्टि हुन नसकी विरोधाभाषपूर्ण तथा शङ्कास्पद रहेभएको देखिन आएको छ । यसमा परस्पर समर्थित हुन नआएको पीडित भनिएकी (क) को जाहेरी र निजको बकपत्र, प्रत्यक्षदर्शी भनिएका रमेश ठटालसमेतको मौकाको भनाइ र बकपत्रको बेहोरा, पीडितको स्वास्थ्य परीक्षण रिपोर्टसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीबाट अभियोग दाबीबमोजिम कसुर भएको शङ्कारहित तवरले पुष्टि हुने अवस्था नभएकोले पुनरावेदन जिकिरअनुसार प्रत्यर्थी प्रतिवादीलाई कसुरदार भन्न नसकिने ।

अतः विवेचित आधार, कारण तथा प्रमाणबाट प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।३।४ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।११।१ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल चैत २३ गते रोज ६ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CI-१०६२ र ०६८-CI-११३२, जग्गा खिचोला, *अजितकुमार मिश्र वि. अशोककुमार झासमेत र अशोककुमार झा वि. अजितकुमार मिश्र*

पुनरावेदन अदालतले फैसला गर्दा विवाद निरूपण गर्ने प्रश्नहरूमध्ये केही प्रश्नको विवाद निरूपण गरेको र केही विवादको प्रश्न यथावत् राखी फैसला गरेको देखिन आयो । यसै सन्दर्भमा मुलुकी ऐन, अ.बं. १९२ को अध्ययन गर्नुपर्ने देखियो । उक्त नं. हेर्दा वारेन्ट जारी हुने वा चोरीको महलले मुल्तबी रहने मुद्दाका अभियुक्त अड्डामा पक्री नआएको वा हाजिरै नभएकाको हकमा बाहेक गैह्र मुद्दा फैसला गर्दा एउटै मिसिलबाट गर्नुपर्ने काममध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भन्ने बेहोरासँग फैसला गर्न हुँदैन भन्ने कानूनी व्यवस्था रहेको देखियो । उक्त कानून व्यवस्थाबमोजिम एउटै मिसिलबाट गर्नुपर्ने कार्यमध्ये केही काम बाँकी राखी

पछि बुझी निर्णय गर्छु भन्न मिल्ने देखिन नआउने।

तसर्थ, माथि विवेचित तथ्य, मिसिल संलग्न नाप नक्सा मुचुल्का तथा उल्लिखित कानूनी व्यवस्थाको आधारबाट वादीले दाबी लिएको विषयहरूमध्ये केही विषयको निरूपण गरी र केही विषयमा पछि निरूपण गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।९।१८ गतेको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६७।३।१५ गतेको फैसलामा मुलुकी ऐन, अ.बं.१९२ नं. को त्रुटि देखिन आएकोले बदर हुने ठहर्छ। सबै विवादित प्रश्नउपर अब जे जो बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम पुनः फैसला गर्नु भनी उपस्थित पक्षहरूलाई तारिख तोकी रेकर्ड तथा सुरू मिसिलसमेत उच्च अदालत पाटनमा पठाउने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज २ शुभम्।

- यसै लगाउको ०६८-CI-१०६३ र ०६८-CI-११३३, दूषित निर्णय दर्ता बदर, *अजितकुमार मिश्र वि. अशोककुमार झा र अशोककुमार झा वि. अजितकुमार मिश्र* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CR-०५२८, जबरजस्ती चोरी, *नेपाल सरकार वि. सुरेन्द्र बुढाथोकीसमेत*

चोरीको कसुर ठहर्न सम्पत्तिमा हक नै नभएकाले अरूको सम्पत्ति धनमालमा धनीको मन्जुरी र निजलाई जानकारी, थाहा नदिई लिने खाने उद्देश्यले जस्तोसुकै कामकुरा गरी सो सम्पत्ति लगेको र त्यस्तो कार्यमा निजको नियत मनसाय "बेइमानी" (Malafide intension) रहेको हुनुपर्दछ। जस्तोसुकै काम कुरो गरी धनीको मन्जुरीबिना आफूले खाने नियतले अर्काको सम्पत्तिमा बेइमानीको नियतले लगेको भए चोरीको परिभाषाअन्तर्गत पर्ने।

प्रतिवादीहरूले जबरजस्ती सामान लगेको भन्ने देखिँदैन। सार्वजनिकस्थलमा उक्त चोरीको ४ नं. मा वर्णित जबरजस्ती डरधाक, कुटपिट गर्ने जस्ता क्रियाकलापहरू प्रतिवादीहरूले गर्नसक्ने अवस्था सामान्यतया: रहन सक्ने हुँदैन। सार्वजनिक स्थलमा डरधाक जोरजुलुम गरेको भए चोरीको ४ नं. मा उल्लिखित कार्य गरी चोरी भएको पुष्टि हुन आएको हुनुपर्दछ। होटलमा लगिदिने भनी लगेको सामानहरू होटलमा नलगी खानको लागि बेइमानीको नियतले अन्यत्र लगी लुकाई राख्ने कार्य गरेको देखिन्छ। बसपार्कबाट जाहेरवालाको सामान लग्दा उक्त चोरीको ४ नं. मा उल्लिखित कार्य गरी सोही तौरतरिका अपनाई प्रतिवादीहरूले चोरी गरेको देखिन नआएकोले प्रस्तुत वारदात चोरीको ४ नं. ले परिभाषा गरेको जबरजस्ती चोरीअन्तर्गत पर्ने देखिन नआउने।

जाहेरवाला त्रिलोक थापाको सामानहरू निज सामान धनीको मन्जुरीबिना प्रतिवादीहरूले झुक्यानमा पारी एबिसी होटलमा पुऱ्याइदिने भनी गाडामा राखी बिच बाटोबाट अन्यत्र लगी बेइमानीको नियतले धनीको हक मेटाई लिने खानेसम्मको कार्य गरेको देखिन आयो। प्रतिवादीहरूको यस्तो कार्य मुलुकी ऐन, चोरीको महलको १ नं. विपरीतको साधारण चोरीको कसुर रहेको पुष्टि भएको देखिने।

बरामद भएको बिगो रू.१२,५८५।- बराबरको सामान जाहेरवालाले मिति २०४८।४।२० मा बुझिलिएको पाइन्छ। मेची भन्सार कार्यालयबाट लिलाम बढाबढ भइआएको रू.४,५००।- समेत जम्मा रू.१७,०८५।- बिगो बराबरको सामान

प्रतिवादीहरूबाट बरामद भएको पाइन्छ। वादी नेपाल सरकारबाट रू.६४,२५०।- बिगो दाबी लिएको पाइए पनि मिसिल संलग्न प्रमाणबाट सो दाबी पुष्टि हुन सकेको छैन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम दाबीको बिगो प्रमाणित गर्ने भार वादी नेपाल सरकारमा नै निहित रहेको देखिन्छ। सोअनुरूप दाबीको बिगो पुष्टि हुन आएको नदेखिँदा पुनरावेदन अदालत इलामबाट बिगोको हकमा रू.१७,०८५।- बिगो कायम भई भएको फैसला अन्यथा भन्न नमिल्ने।

ठोस सबुत प्रमाणको अभावमा बरामद भएको चोरीको सामान आफ्नो एकतले सेन्टि बेरा भएको घरको खुल्ला कोठामा चिनेको व्यक्तिले केही समय राखी दिन आग्रह गरेकोले राख्न दिएकोसम्मको कार्यलाई चोरीको कसुर गरेको भनी प्रतिवादी भवानी केरूङलाई कसुरदार करार गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने होइन । प्रतिवादी भवानी केरूङले जानीजानी बरामद भएको चोरीको सामान आफ्नो घरको कोठामा राख्न दिएको देखिन नआएको तथा निजले बेइमानीको नियतले सामान राखेको पुष्टि हुन आएन। प्रस्तुत मुद्दामा निजको संलग्नता रहेको नदेखिँदा निजको हकमा पुनरावेदन अदालत इलामबाट मिति २०६७।३।२८ मा भएको फैसला मिलेको नदेखिने।

प्रतिवादीहरू सुरेन्द्र बुढाथोकी र बालजित राईको मौकाको बयान, सहअभियुक्तहरू डम्बर तामाङ र कैलास खड्काले मौका तथा अदालतमा पोल गरी गरेको बयान, बरामद भएको चोरीको सामान, जाहरेवालाले हेरी चिनी सनाखत गरेको, बरामद भएको बिगो रू.१२,५८५।- बराबरको सामान जाहेरवालाले मिति २०४८।४।२० मा बुझिलिएको, जाहेरवालाको रू.४,५००।- बराबरको सामान मेची भन्सार कार्यालयबाट लिलामी भएको देखिएबाट समेत यी प्रतिवादीहरू कसुरदार रहेको पुष्टि हुन आयो। तसर्थ, प्रतिवादीहरू बालजित राई, सुरेन्द्र बुढाथोकीसमेतले बिगो रू.१७,०८५।- (सत्र हजार पचासी रूपैयाँ) बराबरको जाहेरवालाको सामान साधारण चोरीको रीतले चोरी गरेको देखिँदा पुनरावेदन अदालत इलामबाट मिति २०६७।०३।२८ मा जबरजस्ती चोरीको कसुर कायम गरी निज प्रतिवादीहरू सुरेन्द्र बुढाथोकी र बालजित राईको हकमा भएको फैसला मिलेको नदेखिने।

अतः माथि विवेचित आधार, कारणबाट प्रतिवादीहरू बालजित राई र सुरेन्द्र बुढाथोकीलाई मुलुकी ऐन, चोरीको महलको १४(२) नं. बमोजिम जनही डेढ महिना कैद र बिगो रू.१७,०८५।- जरिवाना र सो जरिवानाबापत समेत कैद सजाय हुने ठहर भई पुनरावेदन अदालत इलामबाट मिति २०६७।३।२८ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही १ (एक) महिना कैद र रू.१७,०८५।- (सत्र हजार पचासी रूपैयाँ) जरिवाना हुने ठहर्छ। बिगोको हकमा जाहेरवालाले ठहरेबमोजिमको बिगो बुझिलिएको देखिँदा केही गरिरहन परेन । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने निज प्रतिवादीहरू सुरेन्द्र बुढाथोकी र बालजित राईको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादी भवानी केरूङलाई मुलुकी ऐन, चोरीको महलको १४(२) नं. बमोजिम डेढ महिना कैद, रू.१७,०८५।- जरिवाना र सो जरिवानाबापत समेत कैद सजाय हुने ठहर भई पुनरावेदन अदालत इलामबाट मिति २०६७।०३।२८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादी भवानी केरूङले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । यस अदालतमा पुनरावेदन नगर्ने प्रतिवादीहरू डम्बर तामाङ, किरण सुब्बा, कैलाश खड्का र गंगा राईको हकमा समेत मुलुकी ऐन, अ.बं.२०५ नं. बमोजिम

पुनरावेदन अदालत इलामको फैसला मिलेको नदेखिँदा केही उल्टी भई मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही १(एक) महिना कैद र रू.१७,०८५।- जरिवाना हुने ।

इजलास अधिकृत: कालिबहादुर साम्यु लिम्बू
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल जेठ २२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-WH-००७०, बन्दीप्रत्यक्षीकरण, *विक्रम गहतराज वि. सुनसरी जिल्ला अदालत, इनरूवासमेत*

वारदातमा कसुरदार ठहरेका व्यक्ति महेश दर्जीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्ने क्रममा अभियोगपत्रमा उल्लिखित प्रतिवादी विक्रम वि.क.लाई गाउँ टोलमा भएको नाताले चिनेको र सो वारदातमा उनी पनि संलग्न रहेको भनी लेखाइदिएको देखिन्छ । निज प्रतिवादी महेश दर्जीलाई ११ वर्ष कैद हुने ठहरी फैसला भएको छ । उक्त जबरजस्ती करणीको वारदात भएपश्चात् फरार रहेका यी निवेदकलाई मिति २०७४।५।८ मा पक्राउ गरी कारागार कार्यालय, झुम्का सुनसरीमा थुनामा राखिएको पाइन्छ । सहप्रतिवादी महेश दर्जीले ०७२-CR-०९०१ को जबरजस्ती करणी मुद्दामा सजाय ठहर भएका विक्रम वि.क. र यी निवेदक विक्रम गहतराज एकै व्यक्ति हुन् भनी मिति २०७४।५।९ मा सनाखत गरिदिएकोसमेत देखिने ।

निवेदकले वारदात भएपछि मिति २०६७।८।७ मा लिएको नागरिकतामा विक्रम गहतराज भनी उल्लेख भएको छ । वारदातपछि सिर्जित प्रमाणको महत्त्व कम हुन्छ । अर्कोतिर सोही नागरिकतामा निज प्रतिवादीको वतन जिल्ला सुनसरी धरान न.पा.८ र पिताको नाउँ भुवन लेखिएको छ जुन निज निवेदकको वतन र पिताको नामसँग मिलिरहेको नै देखिन्छ । यसका साथै सोही जबरजस्ती करणी मुद्दामा नै यी निवेदक प्रतिवादीको नामको अंशसमेत रोक्का गर्न गएकोसमेत देखिँदा यी निवेदक नै उक्त जबरजस्ती करणी मुद्दामा ठहर फैसला भएका विक्रम वि.क. भएको भन्ने देखिने ।

उल्लिखित एवम् विवेचित आधार र कारणसमेतबाट अदालतको फैसलाअनुसार यी निवेदक विक्रम गहतराज थुनामा रहेको देखिँदा सो थुना गैरकानूनी मान्न मिलेन । अतः निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कल्याण खड्का
इति संवत् २०७५ साल वैशाख २५ गते रोज १ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०६७-CI-०५९५, जबरजस्ती बनाएको पिलर र दिवाल हटाई खिचोला मेटाइ चलन चलाइ पाऊँ, *किरणकुमार भट्टचन वि. सिताराम रसाइली*

विवादित जग्गाको नक्सा तथा नक्सा मुचुल्का हेर्दा न.नं.३ मा सिताराम रसाइलीको पक्की ४ तले घर रहेको, न.नं.३।१ मा वादी प्रतिवादीबिच विवाद रहेको ४ तले पक्की घर भनी उल्लेख भई नापी कैफियतमा न.नं.३ पूर्वतर्फ उत्तर दक्षिण २९ फिट ४ इन्च, पश्चिमतर्फ उत्तर दक्षिण २९ फिट १ इन्च, उत्तरतर्फ पूर्वपश्चिम २० फिट ९ इन्च, दक्षिणतर्फ पूर्वपश्चिम २८ फिट रहेको र न.नं.३।१ पूर्व एवम् पश्चिमतर्फ उत्तर

दक्षिण २ फिट २ इन्च, उत्तर एवम् दक्षिणतर्फ पूर्वपश्चिम २८ फिट रहेको भनी उल्लेख भएको देखियो । नाप नक्सा गर्ने अमिन हेमन्त पौडेलले विवादित जग्गाको क्षेत्रफल खुलाई दिएको प्रतिवेदनमा न.नं.३ मा ०-३-३.९ धुर र न.नं.३।१ मा ०-०-०.३३ भनी उल्लेख भएको पाइने ।

नाप नक्सा मुचुल्काबाट न.नं.३ र विवादित जग्गाको न.नं.३।१ को ०-०-०.३३ धुर जग्गा वादी सिताराम रसाइलीको भोगमा रहेको भई निजले नै घर बनाई भोगचलन गरी आएको देखिँदा वादी दाबीको आधारमा ब्लक, गारो र पक्की पिलरसमेत हटाउनु पर्ने प्रयोजन देखिएन । नक्सा मुचुल्का हुँदा वादी सिताराम रसाइलीले प्रतिवादी किरण भट्टचनले न.नं.३।१ को जग्गामा जबरजस्ती पिलर र दिवाल तोडफोड गरी कब्जा गरी घर बनाएको हो भनी जिकिर लिएको देखिँदा प्रतिवादीले खिचोला गरेको देखिन आएको छ । सोबाहेक न.नं. ३।१ को जग्गा वादी सिताराम रसाइलीकै हक भोगमा रहेको देखिने ।

प्रतिवादी स्वयम्ले पुरानो घर मर्मत गर्ने क्रममा पिलर उठाई ब्लकको दिवाल लगाउन खोज्दा विवाद भई स्थगित भएको हो भनी स्वीकार गरी घरको ट्वाइलेट जाने खाली ठाउँलाई उपभोगमा ल्याउने प्रयोजनका लागि भइरहेको दिवाललाई मजबुत पार्न सिमेन्ट लगाई पिलर ढाल्ने काम मुद्दा पर्नुअगाडि सम्पन्न गरेको भनी पुनरावेदक प्रतिवादीले पुनरावेदन पत्रमा उल्लेख गरेको देखिन्छ । यसबाट प्रतिवादीले खिचोला गरेको तथ्य समर्थित हुन आएको देखिने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट न.नं.३/१ को जग्गा वादी सिताराम रसाइलीकै हक भोगको रहेको देखिँदा सो ०-०-०.३३ धुर जग्गामा प्रतिवादीले गरेको खिचोला मेटाई दिने गरी भएको हदसम्म सुरूको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६६।२।१३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल फागुन १८ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०८४६, सरकारी छाप दस्तखत किर्ते, *नेपाल सरकार वि. टासी तुण्डुप शेर्पा*

मिति २०६४।८।२३ गते प्रतिवादी टासी तुण्डुप शेर्पाका साथबाट बरामद भएका निजका नाउँका कक्षा ११ र १२ का ट्रान्सक्रिप्ट, प्रोभिजनल सर्टिफिकेट र माइग्रेसनलगायतका कागजातहरू नक्कली भएको भन्ने प्रतिवादी स्वयम्ले मौकामा अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबिती रही बयान गरेको देखिन्छ । उक्त साबिती कथन सिद्धार्थ वनस्थली इन्स्टिच्युटको पत्र तथा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरको पत्रबाट समेत समर्थित भएको पाइयो । प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही निजसँग बरामद भएका कागजातहरू सक्कली हुन् भनी जिकिर गरे तापनि निजकै उक्त बयानको स.ज.नं.६मा "म गाउँ सोलुखुम्बु गएको बेलामा मेरो साथी छिमी शेर्पाले लिई दिएकाले के कसो हो, मलाई थाहा भएन, मलाई सक्कली नै भनी दिएको हो, नक्कली भन्ने थाहा थिएन" भनी बयान गरेको देखिन्छ । उच्च माध्यमिक शिक्षा परिषद्को पत्र तथा सिद्धार्थ वनस्थली इन्स्टिच्युटको पत्र बेहोरासमेतको खण्डन गरी ती कागजातहरू सक्कली हुन् भनी जिकिर लिन सकेको देखिँदैन । प्रमाणबाट उक्त विवादित

प्रमाणपत्रहरू नक्कली नै रहेको पुष्टि हुन आएको देखिने।

२०५३ सालमा नै उक्त नक्कली प्रमाणपत्रहरू बनाई प्रयोग गरी सोबाट फाइदा लिने उद्देश्यले सँगसाथमा राखी हिँडेको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भइरहेको अवस्थामा बरामद भएका उक्त नक्कली सर्टिफिकेटहरू प्रतिवादी टासी तुण्डुपले आफैँ किर्ते गरी तयार गरेको तथ्य प्रमाणित हुन आएको नदेखिए पनि लिखत तयार गर्न लगाउने र सो किर्ते कार्यको लाभ वा प्रतिफल प्राप्त गर्ने व्यक्ति पनि यिनै प्रतिवादी टासी तुण्डुप शेर्पा भएको देखिँदा निजले गरेको कार्यलाई मुलुकी ऐन, किर्ते कागजको महलको ११ नं. बमोजिमको कसुर मान्नु पर्ने देखिने।

अतः प्रतिवादी टासी तुण्डुप शेर्पाले मुलुकी ऐन, किर्ते कागजको १ नं, ९ नं. तथा ११ नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा निजलाई उक्त ११ नं. बमोजिम सजाय हुने ठहर गर्नुपर्नेमा अन्यथा ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।१२।२० को फैसला केही उल्टी भई प्रतिवादी टासी तुण्डुप शेर्पालाई किर्ते कागजको ९ नं. बमोजिम रू. ५०।- जरिवाना र तथा ११ नं. बमोजिम किर्ते गर्ने मानिसलाई हुने सजायसरह १(एक) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ / डल्लुराम चौधरी

इति संवत् २०७४ साल पुस २६ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७१-CR-०६५३, चोरी, *नेपाल सरकार वि. विवेक बस्नेतसमेत*

वीर अस्पतालअगाडिको बाटो एकतर्फी रहेकाले रत्नपार्क हुँदै शहिदगेटतर्फबाट घुमाई लैजानु पर्ने अवस्थामा कात्यायनी चोकमा साथीलाई भेटी उक्त मोटरसाइकल निज सवारी धनीलाई फिर्ता दिने मनसायले जाँदै गरेको अवस्थामा यी प्रतिवादीहरूलाई नियमित चेक जाँचको क्रममा प्रहरीले समातेको कुरा यी प्रतिवादीहरूको बयान बेहोराबाट देखिन्छ । यी प्रतिवादीहरूले लगेको मोटरसाइकल अरू कसैलाई थाहा जानकारी नदिने उद्देश्यले कहीँकतै लुकाइछिपाई राखेको तथा सो मोटरसाइकलको संरचना परिवर्तन गरी बेइमानीका नियतले लगेका थिए भन्ने कुराको प्रस्ट आधार अभियोजन पक्षले कहीँकतै खुलाउन सकेको नपाइने।

फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने व्यवस्था प्रमाण ऐन, २०३१ को दफा २५ ले गरेको पाइन्छ। प्रतिवादीउपर आरोपित कसुर विश्वसनीय तवरले प्रमाणित गर्ने भार अभियोजन पक्षको हुन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू विवेक बस्नेत र मेघराज भन्ने संजीव डाँगीले बेइमानीका नियतले मोटरसाइकल चोरी गरी लगेको भन्ने कुरा अभियोजन पक्षले पुष्टि गर्न नसकेको अवस्थामा अनुमानकै आधारमा यी प्रतिवादीहरू कसुरदार हुन् भनी भन्न नमिल्ने हुँदा यी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ उपर्युक्त विवेचित आधार र कारणबाट प्रतिवादीहरू विवेक बस्नेत र मेघराज भन्ने संजिव डाँगीलाई मुलुकी ऐन, चोरीको १ नं. को कसुरमा सोही ऐनको १२ नं. बमोजिम पहिलो पटक जनही १ महिनाका दरले कैद र बिगोबमोजिम रू.१,५०,०००।– जरिवाना हुने ठहरी भएको सुरू काठमाडौं जिल्ला

अदालतको मिति २०६९।२।१७ को फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।१।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल पुस २३ गते रोज २ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CI-००१६, सिमाना हस्तक्षेप हटाई पाऊँ, *कृष्णबहादुर शाहीसमेत वि. हिरामनी जैसीसमेत*

हाल मुलुकमा भएको राजनीतिक परिवर्तन र नयाँ संविधान जारी भएपछि संघीय शासन व्यवस्था लागु भई सोअनुसार स्थानीय तहको पुनर्संरचनासमेत भए गरेको अवस्था छ। स्थानीय तहको पुनर्संरचनापश्चात वडा सिमानासम्बन्धी विवाद भएका यी दुवै गा.वि.स. र यी वडाहरूसमेत मिलेर भेरी मालिका नगरपालिका भएको भन्ने खुल्न आएको छ । यसरी वर्तमान अवस्थामा बनेको भेरी मालिका नगरपालिकाको वडा सिमाना के कसरी कायम गरिएको छ भनी यकिन गर्नुपर्ने अवस्था यहाँ उत्पन्न भएको छ। यही सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३, ४, ५ र ६ समेतको कानूनी व्यवस्थासमेतलाई दृष्टिगत गरी विवादको स्थायी रूपमा न्याय निरूपण गर्न आवश्यक देखिन आउने।

स्थायी रूपमा न्याय निरूपण गर्नका लागि अदालतबाट भएको नक्सा र अन्य वडा विभाजनसम्बन्धी राजनीतिक क्षेत्र विभाजनसम्बन्धी नक्सासमेत हेरी सम्बन्धित पक्षहरू बुझी निर्णय गर्नुपर्नेसमेत भएबाट यो कार्य स्थानीय तहको सुरू जिल्ला अदालतबाट नै गर्दा बढी यथार्थ परक र वस्तुनिष्ठ हुने।

अतः उल्लिखित पृष्ठभूमिसमेतका आधारहरूबाट सुरू जाजरकोट जिल्ला अदालतबाट मिति २०६७।१०।२४ मा भएको फैसला नमिलेको भनी बदर गरी पुनः जे जो बुझ्नुपर्ने हो बुझी सुरू जिल्ला अदालतबाट निर्णय गर्नु भनी पुनरावेदन अदालत सुर्खेतबाट मिति २०६८।१२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल पुस २० गते रोज ६ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CI-००४१, अंश, *रत्न तामाङ वि. चन्द्रबहादुर तामाङ*

सगोलमा रहँदा पनि सगोलका व्यक्तिहरूमध्ये कसै वा सबैका नाममा दर्ता हुनसक्ने हुन्छ । जग्गा दर्ता भयो भन्ने कुराले बन्डा भई हाल्यो भनिहाल्न मिल्दैन । के कसरी कुन रूप वा अनुपातमा दर्ता भयो सो हेर्नुपर्छ । यहाँ जेठा भीमबहादुरका नाममा २९ रोपनीभन्दा बढी, माइलो मानबहादुरको नाममा ७ रोपनीजति र कान्छा कुलबहादुरका नाममा १४ रोपनीजति जग्गा दर्ता भएको भन्ने मिसिल संलग्न जग्गाधनी पुर्जाबाट देखिन्छ। उल्लिखित जग्गा कित्ता र क्षेत्रफलको अनुपातलाई विचार गर्दा जग्गा नरमगरम मिलाई बराबरीका हिसाबले भागबन्डा लगाई भोगचलन गर्दै आएको भनी भन्न र मान्न मिल्ने पनि देखिएन। उल्लिखित अवस्थाको व्यवहारलाई अंशबन्डाको ३० नं. बमोजिम बन्डा भएको भन्न र मान्न पनि मिल्ने देखिएन। यस अवस्थामा यी वादीका बाबुहरूबिचमा रीतपूर्वक बन्डा भएको भनी भन्न मिल्ने अवस्था पनि नदेखिने।

वादीका बाबुहरूबिचमा लिखत पारित भई अंशबन्डा भएको नदेखिएको र सगोलमा नै रहे भएको अवस्था देखिँदा अंशियारहरूमध्ये जो जसका नाममा जे जति जग्गा दर्ता भएको भए पनि सबै जग्गाहरू सगोलकै देखिन आयो । उक्त सगोलको सम्पत्तिमध्ये माइलो मानबहादुर तामाङले आफ्नो नाममा दर्ता भएको जग्गाहरूमध्ये कि.नं.१३९० को जग्गा मिति २०५२।३।११ मा हालैको बकसपत्र लिखत पारित भई जेठो धनबहादुरको बुहारी दामोरानी तामाङका नाममा गएको देखिन्छ । यसरी उक्त कित्ता जग्गा अंशियाराबाहेक अन्य व्यक्तिको नाममा हक हस्तान्तरण भई गएको अवस्था नभई सगोलको अंशियाराभित्र गई रहे बसेको देखिँदा सो जग्गासमेत सगोलको सम्पत्ति नै मान्नुपर्ने र सोसमेत बन्डा लाग्ने नै देखिने ।

अतः उल्लिखित आधार कारणसमेतबाट कानूनबमोजिम वादी प्रतिवादीबाट बन्डा गर्नुपर्ने श्रीसम्पत्तिको तायदाती फाँटवारी लिई बन्डा छुट्याई दिन दुवै पक्षलाई तारेख तोकी मिसिल सुरू जिल्ला अदालतमा पठाई दिने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।८।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल पुस २० गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६९-CI-००४२, अपुताली नामसारी हक कायम, *दामोरानी तामाङसमेत वि. नङसल तामाङ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-१०२०, उत्प्रेषण, *मु.स. गर्ने आस महम्मद मिया वि. अलि महम्मद मियासमेत*

पर्सा जिल्ला लहाबर थकरी गाउँ विकास समिति वडा नं.५ कि.नं.१२९ को ज.वि. ०-१६-५ जग्गा कित्ताकाट भई कि.नं.२५५ मा ज.वि.०-३-७, कि.नं.३०७ मा ०-०-४ तथा कि.नं.३०५ मा ०-१२-१७ जग्गा कायम भएकोमा नहरमा परेकोबाहेक सम्पूर्ण जग्गा नयाँ नापीबाट नक्सा नं.११३।०२९८ कि.नं.२१४ क्षेत्रफल ०,४७२५ वर्गमिटर कायम भएको जग्गाको जग्गाधनी शम्भुप्रसाद नुनिया र मोही इसाक मिया धुनिया रहेको कुरा विवाद देखिएन । यसरी दर्तावाला मोहीको मृत्युपश्चात् एकासगोलको निजको श्रीमती ओतिजन खातुन र छोराहरू विपक्षी अलि महमद मिया र निवेदक आस महमद मिया र साह महमद रहेको भन्ने देखिन्छ । विपक्षी छोरा अलि महमदले आमा ओतिजनको मृत्यु भइसकेको भनी मोही नामसारी गरिपाउँ भनी निवेदन दिएकोमा मिति २०६६।३।७ मा भूमिसुधार कार्यालयमा जग्गाधनी र अलि महमदबिच मिलापत्र भई बाबुको नामको मोहियानी हक विपक्षी अलि महमदको नाममा नामसारी भएको देखिन्छ । यसरी जिउँदो आमालाई मरेको भनी बेहोरा उल्लेख गरी भएको मिलापत्र बदर गरिपाउँ भन्नेसमेत बेहोराको भूमिसुधार कार्यालयमा र जिउँदो मानिसलाई मरेको भनी मोही मिलापत्र गरी जालसाज गरे भन्ने मुद्दा ओतिजन खातुनले जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा मिति २०६६।३।७ मा भूमिसुधार कार्यालयमा भएको मिलापत्र जालसाज ठहरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।७।१५ मा फैसला भएको देखिन्छ । सोउपर अलि महमदले (०६९-RI-१२४६) को मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन दिएकोमा यस अदालतबाट मिति २०७०।६।१७ मा निस्सा प्रदान नगर्ने निर्णयसमेत भएको देखिने ।

अदालतबाट भएको फैसलाबाट मिति

२०६६।३।७ मा भएको मिलापत्र जालसाज ठहरी शून्य घोषित भएपछि पनि भूमिसुधार कार्यालयमा चलेको मिलापत्र बदर मुद्दामा २०७१।१०।२२ मा फैसला हुँदा भने मिलापत्र बदरतर्फको वादीदाबी नपुग्ने भनी ठहर भएको पाइयो। अदालतबाट जालसाजी ठहर भई शून्य कायम भएको मिलापत्र भूमिसुधार कार्यालयको फैसलाले कायम रहन जाँदा उक्त मिलापत्रबाट भएको जग्गाधनी र मोहीबिचमा भएको जग्गाको बाँडफाँड पनि कायमै रहने स्थिति देखिने।

भूमिसुधार ऐन, २०२१ को दफा २६(क) देखि दफा २६(घ) (४) सम्म उल्लिखित व्यवस्थाबमोजिम जग्गाधनी र मोहीबिच भएको शून्य घोषित मिलापत्रबमोजिमको भएको कार्य कायम रहन जाने स्थिति न्यायसङ्गत देखिएन । शून्य घोषित मिलापत्रबमोजिम भएका कार्य स्वतः बदर हुने नै हुन्छ। जालसाजी मुद्दाबाट मिलापत्र जालसाजी ठहर भएपछि सो मिलापत्रबमोजिम भएका काम कारबाही पनि स्वतः बदर हुने हुन्छ । परिणामतः भूमिसुधार कार्यालयबाट भएको मोहियानी हक बाँडफाँड गरी अलि महमदका नाममा कायम भएको स्रेस्ता कायम रहन सक्ने पनि देखिएन। तर भूमिसुधार कार्यालयबाट मिलापत्र बदरतर्फको दाबी नपुग्ने ठहरी फैसला भएको हुँदा जग्गाधनी र मोहीबिच भएको जग्गा बाँडफाँड कायम हुन जाने हुन्छ । सो बाँडफाँडको कार्यको निर्णयउपर पुनरावेदनसमेत नलागी अन्तिम रहने भन्ने भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(च) मा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ख, २६ग, २६घ, २६घ.२ र २६ङ बमोजिम तोकिएको अधिकारीले गरेको निर्णयउपर कुनै अदालतमा पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था भएबाट प्रभावकारी उपचारको अभावमा निवेदक रिट क्षेत्रमा निवेदक प्रवेश गर्न पाउने नै देखियो। मोही हक बन्डा हुने व्यवस्था भएपछि मोही हक निष्कासन नहुने भनी लोकनाथ उपाध्याय विरूद्ध देवीमाया भट्टराईसमेत भएको (ने.का.प. २०६२, अङ्क ६, नि.नं.७५४९) मोहीबाली मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादन भई फैसला भइरहेको पनि छ। यस अवस्थामा निवेदकको नेपालको अन्तरिम संविधानको धारा १९ द्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हक हनन् हुन गएको पाइँदा भूमिसुधार कार्यालयको मिति ०७१।१०।२२ को निर्णय त्रुटिपूर्ण देखिन आउने।

अतः उपर्युक्त आधार कारणहरूबाट जग्गा धनी शम्भुप्रसाद नुनियाँ र अलि महमद मियाँबिच भएको मोही बन्डासम्बन्धी मिति २०६६।३।७ को निर्णय बदर गरिपाउँ भन्ने फिराद परेकोमा यी रिट निवेदकको माग दाबीबमोजिम दाबी नपुग्ने गरी भूमिसुधार कार्यालयबाट मिति २०७१।१०।२२ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब सबै सम्बद्ध पक्षहरूलाई बुझी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी भूमिसुधार कार्यालयको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

इति संवत् २०७५ साल माघ १६ गते रोज ४ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०६७५ र ०७४-RC-००७० (साधक), कर्तव्य ज्यान, *नेपाल सरकार वि. काजीबहादुर दर्जीसमेत र नेपाल सरकार वि. काजीबहादुर दर्जीसमेत*

प्रस्तुत मुद्दाको प्रमाणहरूको समग्र मूल्याङ्कनबाट देखिएका तथ्यहरूबाट मृतक

मनमायाले प्रतिवादीहरूउपर अत्यधिक उत्तेजित हुने किसिमको कार्य गरेको नदेखिएको, निज मृतकउपर पटकपटक कोदालो एवम् हातले प्रहार गरी घाँटी थिचिएको, निजको लास हेर्न नपाउने वातावरणको सिर्जना गरिएको, गाउँलेहरूलाई बिरामीको कारणले मृत्यु भएको भनी ढाँटिएको अवस्था छ। वृद्ध आमालाई हेरविचार नगरेको कारण निज १२ वर्ष छोरीकहाँ बसेको भन्ने पनि खुल्न आएको र दमको बिरामी भइसकेकी वृद्धलाई कर्तव्य गरी मारेपछि गाउँलेहरूलाई मलामी लग्न मात्र संलग्न गराएको र गाउँलेहरूलाई पनि पछि मात्र प्रतिवादी छोरा बुहारीको कर्तव्यले मृतकको मृत्यु भएको भन्ने थाहा भएकोसमेतका आधार कारणहरूले प्रस्तुत मुद्दामा निज प्रतिवादीद्वयउपर अ.बं.१८८ नं.को प्रयोग गरी कम सजाय गर्न पर्ने अवस्थाको विद्यमानता देखिन नआउने।

अतः उल्लिखित विवेचित आधार कारणबाट प्रतिवादी चित्रदेवी दर्जी र काजीबहादुर दर्जीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादीहरू छत्रबहादुर दर्जी, डम्बरबहादुर परियार, कपुर भन्ने दिपबहादुर परियार, गोरे परियार, भुवन परियार र जङ्गबहादुर परियारलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक / वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। जन्मकैद भइसकेको अवस्थामा थप कैद सजाय गर्नुको औचित्य पुष्टि हुन नसक्ने।

प्रतिवादी चित्रदेवी दर्जी परियार र काजीबहादुर दर्जीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ गतेदेखि लागू भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ४०(२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्दछ भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्नेछ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने उल्लेख गरेको र उक्त ऐनहरू २०७५।५।१ गतेदेखि लागू भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू चित्रदेवी दर्जी परियार र काजीबहादुर दर्जीलाई सर्वस्वको सजाय नहुने भई निजहरूलाई जन्मकैदसम्म सजाय हुने र निज प्रतिवादीहरूको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल माघ २२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CR-०६६२, यातना क्षतिपूर्ति, *रामनारायण चौधरी वि. प्रमोद रायसमेत*

फिराद जिकिरलाई क्षतिपूर्तिको प्रयोजनार्थ रकम प्रमाणित गर्न सक्ने वस्तुनिष्ठ र बलियो प्रमाणको आवश्यक हुन्छ । यस्ता प्रमाणहरूको अभाव रहेको अवस्थामा पीडितलाई दाबीबमोजिम नै क्षतिपूर्ति भराई दिन मिल्ने अवस्था नदेखिने ।

नियन्त्रणमा आइसकेका निहत्था व्यक्तिउपर लात, मुक्का लट्ठी, हतियारका कुन्दासमेतले हिर्काउँदै लग्ने प्रवृत्ति निरूत्साहित गर्न, त्यस्तो व्यवहार देखाउन सरकारी कर्मचारीलाई पहिचान गरी कानूनको दायरामा ल्याई कारबाही गर्न सम्बन्धित अधिकृतहरू तथा निकाय सचेत हुनै पर्ने ।

अधिकार छ भन्दैमा अत्यधिक शारीरिक बलको प्रयोग कुनै पनि बहानामा स्वीकार्य हुन सक्दैन । यातना मानवताविपरीत कार्य भएकाले यस्ता घटना दोहोरिन नदिन तथा घटना विशेषमा यातनामूलक तरिकाबाट अनावश्यक रूपमा अत्यधिक शक्तिको प्रयोग गर्नेको पहिचान गर्ने गराउने र आफ्नो जानकारीलगायत सञ्चार माध्यमबाट उजागर हुने घटनाका सम्बन्धमा त्यसको अभिलेख राख्ने विषयमा समेत प्रहरी कर्मचारी र संगठनलगायत अन्य निकायसमेत सचेत र सजग हुनु भनी ध्यानकर्षण हुनु आवश्यक हुने ।

अतः विवेचित आधार, कारणबाट यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ६(१) बमोजिम वादीलाई नेपाल सरकारबाट रू.१५०००।– (पन्ध्र हजार) क्षतिपूर्ति भराइदिने र प्रहरी कर्मचारीलाई विभागीय कारबाही गर्न नपर्ने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०६८।२।१९ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल साउन १३ गते रोज १ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-१३१३, वैदेशिक रोजगार कसुर, *ईश्वर के.सी. वि. नेपाल सरकार*

वैदेशिक रोजगारमा पठाइदिने भनी कागज गर्ने पुनरावेदक प्रतिवादीले गरिदिएको लिखत नै प्रस्तुत मुद्दामा वादी पक्षले पेस गरेकोमा सो लिखतलाई प्रतिवादीले समेत स्वीकार गरी अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा पुनरावेदक प्रतिवादीले विदेश अस्ट्रेलिया पठाइदिन भनी जाहेरवालाबाट रकम बुझिलिएको कुरा लिखत प्रमाणबाट प्रमाणित हुन आयो । वैदेशिक रोजगारको व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र नभएका व्यक्तिले विदेश पठाइदिन्छु भन्ने बेहोराको कागज लेखी सहिछाप गरिदिई रकम लिएको र सोबमोजिम जाहेरवालालाई विदेश पठाउन नसकेको अवस्थामा उक्त लिखत करकापमा तयार भएको तथा जाहेरवालाहरू र अर्का प्रतिवादीबिचमा भएको कारोबारमा आफू बेकारमा मुछिएको मात्र हो भन्ने जिकिरबाट मात्र उक्त लिखतको आधारमा रकम लिई जाहेरवालालाई विदेश पठाउन नसकी स्थापित हुने वैदेशिक रोजगार कसुरबाट उन्मुक्ति पाउने अवस्था हुन सक्दैन । यस्तो अवस्थामा प्रतिवादी वैदेशिक रोजगारको कसुर गरेको तथ्य पुष्टि भइरहेकोले अभियोग दाबीको कसुरबाट उन्मुक्ति पाउनु पर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवम् बहस जिकिरसँग समेत सहमत हुन नसकिने ।

अतः वैदेशिक रोजगार व्यवसायको इजाजत पत्र नै नभएका प्रतिवादी ईश्वर के.सी.ले जाहेरवालाबाट अस्ट्रेलिया पठाउन भनी रकम बुझिलिएर सो मुलुकमा

नपठाएको तथ्य प्रमाणित भई निजले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिएको र बिगोको हकमा अभियोग दाबी नरहेकोले निज प्रतिवादीलाई ऐ. ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद सजाय र रू.१,५०,०००।- जरिवाना गर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

विवेचित आधार प्रमाणबाट प्रतिवादी ईश्वर के.सी. लाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर अपराधमा सोही ऐनको दफा ४३ अनुसार १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।८।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल असार २१ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०६८-CR-००३०, हातहतियार खरखजाना, *नेपाल सरकार वि. पाँचु सहनीसमेत*

प्र.ना.नि.मखनप्रसाद यादव र प्रहरी हवल्दार लोकनारायण श्रेष्ठले मिति २०६५।३।१४ मा प्रतिवादीहरू पाँचु सहनी, प्रविन्द्रकुमार सहनी र विद्यानन्द सहनीको साथबाट हातहतियार बरामद भएको हो भनी प्रतिवेदन दिएको देखिन्छ । मिति २०६५।३।१४ को बरामदी मुचुल्का दर्जा पुगेको प्र.ना.नि.बाट तयार भएकोले बेरीतको बरामदी मुचुल्का भन्न मिल्ने देखिँदैन। बरामदी मुचुल्काका सबै साक्षी अड्डामा आई बकपत्र नगरे पनि बरामदी मुचुल्काका सम्बन्धमा प्रतिवेदन दिने प्रतिवेदक अदालतसमक्ष उपस्थित भई बकपत्र गरेको अवस्था छ। बरामदी तथा खानतलासी मुचुल्का गर्दा स्थानीय व्यक्तिहरूले समेत प्रतिवादीहरूको साथबाट हातहतियार खरखजाना बरामद भएको हो भनी बरामदी बेहोरालाई समर्थन गरी मुचुल्कामा हस्ताक्षर गरेको देखिन्छ । बरामदी मुचुल्काका सबैजना साक्षीले अदालतसमक्ष बकपत्र नगरेकै कारण प्रतिवादीले सफाइ पाउने आधार हुन सक्दैन। सहअभियुक्तले गरेको बयानको आधारमा अरू अभियुक्तलाई सजाय हुने तर स्वयम् सहअभियुक्तहरू कसुरमा साबित रही निजहरूको साथबाट हतियार बरामद भए पनि निजहरूलाई सजायमा छुट हुने गरी प्रशासनिक अधिकारीले गरेको निर्णयलाई न्यायकर्मीले समग्रतामा सतर्कताका साथ विचार गर्नु वाञ्छनीय हुने।

हातहतियारजस्तो पूर्णदायित्व Strict liability भएको फौजदारी कसुरमा जसबाट हातहतियार बरामद हुन्छ त्यस्ता व्यक्तिहरूमाथि कानूनले कठोर रूपमा अपराधको दायित्व तोकेको हुन्छ । आफ्नो साथबाट हतियार बरामद भएको होइन भनी प्रमाणित गर्ने भार प्रतिवादीमा रहिरहन्छ। प्रतिवादीहरूको साथबाट हातहतियार बरामद भएको अवस्थामा सो तथ्यलाई खण्डित हुने आधार प्रमाण प्रतिवादीहरूबाट पेस गर्न नसकेको अवस्थामा निज प्रतिवादीहरूले मौकामा गरेको साबिती बयानलाई अन्यथा मान्नुपर्ने हो कि भन्ने अवस्थाको समेत विद्यमानता नदेखिने।

अतः मिसिल संलग्न बरामदी मुचुल्का, प्रतिवादीहरूको मौकाको साबिती बयान, बरामदी मुचुल्काका सम्बन्धमा दिइएको प्रतिवेदन र सो प्रतिवेदनलाई समर्थन हुने गरी प्रतिवेदकले गरिदिएको बकपत्रसमेतबाट प्रतिवादी पाँचु सहनीले बिना इजाजत हातहतियार राखेको र प्रतिवादीहरू प्रविन्द्रकुमार सहनी

र विद्यानन्द सहनीले बिनाइजाजत खरखजाना राखेको पुष्टि हुन आएबाट बरामदी मुचुल्का रीतपूर्वक नभएको, वादी पक्षले सो मुचुल्काका मुख्य साक्षी बकपत्रका लागि उपस्थित गराउन नसकेको तथा प्रतिवादीहरूको मौकाको साबिती बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन नसकेको आधारमा प्रतिवादीहरूलाई सजाय गर्न नमिल्ने भनी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिई प्रतिवादीहरू पाँचु सहनी, प्रविन्द्रकुमार सहनी र विद्यानन्द सहनीको हकमा पुनरावेदन अदालतको फैसला केही उल्टी हुने देखिने।

प्रतिवादीहरूमध्ये पाँचु सहनीले बिनाइजाजत आफूसँग हातहतियार नलकटुवा राखी हातहतियार खरखजाना ऐन, २०१९ को संशोधित दफा ३(२) को कसुर गरेकोले निजलाई सोही ऐनको संशोधित दफा २०(२) बमोजिम रू.६०,०००।- (साठी हजार रूपैयाँ ) जरिवाना हुने ठहर्छ । निजउपरको संशोधित दफा ५(१) को दाबी प्रमाणित नभएकाले ऐ.ऐनको दफा २०(३) बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादीहरू प्रविन्द्रकुमार सहनी र विद्यानन्द सहनीको साथबाट १।१ थान गोली मात्र बरामद भएको देखिँदा निजहरूले ऐ.दफा ३(२) बमोजिमको खरखजानातर्फको मात्र कसुर गरेकोले निजहरूलाई ऐ.दफा २०(३) बमोजिम जनही रू.२०,०००।- (बीस हजार रूपैयाँ) जरिवाना हुने ठहर्छ । निजहरूउपरको संशोधित दफा ५(१) को दाबी प्रमाणित नभएकाले सो पुनरावेदन जिकिर पुग्न सक्दैन । अभियोगपत्रमा प्रतिवादी विद्यानन्द सहनी नाबालक रहेको भनी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गरिपाउँ भनी माग गरेकोले निज विद्यानन्द सहनीलाई रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवाना हुने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

इति संवत् २०७५ साल माघ २१ गते रोज २ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-RC-०१२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्कबहादुर सार्की*

मिसिल सामेल रहेका उल्लिखित आधार एवम् प्रमाणहरूबाट यी प्रतिवादीले आफ्नै बाबु कर्णबहादुर सार्कीलाई हँसियाजस्तो धारिलो हतियार प्रयोग गरी टाउकोजस्तो संवेदनशील स्थानमा हानी मारी लास गाडी मनसायपूर्वक नृशंस हत्या गरेको भन्ने पुष्टि हुन आएकोले प्रतिवादी लुरे भन्ने खड्कबहादुर सार्कीले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. को कसुर अपराधमा सोही महलको १३(१) नं. बमोजिम कसुर गरेको ठहर्‍याएको सुरू स्याङ्जा जिल्ला अदालतको फैसला साधक जाँचको रोहमा सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत पोखराको फैसलालाई अन्यथा मान्न नमिल्ने।

मुलुकी ऐन, अ.बं.१८८ नं. को कानूनी व्यवस्थाबमोजिम प्रतिवादी कसुर अपराधमा साबित रहे तापनि अपराधको प्रकृतिबाट इविलाग वा मनसाय नभई त्यस्तो कसुरबाट मानिस मर्लाजस्तो नदेखिई भवितव्य हो कि भन्नेसम्मको शङ्का मिसिल कागजबाट देखिएको वा अपराध हुँदाको अवस्थालाई समेत विश्लेषण गरी इन्साफ गर्नेका चित्तले यतिसम्म सजाय गर्दा कानूनको मक्सद पूरा हुने देखेको अवस्था भए मात्र घटी सजाय तोक्न सक्ने तजबिजी किसिमको अधिकार रहेको देखिने।

मुद्दाको तथ्यगत अवस्था हेर्दा प्रतिवादीले आफ्नै बाबुलाई हँसियाजस्तो धारिलो हतियारले झटारो हानी सोपश्चात् बाबु रोई कराई गरेपछि बुबा सुतेको ठाउँमा नै गई झटारो हानेको हँसियाले पुनः पटकपटक टाउकोसमेतमा प्रहार गरेको, बाबुको मृत्यु भएपश्चात् आफ्नो घरको बारीमा खाल्डो खनी लासलाई सो स्थानमा गाडी निज गाउँतर्फ गई पछि पक्राउ परेको देखिन्छ। निजले हत्या मनसायपूर्वक गरेको भन्ने पुष्टि भएको र हत्या पनि आफ्नो वृद्ध बुबालाई धारिलो हत्यारले पटकपटक प्रहार गरी अपराध लुकाउन भनी लास गाडेको देखिन्छ। घटना वारदात घटिसकेपछि मौकामा आफन्तसमेतलाई घटनाको यथार्थ बेहोरा नबताई आफू अपराधबाट उम्कन सकिन्छ कि भन्ने दुष्प्रयास गरी लास फालेको भोलिपल्ट आफूले लास देखेको भनी मृतकका परिवारलाई खबर गर्नुका साथै आफूले गरेको कसुर अपराधप्रति पश्चाताप नगरी अपराध लुकाउने दबाउने नियतले मानिस मरिसकेपछि लासलाई आफ्नै बारीमा खाल्डो खनी पुरेको तथा हँसियाजस्तो धारिलो हतियारले टाउकोलगायतका स्थानमा पटकपटक प्रहार गरी नृशंस तवरबाट कर्तव्य गरी मारेको मिसिल संलग्न कागजातहरूबाट देखिएको अवस्थामा अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद गर्ने गरी सुरू अदालतले व्यक्त गरेको रायसँग असहमत भएको पुनरावेदन अदातल पोखराको फैसला मिलेकै देखिन आउने।

तसर्थ, विवेचित आधार कारणसमेतबाट सुरू स्याङ्जा जिल्ला अदालतले प्रतिवादी लुरे भन्ने खड्कबहादुर सार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहऱ्याएको फैसला साधक जाँचको रोहमा सदर गरी सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भनी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष सजाय हुने गरी व्यक्त गरेको रायसँग असहमत भई गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।१०।२८ को सर्वस्वसहित जन्मकैदको फैसला साधक जाँचको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-RC-०१६२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिपेस राई*

मिति २०७३।४।३ गते राति १२ बजेको समयमा आफ्नै घरबाट फलामको पाइप बोकी रामबहादुर राईको घरमा पैसा चोर्न गएको थिएँ। निजले मलाई चिनेकोले सोही फलामको पाइपले टाउकोमा प्रहार गरी मारेको हुँ। निजको घरबाट मोबाइल र रूमालमा राखेको चानचुने ढक्की पैसा लिएर आएँ। पूर्वयोजनाअनुसार म एक्लैले निज रामबहादुर राईलाई मारेको हुँ भनी घटना वारदातको सम्बन्धमा क्रमबद्धरूपमा सविस्तारपूर्वक उल्लेख गरी कसुर अपराधमा साबित भई अनुसन्धान अधिकारी एवम् अदालतसमक्ष प्रतिवादीले बयान गरेको देखिन्छ। प्रतिवादीको उक्त साबिती बयान बेहोरालाई मिसिल संलग्न रहेको घटनास्थल मुचुल्का, वस्तुस्थिति मुचुल्कामा बस्ने व्यक्तिहरूको भनाई, मृतकको लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीले देखाएको स्थानबाट बरामद भएको मृतक रामबहादुर राईको साथबाट वारदातपश्चात् ल्याएर राखेको डलर तथा रूमाल, मृतक रामबहादुर राईको सिम विनाको क्यामरावाला नोकिया मोबाइल तथा लम्बाई १६ इन्च, गोलाइ ४ इन्च भएको फलामको पाइप (सोते) अलगअलग स्थानमा फेला परेको भन्ने बरामदी मुचुल्का, प्रतिवादीले नै फलामको

पाइपले हानी मृतकलाई मारेको हो भनी वस्तुस्थिति मुचुल्काका मानिस युगराज राई, मानप्रसाद राई तथा दिलमान राईले सुरू अदालतमा गरेको बकपत्रसमेतका कागजातहरूले पुष्टि एवम् प्रमाणित गरेको देखिने।

अतः प्रतिवादीले मौका तथा अदालतसमक्षको बयानमा आफूले मृतकलाई फलामको सोतेले टाउकोलगायत शरीरका यत्रतत्र भागमा सातपटक प्रहार गरी मृतकलाई मारी मृतक छटपटाउन छोडेपछि मृतकको मोबाइल तथा नगदसमेत लिई घरमा गई सुतेको भनी अभियोग दाबीलाई पुष्टि हुने गरी बेहोरा लेखाइदिएको तथा शव परीक्षण प्रतिवेदन र घटनास्थल मुचुल्काबाट समेत प्रतिवादीउपरको अभियोग दाबी पुष्टि भएको देखिँदा सोसमेतका आधार तथा प्रमाणहरूसमेतबाट प्रतिवादी प्यान्टे भन्ने दिपेस राईलाई ज्यानसम्बन्धी महलको १ नं. १३(३) नं. तथा चोरीको महलको १, ४ र १२ नं. को कसुरमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको महलको १२ नं. अनुसार बिगोबमोजिम रू.५,९६९।- जरिवाना र एक महिना कैद हुने ठहऱ्याई सुरू भोजपुर जिल्ला अदालतबाट मिति २०७३।५।२१ मा भएको फैसला साधक जाँचको रोहमा सदर गरेको उच्च अदालत विराटनगर धनकुटा इजलासको मिति २०७२।११।१८ को फैसला साधक जाँचको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उदवीर नेपाली

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-RC-०१७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हेमकुमार राई*

वारदातको रातमा गुप्तेश्वर मेला भर्न गएका तथा कुटपिटको वारदातमा छुट्ट्याउन खोज्दा स्वयम् घाइते भएकामध्ये मौकामा अनुसन्धानको क्रममा घटना विवरण कागज गर्ने प्रत्यक्षदर्शी डिकबहादुर राई तथा भक्तबहादुर राई र वारदातमा मृतकसँगै रहेकी मृतककी श्रीमती मनकुमारी राईले मृतकलाई प्रतिवादी ह्यामसेर राईले आपसमा झगडा हुँदा साथमा रहेको चुप्पीले टाउको र पेटमा प्रहार गरी घाइते बनाएकोले उपचारको लागि अस्पताल लाँदै गर्दा मृतकको मृत्यु भएको र प्रतिवादी भागी गएका हुन् भनी प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको तथ्यलाई किटानीसाथ लेखाएको पाइन्छ भने घटना विवरण कागज गर्ने पर्शबहादुर कटुवाल, पूर्णबहादुर मल्ल, पदमबहादुर राई तथा वस्तुस्थिति मुचुल्कामा बस्ने बखतबहादुर राई, बलबहादुर राई, छनकबहादुर राईसमेतले यिनै प्रतिवादीले प्रहार गरेको चुप्पी प्रहारबाट मृतकको मृत्यु भएको हो भन्ने बेहोरा लेखाएको देखिन्छ। मृतक र प्रतिवादीबिच मेलामा दोहोरो भिडन्त भएको, प्रतिवादीले मृतकलाई चुप्पी प्रहार गरी घाइते बनाई सोही चोटले मृत्यु भएको हो भनी जाहेरी बेहोराको समर्थनमा जाहेरवाला नहलबहादुर राईले अदालतमा समेत उपस्थित भई बकपत्र गरेको देखिन्छ भने घटना वारदातमा प्रत्यक्षदर्शी रहेकी मृतककी श्रीमती मनकुमारी राईले आफ्नो साथैमा रहेका श्रीमान्लाई यिनै प्रतिवादीले चुप्पीले प्रहार गरी सख्त घाइते बनाई सोही चोटले मृत्यु भएको हो भनी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ। त्यसैगरी घटना विवरण कागज गर्ने पर्शबहादुर कटुवाल तथा पूर्णबहादुर मल्लले यिनै प्रतिवादीले मृतकलाई चुप्पीले प्रहार गरेको आफैँले देखेको हो भनी अदालतमा उपस्थित भई बकपत्र गरिदिएको पाइन्छ। जाहेरवाला एवम् घटना विवरण कागज गर्ने व्यक्तिहरूले अदालतमा उपस्थित भई मौकामा व्यक्त गरेको कुरालाई समर्थन

हुने गरी गरेको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १०(१) ले प्रमाणमा लिन मिल्ने नै देखिँदा यिनै प्रतिवादीले मृतकलाई चुप्पी प्रहार गरी घाइते बनाएको र सोही चोटको कारण मृतकको मृत्यु भएको देखिएकोले आफूले मृतकलाई कर्तव्य गरी मारेको होइन भन्ने प्रतिवादीको इन्कारी बयान स्वीकार्य देखिन नआउने।

घटनास्थल मुचुल्का, वस्तुस्थिति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादीउपरको किटानी जाहेरी, सो जाहेरीको समर्थनमा भएको जाहेरवालाको बकपत्र, वारदातमा सँगसाथैमा रहेकी मृतकका श्रीमती मनकुमारीको किटानी बकपत्रसमेतका मिसिल संलग्न रहेका प्रमाणहरूबाट यिनै प्रतिवादीले चुप्पी प्रहार गरी मृतकको मृत्यु भएको पुष्टि भएकोले सोसमेतका आधारहरू ग्रहण गरी यी प्रतिवादीले अभियोगपत्र मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(१) नं.को कसुरमा ऐ. १३(१) नं. बमोजिम जन्मकैद गरेको सुरू फैसला सदर हुने ठहऱ्याई भएको पुनरावेदन अदालत राजविराजको मिति २०७३।५।३ फैसला साधक जाँचको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-RC-००१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गगन गुरूङ*

प्रतिवादीले सँग साथमा रहेकी ८५ वर्ष उमेरकी आफ्नै हजुरआमालाई आगोमा धकेली लडाइ आगोबाट निकाली नजिकै रहेको डाडुपन्यूले हिर्काई दुवै आँखासमेत फुटाई शरीरका विभिन्न भागमा प्रहार गरेको तथ्य लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट देखिन्छ। ८५ वर्षीय वृद्धालाई आगोमा धकेलिदिँदा मृत्यु हुनसक्ने र धकेलेपश्चात् पनि निजको शरीरमा चढी डाडुपन्यूले आँखासमेत फुटाई दिएको र शरीरमा यत्रतत्र हिर्काई चोट पुऱ्याएकोसमेत देखिँदा प्रतिवादीको मृतकलाई मार्ने नै मनसाय रहेको देखिँदा प्रतिवादीले पुनरावेदन अदालतमा पुनरावेदन गर्दा लिएको उक्त जिकिर मनासिब देखिन नआउने।

अतः प्रतिवादीउपरको किटानी जाहेरी, जाहेरीको समर्थनमा जाहेरवालाले अदालतमा गरेको बकपत्र, कसुर अपराधमा साबित भई प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवम् अदालतमा गरेको बयान, घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, लास प्रकृति मुचुल्कासमेतका मिसिल संलग्न प्रमाणहरूबाट मृतकको मृत्यु यिनै प्रतिवादी गगन गुरूङको कर्तव्यबाट भएको पुष्टि भएको देखिँदा सोसमेतका आधार र कारणबाट प्रतिवादीलाई अभियोगपत्र माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं . विपरीतको कसुरमा ऐन, महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू गोरखा जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराले गरेको मिति २०७३।१।२० को फैसला साधक जाँचको रोहमा मिलेकै देखिँदा सो फैसला सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

## इजलास नं. १६

**मा.न्या.श्री तेजबहादुर के.सी., र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७१-CI-१४९७, ०७२-CI-

०२४८, परमादेश, *काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वार्डका तर्फबाट अधिकारप्राप्त निर्देशक संजीव विक्रम राणा वि. मानरत्न तुलाधर, जिल्ला प्रशासन कार्यालय, काठमाडौं वि. मानरत्न तुलाधर*

विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले रिट निवेदक मानरत्न तुलाधरले यस कार्यालयमा जग्गाप्राप्ति ऐन, २०३४ को दफा ३४ बमोजिम जग्गा फिर्ताको लागि निवेदन पेस गरेको देखिएन भनी लिखित जवाफ फिराए तापनि निवेदक मानरत्न तुलाधरले प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई सम्बोधन गरी खानेपानी बोरिङ गर्न कपन ३झ को कि.नं.२९ र ३० हाल कित्ताकाट भई कायम कि.नं.४६२ र ४५९ को जग्गा अधिग्रहण भएकोमा बिचैमा काम छाडेकोले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३४ अनुसार जग्गा फिर्ता पाउँ भन्ने बेहोरा उल्लेख गरी निवेदन दिएकोमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट अध्ययन गरी पेस गर्नु भनी मिति २०६९।७।२ मा तोक आदेश भएको मिसिल संलग्न कागजातहरूबाट देखिन आयो । यस अवस्थामा रिट निवेदकले जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३४ अनुसार जग्गा फिर्ताको लागि निवेदन पेस नगरेको भन्ने जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ खण्डित भएको अवस्था देखिने ।

निवेदकले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दिएको मिति २०६९।७।२ को अधिग्रहण भएको जग्गा फिर्ता पाउँ भन्ने निवेदनउपर जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट कारबाही भएको अवस्था मिसिलबाट देखिन आउँदैन । आफ्नो कार्यालयमा परेको निवेदन क्षेत्राधिकारभित्रै रहे भएको अवस्थामा सो सम्बन्धमा उक्त क्षेत्राधिकार निकायले कारबाही र निर्णय गरी सोको उचित निकास समयमै दिनुपर्ने उक्त कार्यालयको कानूनी कर्तव्य (Legal Duty) नै रहेको देखिन आउने ।

अधिग्रहणमा परेका जग्गाहरू आवश्यक प्रक्रिया पूरा गरी निवेदकको नाउँमा फिर्ता दिनु भनी रिट निवेदकले परमादेशको माग गरेकोमा रिट निवेदकको मिति २०६९।७।२ मा परेको निवेदन सम्बन्धमा एउटा आवश्यक निकासा दिनु भनी परमादेशको आदेश जारी भएको अवस्थामा पुनरावेदन अदालत पाटनको फैसला ने.का.प.२०६८ अङ्क १२ निर्णय नं.८७३७ मा प्रतिपादित सिद्धान्तको प्रतिकूल भएको भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । अत: परमादेशको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदीपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल कात्तिक १२ गते रोज १ शुभम् ।

## एकल इजलास

१

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७५-WO-०७७८, उत्प्रेषण, *मिठुदेवी घिमिरेसमेत वि. बरूण घिमिरेसमेत*

उच्च अदालत पाटन, हेटौंडा इजलासबाट विवादित जग्गामा ४ अंशियार कायम गरी फैसला भइसकेको अवस्थामा एक अंश कायम भएका यी निवेदकले आफ्नो भागमा पर्ने सम्पत्ति बन्डा छुट्याई लिन पाउने नै देखिँदा प्रतिवादीको निवेदन लिई फैसला कार्यान्वयन गर्न नमिल्ने भनी त्यहाँ अदालतबाट मिति २०७५।९।१३ को आदेश मिलेको नदेखिँदा बदर गरी दिएको छ भनी भएको आदेश बदर गर्न माग गरी यी निवेदकले प्रस्तुत निवेदन दिएको

देखिन्छ । मिठुदेवी घिमिरे, वसन्त घिमिरे, वृहस्पति घिमिरे र बरूण घिमिरेबिच मकवानपुर जिल्ला अदालतमा अंश दपोट मुद्दा चली सुरू मकवानपुर जिल्ला अदालतबाट वादी दाबीबमोजिम अंशदपोट नठहर्ने गरी फैसला भएको देखिन्छ । उक्त मकवानपुर जिल्ला अदालतको फैसलाउपर उक्त मुद्दाका वादी वृहस्पति घिमिरेको पुनरावेदन परेकोमा सुरूले अंश दपोट ठहर नगर्ने गरेको हदसम्म सुरू फैसला सदर गरी दाबीमा उल्लिखित सगोलको बन्डा लाग्ने सम्पत्तिबाट वादीको भागसम्म वादीलाई दिलाई दिनुपर्नेमा त्यसतर्फ ठहर नगरेको हदसम्म सो फैसला मिलेको नदेखिँदा केही उल्टी भई हाल कायम रहेको अंशियारहरूमा चार अंशियार कायम गरी दाबीको कि.नं ५८६ को जग्गाबाट ४ भागको १ भाग अंश यी पुनरावेदक वादी वृहस्पति घिमिरेले पाउने ठहर्छ भनी मिति २०७४।९।२६ मा फैसला भएको देखिने ।

उच्च अदालत पाटन, हेटौंडा इजलासबाट अंश दपोट मुद्दामा भएको फैसलाबाट दाबीको कि.नं. ५८६ सगोलको बन्डा लाग्ने सम्पत्ति भन्ने देखिएको र उक्त मुद्दामा ४ चार अंशियार कायम भई बरूण घिमिरेसमेत एक अंशियार भएको नै देखिँदा बरूण घिमिरेले आफ्नो भागमा पर्नेजति सम्पत्ति बन्डा छुट्याई लिन नपाउने भन्न मिल्दैन । अंश दपोट मुद्दाको फैसलामा वादीले आफ्नो भाग छुट्याई लिन पाउने भन्ने उल्लेख भए पनि वादीसरह समान अंशियार कायम भएका अन्य अंशियारले समेत आफ्नो भागमा पर्ने जति सम्पत्ति सोही फैसलाअनुसार बन्डा छुट्याई लिन पाउने नै हुन्छ । मुलुकी देवानी कार्यविधि (संहिता) ऐन,२०७४ को दफा २४१ को उपदफा १९ मा "वादीले आफ्नो अंश पाउने ठहरी अन्तिम फैसला भएकोमा अन्य प्रतिवादी अंशियारले पनि आफ्नो अंश छुट्याई लिन दरखास्त दिएमा कानूनबमोजिम लाग्ने अदालती शुल्क लिई फैसलाबाट ठहरेबमोजिमको सम्पत्तिबाट अंश छुट्याई दिनुपर्ने" भन्ने उल्लेख भएको देखिन्छ । यस्तै खालको व्यवस्था साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ४६ को देहाय १८ मा पनि रहेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाहरूको परिप्रेक्ष्यमा प्रत्यर्थी बरूण घिमिरेले निजको अंश भागसम्म बन्डा छुट्याई लिन पाउने गरी उच्च अदालत पाटन हेटौंडा इजलासबाट भएको निर्णयबाट यी निवेदकको निवेदनमा उल्लिखित संवैधानिक हकमा असर पर्ने अवस्थाको विद्यमानता देखिन नआउने ।

तसर्थ प्रस्तुत निवेदनमा निवेदन मागदाबीबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्न पर्ने अवस्था नदेखिँदा प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाई रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ध्रुवराज कार्की

इति संवत् २०७५ साल फागुन ७ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७५-WO-०७८०, उत्प्रेषण, *शोभा शाक्य वि. भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजारसमेत*

च.नं १०७(१) मिति २०५९।७।६ पत्रबाट श्री गाउँ विकास समिति चपली भद्रकालीले बद्री खड्कालाई मोही कायम गर्न सिफारिस गरेकोमा पुनः एकै जग्गाको सम्बन्धमा हाल परिवर्तित बुढानिलकण्ठ नगरपालिका वडा नं.२ को च.नं.१३१६ मिति २०७३।८।२१ को पत्रबाट विपक्षी सन्तमाया श्रेष्ठलाई मोही कायम गर्नको लागि विपक्षी भूमिसुधार कार्यालयलाई सिफारिस गरेको कार्य स्थानीय सरकार कार्य सञ्चालन ऐन, २०७४ र भूमिसम्बन्धी ऐन तथा नियमावलीविपरीत भएकोले हाल परिवर्तित बुढानिलकण्ठ नगरपालिका वडा नं २ को च.नं.१३१६ मिति २०७३।८।२१ को पत्रबाट

विपक्षी सन्तमाया श्रेष्ठलाई मोही कायम गर्नको लागि विपक्षी भूमिसुधार कार्यालयलाई सिफारिस गरेको कार्य उत्प्रेषणको आदेशले बदर गरी कानूनबमोजिम निर्णय गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको समेत माग गरी प्रस्तुत निवेदन दिएको देखिन आउने।

निवेदकले प्रस्तुत गरेको निवेदन बेहोराबाट स्थानीय तहबाट एकै जग्गाको मोही कायम गर्ने सम्बन्धमा फरकफरक सिफारिस भएको भन्ने देखिन्छ। कथित विपक्षी मोही सन्तमाया श्रेष्ठको मोही नामसारी निवेदनमा भएको कारबाहीको क्रममा विपक्षी भूमिसुधार कार्यालयबाट सन्तमाया श्रेष्ठले जोतेको छ भनी मिति २०७५।३।३१ मा भएको स्थलगत सर्जमिनसमेत सो हदसम्म जालसाज घोषित गरिपाउँ भनी दिएको ०७५-PC-००७६ नं. को जालसाज मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता भई विचाराधीन अवस्थामा रहेको भन्ने निवेदककै निवेदन बेहोराबाट देखिन आउँछ । भूमिसुधार कार्यालयमा मोही नामसारीसम्बन्धी मुद्दा विचाराधीन रहेको र सोही मोही नामसारी मुद्दाबाट उठान भएको जालसाजी मुद्दासमेत काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको भन्ने देखिएको हुँदा उल्लिखित निकायहरूमा विचाराधीन रहेको विवादमा असर पर्ने गरी असाधारण अधिकारक्षेत्र ग्रहण गरी रिट क्षेत्रबाट हेर्न मिल्ने नदेखिने।

तसर्थ निवेदन माग दाबीबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको नदेखिँदा प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाई रहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ध्रुवराज कार्की

इति संवत् २०७५ साल फागुन ७ गते रोज ३ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति